# वर्गदृष्टि

Bargadristi Weekly साप्ताहिक

वर्ष ५ अङ्क १४ पूर्णाङ्क २०४ २०७७ असोज ५ गते सोमबार Monday, 21 Sept., 2020 पृष्ठ ८ मूल्य रू. १०।-


## कमरेड चन्द्रा थानीको निधनमा नेकपा(क्रान्तिकारी माओवादी)महासचिव क. किरणलगायत विभिन्न नेताहरूद्वारा श्रद्धान्जली व्यक्त



काठमाडौं । नेकपा(क्रान्तिकारी माओवादी) प्रदेश सदस्य, अनेमसंघ (क्रान्तिकारी)को केन्द्रीय सहसचिव, इच्छुक साँस्कृतिक प्रतिष्ठानको कार्यकारी सदस्य, अखिल नेपाल जनसाँस्कृतिक महासंघको केन्द्रीय सचिवालय सदस्य क चन्द्रा थानीको यही २०७७ भाद्र २८ गते दिउँसो ४:१५ मा उपचारको क्रममा उहाँको निधन भएको छ। उहाँ पित्त थैलीको शल्यक्रियाका लागि मेडिसिटी अस्पतालमा २०७७ *बाँकी ७ पेजमा*

# ‘एमसीसी पास भए देशको राष्ट्रिय स्वाधीनता गुम्छ’



काठमाडौं । राष्ट्रिय स्वाधीनताको रक्षाका लागि सडक संघर्ष वा आन्दोलनको नेतृत्व गर्दै आएको नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी)ले पुनः अमेरिकी साम्राज्यवादी मिसनमा आधारित मिलेनियम च्यालेन्ज कर्पोरेशन (एमसीसी) सम्झौता खारेज गर्न जोडदार माग गरेको छ। क्रान्तिकारी माओवादी लगायत देशभक्त क्रान्तिकारीहरुको सडक आन्दोलनकै दबाबका कारण संसदबाट उक्त राष्ट्रघाती सम्झौता पास हुन सकेको थिएन। सत्तारुढ डबल नेकपाभित्र पनि एमसीसी सम्झौता खारेजीका निम्ति आवाजहरु उठिरहेका थिए। तर उक्त पार्टीको पछिल्लो स्थायी समितिको बैठकले एमसीसी संसदबाट अनुमोदन गर्ने निर्णय गरेपछि एमसीसी सम्झौता संसदबाट पास हुने खतरा बढेर गएको छ। ‘संशोधन’ वा ‘परिमार्जन’ गरेर मात्र पास गर्ने भनिए पनि अमेरिकाले हुबहु पास गर्न दबाब दिइरहेको अवस्थामा संशोधन वा परिमार्जन भनेर सत्तारुढ डबल नेकपाका नेताहरुले एमसीसीको पक्षमा गम्भिर षड्यन्त्र गरिरहेको र जनतालाई भ्रमित तुल्याउन खोजेको विश्लेषण भइरहेको सन्दर्भमा क्रान्तिकारी माओवादीले एमसीसी पास गरिए देशको राष्ट्रिय स्वाधीनता गुम्ने र मुलुक शक्ति राष्ट्रहरुको युद्धभूमिमा परिणत हुने चेतावनी दिंदै एमसीसी सम्झौता हरहालतमा खारेज गरिनुपर्नेमा जोड दिएको छ।

एमसीसी संझौता हिन्द-प्रशान्त क्षेत्रमा आफ्नो हैकम विस्तार गर्न र प्रमुख प्रतिस्पर्धी चीनलाई घेराहाल्न अमेरिकी साम्राज्यवादले तयार पारेको हिन्द-प्रशान्त सैन्य रणनीतिको एउटा अभिन्न अङ्ग भएको स्पष्ट पार्दै नेकपा (क्रान्तिकारी माओवादी)ले यो सम्झौता पारित भएर लागु भएको खण्डमा देशको राष्ट्रिय स्वाधीनता गुम्ने र नेपाल अमेरिका तथा चीनका बीचको युद्धभूमि बन्न जाने चेतावनी दिएको हो। क्रान्तिकारी माओवादीका महासचिव मोहन वैद्य‘किरण’ले शनिबार (३ गते असोज, २०७७)मा जारी गरेको वक्तव्यमा भनिएको छ, “हाम्रो पार्टी, सम्पूर्ण देशभक्त नेपाली जनता र सरकारी पार्टीका देशभक्तहरुले समेत चर्को विरोध गरेका कारण एमसीसी संझौतालाई संसदबाट अनुमोदन गराउनका लागि सरकारले संसदको गत अधिवेशनमा निर्णयार्थ पेश गर्न सकेन। फेरि अहिले अमेरिकी दलालहरुले राष्ट्रिय हित विपरीत रहेका सबै बुँदाहरु परिमार्जन गराइयो भन्ने बहाना बनाई जनतामा भ्रमको खेती गरेर एमसीसी संझौतालाई संसदको आउने *बाँकी ७ पेजमा*

## बिभिन्न पार्टी परित्याग गरी १९ जना क्रान्तिकारी माओवादीमा ध्रुबीकृत



बर्दिया : बर्दियास्थित ठाकुरबाबा नगरपालिकामा बिभिन्न पार्टी परित्याग गरी १९ जना नेकपा (क्रान्तिकारी माओवादी) मा प्रबेश गरेका छन्। शनिवार ठाकुरबाबा नगरपालिका १ र २ मा सो पार्टीले आयोजना गरेको कार्यक्रममा ती ब्यक्तिहरुले पार्टी प्रबेश गरेका हुन।

कार्यक्रममा क्रान्तिकारी माओवादीका पोलिटब्युरो सदस्य भुपेन्द्र न्यौपानेले नवप्रबेशीलाई स्वागत गर्नुभएको थियो। कार्यक्रममा पार्टी केन्द्रीय सदस्य तेज बिक्रम शाही बर्दिया जिल्ला सचिब बिपीन क्षेत्रीलगायतको उपस्थिति रहेको थियो।

## कालापानी क्षेत्रमा भारतले बढायो सेना, ओलीले दिए मोदीलाई जन्मदिनको शुभकामना



काठमाडौं। कालापानी क्षेत्रबाट भारतीय सेना हटाउन र अतिक्रमित भूमि फिर्ता गराउन देशभक्त नेपाली जनताले चौतर्फी रुपमा दबाब आन्दोलन तथा अभियान सञ्चालन गरिरहेको अवस्थामा भारतीय सत्तासिन वर्गले अतिक्रमण गरेको नेपालका लिम्पियाधुरा, लिपुलेक तथा कालापानी र त्यसवरपरका क्षेत्रमा स्थल तथा वायु सेनाको उपस्थितिलाई अझै बढाउने तयारीलाई तिब्र पारेको छ।

भारतले सो क्षेत्रमा आफ्नो उपस्थिति सशक्त पार्ने योजनाका साथ नेपालसँग सीमा जोडिएको पिथौरागढसहित तीन जिल्लामा एयर डिफेन्स (हवाई प्रतिरक्षा) राडार स्थापना गर्न लागेको बुझिएको छ। नेपालका लिम्पियाधुरा, लिपुलेक र कालापानी क्षेत्रलाई भारतले अतिक्रमण गरी आफ्नो पिथौरागढ जिल्लाअन्तर्गत राखेको छ।

भारतीय सञ्चार माध्यमहरुले नेपाल र चीनसँग तनाव बढ्दै गएको अवस्थालाई मध्यनजर गर्दै त्यहाँको सरकारले अन्तर्राष्ट्रिय सीमा क्षेत्रमा पूर्वाधारलाई सशक्तिकरण गर्न लागेको उल्लेख गरेका छन्।

‘राज्य सरकारले स्थल सेना र वायु सेनालाई यी पहाडी राज्य (उत्तराखण्ड)को सञ्चालन कार्यमा सहयोग पुग्ने गरी महत्वपूर्ण निर्णयहरु लिएको छ,’ इन्डियन एक्सप्रेसले समाचारमा लेखेको छ। १३ जिल्ला रहेको उत्तराखण्डका पिथौरागढ, उदिमसिंह नगर र चम्पावतको सीमा नेपालसँग जोडिन्छ।

त्यसैगरी थप दुई राडारहरु चीनसँग सीमा जोडिएको चमोली र उत्तरकाशीमा राख्ने योजना बनाइएको छ। पिथौरागढले नेपाल र चीन दुवैको सीमा छुन्छ। नेपाल र भारतको उत्तराखण्डबीच २ सय ७५ किलोमिटर लामो सीमा जोडिएको छ।

स्थानीय वासिन्दा र सुरक्षा निकायका अधिकारीहरुका अनुसार भारतको धार्चुलादेखि कालापानी क्षेत्रसम्म भारतीय पक्षले व्यापकरुपमा भौतिक पूर्वाधार र सैनिक संख्या बढाएको छ।

कालापानी क्षेत्रमा इन्डो-तिब्बत बोर्डर फोर्सको क्याम्प *बाँकी ७ पेजमा*

## बर्दियामा क्रान्तिकारी माओवादीको सांगठनिक गतिविधि तीब्र

### नक्कली कम्युनिष्टहरूको मुखुण्डो च्यातिएको छः *संकुल*

**● आयुष न्यौपाने**



बर्दिया। नेकपा ( क्रान्तिकारी माओवादी ) बर्दिया जिल्ला संगठन समिति अन्तरगत जिल्लाका बिभिन्न स्थानीय तहहरुमा बैचारिक प्रशिक्षण तथा सांगठनिक गतिबिधिहरु तीब्र बनाइएका छन्।

सोही क्रममा बारबर्दिया नगरपालिका वडा नम्बर - ९ वडा कमिटीको बैचारिक *बाँकी ७ पेजमा*

## नेकपा (क्रान्तिकारी माओवादी)का केन्द्रीय सल्लाहकार जगतबहादुर श्रेष्ठ आफ्नै निवासमा लडेर गम्भिर घाइते

नेपाली कम्युनिस्ट आन्दोलनका अग्रज, नेकपा (क्रान्तिकारी माओवादी)का केन्द्रीय सल्लाहकार तथा चितवन कम्युनिस्ट पार्टीका संस्थापक नेता जगतबहादुर श्रेष्ठ आफ्नै निवासमा लडेर गम्भिर घाइते हुनु भएको छ। ९२ बर्षीय नेता श्रेष्ठको टाउको चोट लागेको र आन्तरिक रक्तस्रावका कारण मस्तिष्कमा रगत जमेको र कमजोर शारीरिक *बाँकी ७ पेजमा*

## किन स्वीकार गरेका छैनन आदिवासी जनजातिले नेपालको नयाँ संविधान ?






● प्रा.डा.ओम गुरूङ ●

धैरै लामो समयको पर्खाइपछि नेपालमा २०७२ असोज ३ गते नयाँ संविधान जारी भयो। तर, यो संविधान संवैधानिक विधि र लोकतान्त्रिक प्रक्रियाको आधारमा जारी नभएर हतार-हतारमा चार राजनीतिक दलले २०७२ साल बैशाख २५ गते गरेको सोह्रबुँदे प्रतिगामी सहमतिको आधारमा जारी भएको थियो। संविधान जारी भएपछि नेपाली कांग्रेस, तत्कालिन नेकपा (एमाले) र तत्कालिन एनेकपा (माओवादी) तथा तिनका समर्थकबीच खुसी र हर्षोल्लास छायो भने आदिवासी जनजाति, मधेसी, मुस्लिम, दलित, खस तथा अन्य उपेक्षित र उत्पिडित वर्ग समुदाय र लिङ्गबीच निराशा छायो।

संविधान जारी गर्ने राजनीतिक दलहरुले यो संविधानलाइ संसारकै उत्कृष्ट, दक्षिण एसियामा सबैभन्दा प्रगतिशील र नेपालका लागि युगान्तकारी भन्दै यसलाई स्वागत र स्वीकार गर्न आम नेपाली जनतालाई आह्वान गरिरहेका छन। तर, नेपालका आदिवासी जनजाति, मधेसी, मुस्लिम, दलित, खसलगायत अन्य उपेक्षित र उत्पिडित वर्ग समुदाय र लिङ्गले यो संविधानलाई प्रतिगामी, यथास्थितिवादी र जनविरोधी भन्दै यसप्रति असहमति जनाएका छन र यसलाई अस्वीकार गरिरहेकाछन। यो संविधानलाई आदिवासी जनजातिहरुले अस्वीकार गर्नुका मुख्य कारण यसप्रकार छन।

१. बहुराष्ट्रिय राज्यको भावना विपरीत

नेपालको मूल समस्या भनेकै समाज बहुजातीय तर राज्य एकल जातीय हुनु हो। समाजको बनौटअनुसार राज्यको बनौट हुनुपर्दछ भन्ने आदिवासी जनजातिहरुको मूल माग हो। समाज र राज्यको स्वरुप कस्तो हुनुपर्छ भन्नेबारे यो संविधानमा ठूलो अवधारणागत समस्या छ। संविधान राज्य, राष्ट्र, भाषा, धर्मका सन्दर्भमा अस्पष्ट छ। ‘जाति’ र ‘राष्ट्र’ समानार्र्थी शब्द *बाँकी ४ पेजमा*

## क्रान्तिकारी माओवादी नवलपुरद्वारा संबिधान जलाइयो



नवलपरासी - नेकपा क्रान्तिकारी माओवादी नवलपुरले प्रतिगामी संबिधान जलाएको छ।कावासोतीमा बिरोध कार्यक्रम गरी माओवादीले संबिधान जलाएको छ।

माओवादीले संसदीय ब्यवस्थाको भण्डारफोर गर्दै संबिधान प्रतिगामी रहेको बताउदै आएको छ। कावासोतीको पञ्चकञ्या चोकमा एक कार्यक्रम गरी नेपालको संविधानको प्रतिलिपि जलाएको हो।

संविधानको प्रतिलिपि जलाएपछि माओवादी नेता कार्यकर्ताहरुले दलाल संसदीय ब्यवस्था मुर्दावाद भन्दै नारावाजी गरेका थिए।

त्यस्तै पश्चिम नवलपरासीमा मधेशीवादी दलहरुले संबिधान दिवसलाई कालो दिवसका रुपमा मनाएका छन्। त्यस्तै राष्ट्रिय जनमुक्ति पार्टीले बर्दघाटमा कार्यक्रम गरी संबिधानको बिरोध गरेको छ।

# सम्पादकीय

## ‘असोज तीन, कालो दिन’

संविधानसभाबाट जनताको संविधान बनाउने कार्यनीतिक नारा तत्कालीन युद्धरत माओवादीले अगाडि सार्‍यो । जनयुद्धको विजयी प्रभावका कारण गणतन्त्र पनि घोषणा भयो र संविधानसभाको चुनाव पनि । पहिलो संविधानसभाको चुनावबाट जनताको अग्रगामी संविधान बन्ने प्रवल संभावना थियो र गृहकार्य चलिरहँदा हठात् संविधानसभाको विघटन गराइयो । जनयुद्ध, जनआन्दोलन, मधेश आन्दोलन, आदिवासी जनजाति आन्दोलन, महिला, दलित, थारु तथा मुस्लिम समुदायका आन्दोलनबाट स्थापित अधिकारहरु संविधानमा संस्थागत हुनै लाग्दा संविधानसभा नै विघटन गराइदिएपछि जनमुक्ति सेना समेत नेपाली सेनामा विलय गराइदिएपछि जनयुद्धका उपलब्धिहरु पनि एकाएक विघटित हुन पुगे । परिणामतः माओवादी आन्दोलनमा पनि टुट, फुट र विभाजन हुन पुग्यो । यसको पछाडि मूलतः भारतीय विस्तारवादी र अमेरिकी साम्राज्यवादी दलालहरुको हात थियो भन्ने कुरा स्पष्ट भइसकेको छ । राज्यसत्ताको आमूल पुनःसंरचनाको खाकालाई रच्छ्यानमा मिल्काएर विदेशी शक्तिकेन्द्रको डिजाइनमा गरेको दोस्रो संविधानसभाको चुनाव युद्ध लडेर आएको माओवादीको ठूलो हिस्साले बहिस्कार गर्‍यो । मोहन वैद्य किरणले नेतृत्व गरेको तत्कालीन नेकपा-माओवादी लगायत ३३ दल, मधेसी, आदिसवी जनजाति तथा नागरिक समाज लगायतको विरोध र बहिस्कारका बाबजुद दोस्रो संविधानसभाको चुनाव गरियो र संविधानसभाबाट विस्तारवादी तथा साम्राज्यवादी दलाल तथा नोकरशाही पुँजीपति दलालहरुको हितरक्षा हुने खालको एक थान संविधान जारी गरियो । जनयुद्ध, जनआन्दोलन, मधेश आन्दोलन, आदिवासी जनजाति आन्दोलन, महिला, दलित, थारु तथा मुस्लिम समुदायका आन्दोलनको जनादेशलाई सम्बोधन गरिएन । फलतः जनताको ठूलो हिस्साले संविधान जारी गरेको २०७२ आसोज ३ गतेलाई “असोज तीन, कालो दिन”को रुपमा विरोध जनाए । कमरेड किरण नेतृत्वको पार्टीले पश्चगामी र जनविरोधी संविधानको संज्ञा दियो र खारेजीको माग गर्‍यो । मधेसवादी दल तथा आदिवसी जनजातिहरुले पनि पनि जनविरोधी संविधानभन्दै खारेजीको माग गरे । र, आजसम्म पनि गरिरहेका छन् ।

संविधान जारी हुँदा काठमाडौं लगायतका पहाडी समुदाय बाहुल्य क्षेत्रमा उल्लास मनाइरहँदा मधेसमा भने ‘ब्ल्याक आउट’ गरिएको थियो । यी पाँच वर्षमा संविधानप्रति असन्तुष्ट दलले ‘कालो दिवस’देखि ‘विरोध दिवस’सम्म मनाइसकेका छन् ।

संविधान जारी भएयताका पाँच वर्षमा वर्तमान दलाल पुँजीवादमा आधारित संसदीय व्यवस्था, सत्ता र संविधानका पक्षधरहरुले गरेको सत्ता सञ्चालन र संवैधानिक तथा कानुनी अभ्यासले यो संविधान श्रमजीवी वर्ग तथा उत्पीडित जनसमुदायको होइन मुठ्ठिभर दलाल तथा नोकरशाही पुँजीपति वर्गको लुटको स्वर्गको रक्षाकवच मात्रै रहेछ भन्ने स्पष्ट भइसकेको छ र आम जनताले यसबीचमा यसको राम्रै अनुभूति गरिसकेका छन् ।

राष्ट्रिय स्वाधीनता, जनअधिकार र जनजीविका तथा महामारीका सवालहरुमा शासकहरुले प्रदर्शन गरेको हददर्जाको गैरजिम्मेवारीपनले सीमा नाघेको छ । जनता आजित भएका छन् । एक छाक खान नपाएर जनता जीवनको भीख माग्दै सडकमा भौतारिरहँदा, तड्पीइरहँदा, छट्पटाइरहँदा शासकहरु मानवीय संवेदनाशून्य देखिन्छन् । दिनरात भ्रष्टाचार र कमिसनको खेलमा रमाइरहेका शासकहरु जनता भोकले मरुन् कि रोगले कुनै वास्ता गर्दैनन् । दिनरात भ्रष्टाचार र कमिसनको खेलमा रमाइरहेको वर्तमान ओली सरकार देश र जनताप्रतिको आधारभूत दायित्व समेत भूलेर विदेशी शक्तिहरुको दलाली र चाकरीमै व्यस्त रहेको छ ।

संसदवादी दलहरुको यति धेरै दलालीकरण भएको छ कि उनीहरु व्यक्तिगत, गुटगत तथा दलीय हितका निम्ति विदेशी शक्ति राष्ट्रलाई देशै बेच्न पनि तयार देखिएका छन् । लिम्पियाधुरासहितको नयाँ नक्सा जारी गरेपछि उक्त भूमि फिर्ताको लागि कुनै देखिने पहल नगरेको ओली सरकारले देशको राष्ट्रिय स्वाधीनता गुम्ने र मुलुक शक्ति राष्ट्रबीचको युद्धभूमिमा परिणत हुने खतरनाक राष्ट्रघाती अमेरिकी साम्राज्यवादी परियोजना एमसीसी संसदबाट अनुमोदनका लागि गम्भिर षड्यन्त्रमा लागेको छ ।

अनेक काण्ड र प्रकरणले बद्नाम ओली नेतृत्वको सरकारको आयु जति लम्बिदै जान्छ, नेपालको राष्ट्रियता, जनतन्त्र र जनजीविकाका सवालहरुमा त्यति नै धेरै खतराका बादलहरु मडारिदै जान्छ र जनजीवन त्यति नै धेरै कष्टकर बन्दै जान्छ । यसैका भुक्तभोगी जनता आक्रोशका ज्वालामुखी बोकेर सडकमा उत्रन थालेका छन् र उनीहरुले अहिलेको भन्दा उन्नत र जनमुखी व्यवस्थाको विकल्पको खोजी गर्न थालेका छन् । उनीहरु सडक संघर्षको नेतृत्व भरपर्दो देशभक्त तथा क्रान्तिकारी राजनीतिक पार्टीको खोजीमा छन् । क्रान्तिकारी माओवादी तथा देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालले नै जनताले खोजेको विकल्प बन्न सक्नु पर्दछ । नयाँ जनवादी राज्यव्यवस्था नै वर्तमान दलाल पुँजीवादमा आधारित संसदीय व्यवस्था, सत्ता तथा संविधानको अग्रगामी एकमात्र विकल्प हो । तसर्थ, वर्तमान संसदीय व्यवस्था, सत्ता र संविधान अब जनताको अर्को जनआन्दोलन/जनविद्रोहले खारेज गर्ने छ र मुलुकमा उत्पीडित जनताको पहिचानमा आधारित जनगणतन्त्रमा आधारित जनसंविधान स्थापित हुनेछ र आम जनताले व्यवस्था र संविधानप्रति वास्तविक अपनत्व बोध गर्नेछन् ।

परिवर्तनको सम्वाहक
मूलबाटो
सत्यतथ्य निष्पक्ष खबर तथा
विचारका लागि सधैं हेर्ने र पढ्ने गरौं ।
www.moolbato.com

# जगतबहादुर श्रेष्ठ ‘क.जगत बा’बाट सिक्नु पर्ने कुराहरू



● अशोक शर्मा ●

नेपाली कम्युनिस्ट आन्दोलनमा क्रान्तिकारी विचार निष्ठा र आदर्शको धरोहर कमरेड जगत बहादुर श्रेष्ठ यतिवेला मृत्यु सैयामा हुनुहुन्छ । उमेरले ९२ वर्षीय कम्युनिस्ट आन्दोलनको जीवितमध्ये सबैभन्दा पुरानो पुस्ताका जेष्ठ नेता जगत बा यहि २०७७ भाद्र ३१ गतेका दिन आफ्नै घरमा लडेपछि अस्वस्थ हुनुभयो र तत्काल उहाँलाई हस्पिटल भर्ना गरियो । तर यता हस्पिटलले उहाँको मस्तिष्कमा रक्तश्राव भएको र उमेरको कारण अपरेसन गर्न संभव नहुने तथा विना अपरेसन सन्चो हुने कुनै सम्भावना नरहेको बताएपछि अस्पतालवाट डिसचार्ज गरि घरमा ल्याउने काम भयो । यसरी अस्पतालमा उपचार संभव नहुने भएपछि यतिवेला उहाँ आफ्नै निवासमा जीवनको पक्षमा आफ्नै अगाडि उभिएको मृत्युको विरुद्धमा संझौताहिन संघर्ष गरिरहनु भएको छ । कमरेड जगत वहादुर श्रेष्ठसंग आजको सिङ्गो कम्युनिस्ट आन्दोलनको इतिहास जोडिएको छ । उहाँ विक्रम सम्बत १९८६ साल कार्तिक २२ गते गोरखाको जौंवारीमा बुवा नर बहादुर श्रेष्ठ र आमा नन्द कुमारी श्रेष्ठका ६ भाइ छोराहरुमा काइलो छोराको रुपमा जन्मनु भएको थियो । युवा अवस्थावाट नै कम्युनिस्ट आन्दोलनमा प्रभावित जगत बा २०१० सालको विद्यार्थी आन्दोलनमा सकृय सहभागी भई गोरखामा पक्राउ समेत पर्नु भएको थियो । २०११ सालमा कम्युनिस्ट पार्र्टीको सदस्यता लिएका जगत बा गोरखा जिल्लाको कम्युनिस्ट पार्र्टीको संस्थापक हुँदै २०१४ सालको दोश्रो महाधिवेशनमा गोरखा जिल्लाको प्रतिनिधि समेत चुनिनु भएको थियो । २०१५ सालको संसदीय चुनावमा उहाँ उत्तरी गोरखावाट कम्युनिस्ट पार्र्टीको उमेदवार हुनुभयो । उक्त निर्वाचनमा पराजित भएपनि उहाँले सम्मानजनक मत प्राप्त गर्नु भएको थियो । २०१७ सालमा तत्कालीन राजा महेन्द्रले साही कु गरे पछि उहाँ त्यो कदमको विरोधमा उभिनु भयो । पार्र्टी भित्रको रायमाझीको राजापरस्त लाइनको खुलेर विरोधमा लाग्नुभएका कमरेड जगत बहादुर श्रेष्ठ २०१७ सालमा सम्पन्न कम्युनिस्ट पार्र्टीको बहुचर्चित दरभंगा प्लेनममा संविधानसभाको पक्षमा खुलेर लाग्नु भएको थियो । २०१७ सालको दरभंगा प्लेनममा पार्र्टीमा रायमाझीको राजाको कदमलाई समर्थन गर्नु पर्ने, कमरेड पुस्पलालको विघटित संसद पुनस्स्थापन हुनुपर्ने र कमरेड मोहन विक्रम सिंहको संविधानसभाको चुनाव गर्नुपर्ने गरि तीनवटा विचार प्रस्तुत भएका थिए । प्रस्तुत तीन प्रस्ताव हलमा भोटङ्ग हुदा केन्द्रीय समितिमा एक्लै भएका कमरेड मोहन विक्रम सिंहको संविधानसभाको प्रस्ताव बहुमतले पास गरेपनि षड्यन्त्रपुर्वक ढंगले रायमाझी र पुस्पलालको मिलेमतोमा प्लेनमको निर्णय केन्द्रीय समितिले उल्टाईदिएको जगत बा लाई पटक्कै मन परेन । २०१९ सालको तेस्रो महाधिवेशनवाट तुल्सीलाल अमात्य महासचिवमा निर्वाचित भएपछि उनले अपनाएको ख्रुस्चोभी संसोधनवादको उहाँ प्रारम्भ देखिनै विपक्षमा खडा हुनु भयो । कमरेड पुस्पलाल पनि तुल्सीलालको विचारको विपक्षमा रहेको हुनाले पार्र्टी भित्रको टि. एल (तुल्सीलाल)को विरुद्धमा विद्रोह हुने आशामा रहे पनि पि. एल.( पुस्पलाल) बाट पहलकदमी नपुगेको निष्कर्षमा उहाँ पुग्नु भयो र २०२४ साल चैत्र महिनामा चितवनमा युवाहरू केन्द्रीकृत गरि उहाँको नेतृत्वमा डा. मथुरा प्रसाद श्रेष्ठ, आनन्ददेव भट्ट र गुण बहादुर घले समेत गरि नन सेन्टर ग्रुप गठन गरि नेपालको कम्युनिस्ट आन्दोलनमा सबैभन्दा पहिला पार्र्टीभित्रका दक्षिणपन्थी अवसरवादी समूह विरुद्ध बिद्रोहको क्रान्तिकारी झण्डा उठाउने महान कामको शुरुआत गर्नुभयो । जस्को एक बर्ष पछि मात्र कमरेड पुस्पलाल श्रेष्ठले गोरखपुर संम्मेलन गरि बिद्रोह गर्नु भएको थियो । यसरी गठन भएको नन सेन्टर ग्रुप चितवनमा चाडैं नै लोकपृय हुन थाल्यो । उहाँहरुले नन सेन्टर ग्रुपको नाममा सुरुवात गरेको कम्युनिस्ट आन्दोलनको पुनर्गठन प्रक्रियामा युवाहरु सहभागी हुने प्रक्रिया तिव्र गतिमा अगाडि बड्यो । कमरेड पुष्पगोपाल श्रेष्ठ, कमरेड बिष्णु बहादुर श्रेष्ठ, कमरेड यमुना प्रसाद न्यौपाने, कमरेड नर बहादुर खांड, कमरेड खम्वासिंह कुँवर, कमरेड अमिक सेरचन, कमरेड टेक बहादुर थापा लगायतका युवाहरुको सक्रियतामा नन सेन्टर ग्रुपले चितवन जिल्लाव्यापि संगठन विस्तार गर्न सफल भयो । यसै सिलसिलामा कमरेड मोहन विक्रम सिंह र कमरेड निर्मल लामा लगायत युवा क्रान्तिकारी नेताहरु जेलवाट छुटेर आएपछि २०२८ सालमा गठन गरिएको केन्द्रीय न्युक्लससंग उहाँहरु विचारधारात्मक ध्रुवीकरण हुनुभयो । कम्युनिस्ट पार्र्टीको चौथो महाधिवेशन सम्पन्न भए पश्चात तत्कालीन चौमको गण्डक क्षेत्रमा उहाँले संगठनको जिम्मेवारी लिएर काम गर्नु भयो । २०४० सालमा तत्कालीन नेकपा चौममा विभाजन भएपछि उहाँ नेकपा मशालमा आबद्ध हुनुका साथसाथै मशाल सहित विभिन्न वामपन्थी कम्युनिस्ट समुहहरुको एकतावाट निर्माण भएको एकताकेन्द्र हुँदै जनयुद्धको निर्णयसंगै निर्माण भएको तत्कालीन नेकपा(माओवादी) मा सक्रियतापुर्वक सहभागी हुनुभयो ।

जनयुद्धको क्रममा माओवादी आन्दोलनमा देखापर्ने सबैखाले गलत विचारको विपक्षमा हमेशा कमरेड जगत बा दृढताका साथ खडा हुनुभयो । पार्र्टीभित्रकै दक्षिणपन्थीहरुको योजनामा कमरेड किरण र कमरेड गौरव लगायत क्रान्तिकारीहरुको एउटा पंक्तिलाई पक्राउ गरि कथित लोकतान्त्रिक गणतन्त्रको नाममा प्रचण्ड बाबुरामहरुले पार्र्टीको क्रान्तिकारी राजनीतिक कार्यदिशा परित्याग गरि संसदीय व्यवस्थामा आत्मसमर्पण गरेको उहाँलाई कतिपनि मन परेको थिएन । पछि कमरेड किरण र कमरेड गौरव लगायत क्रान्तिकारीहरु भारतीय जेलवाट छुटेर आएपछि कमरेड किरणको नेतृत्वमा चलेको अन्तरपार्र्टी संघर्षमा कमरेड जगत बहादुर श्रेष्ठ क्रान्तिकारी विचारको पक्षमा खडा हुनु भयो । प्रचण्ड बाबुरामहरुको घोर दक्षिणपन्थी संसदीय आत्मसमर्पणवादको विरुद्धमा कमरेड किरणको नेतृत्वमा क्रान्तिकारी विद्रोहको झण्डा उठाएर नेकपा-माओवादी पुनर्गठन गर्दा उहाँ क्रान्तिकारी विचारको पक्षमा दृढतापुर्वक खडा हुनु भयो । त्यस यता उहाँ आज बाँकी ८ पेजमा

# जगत बा र शैली टुटेको चितवन



● खेम थपलिया ●



नेपाली कम्युनिस्ट आन्दोलनका विचार र निष्ठाका सतिसाल आदरणीय जगतबहादुर श्रेष्ठ ‘जगत बा’ यतिखेर जीवन-मरणका सङ्घर्षमा हुनुहुन्छ । आफ्नै निवासमा लडेर आन्तरिक रक्तस्रावका कारण मस्तिष्कमा रगत जमेर गम्भीर अवस्थामा पुग्नुभएका ९२ वर्षीय जगत बाबारे यतिबेला उहाँको कर्मशील वैचारिकी जीवनको चर्चा गर्नु र उहाँको स्वास्थ्यलाभको कामना गर्नु हामी सबैको कर्तव्य हो । यो टिप्पणी यसैमा केन्द्रित रहेको छ ।

नेपाली कम्युनिस्ट आन्दोलनका अघिल्लो पुस्ताका आस्था तथा निष्ठाका सतिसाल जगतबहादुर श्रेष्ठ ‘जगत बा’ (१९८६) सित केही वर्षअघि चितवनको भरतपुरमा आयोजित एक पुरस्कार बितरण कार्यक्रममा भेट भएको थियो । सो कार्यक्रममा उहाँको सारगर्वित मन्तव्यले मलाई गहिरो प्रभाव पारेको थियो । चितवन मेरो गृहजिल्ला पनि भएको र त्यहाँ जगत बाजस्ता शिखर व्यक्तित्वले अभिभावकीय भूमिका निर्वाह गरिरहनुभएको सन्दर्भमा उहाँ र उहाँका बारेमा केही लेख्नुपर्छ भन्ने लागिरहेको थियो । काठमाडौं फर्केपछि जगत बाको अन्तर्वार्ता ‘हाम्रो जलजला’ मासिकमा प्रकाशित गरेको पनि थिएँ ।

गोरखाको जौबारीमा १९८६ सालमा जन्मनुभएका जगत बाको गोठालेजीवन हुँदै आफ्नो जीवनयात्राको करिब दुई दसकपछि मात्र शिक्षार्जन प्रारम्भ गर्नुभएका श्रेष्ठको अधिकांश समय पहाड र काठमाडौं उपत्यका गर्दै बित्यो । २०१२ सालमा औपचारिक रूपमा काठमाडौंमा प्रवेश गरेसँगै कक्षा आठमा प्रौढस्कुल भर्ना हुनुभएका उहाँले सोही स्कुलका सञ्चालकहरू प्रगतिशील विचार समर्थक पनि भएकोले अध्ययन र राजनीतिका लागि उपयुक्त वातावरण पाउनुभयो । त्यतिबेलादेखि नै उहाँमा औपचारिक अध्ययनभन्दा राजनीतितिर नै ध्यान खिँचियो । यसरी हेर्दा २०१० साको वरिपरिबाट जगत् बा नेपालको वामपन्थी विद्यार्थी आन्दोलनमा संलग्न हुँदै आउनुभएको देखिन्छ । उहाँले २०११ सालमा नेपाल कम्युनिस्ट पार्टीको सदस्यता प्राप्त गर्नुभएको थियो । काठमाडौं बस्नुहुँदा पुष्पलाल श्रेष्ठ, निर्मल लामालगायत नेताहरूसित राजनीतिक भेटघाट गर्नुहुने उहाँले २०१४ मा फोहोरा दरबार, काठमाडौंमा भएको दोस्रो महाधिवेशनमा गोरखा जिल्लाको प्रतिनिधि भएर भाग लिनुभएको थियो । २०१५ सालको आम निर्वाचन गोरखा जिल्लामा कम्युनिस्ट पार्टीको तर्फबाट उम्मेद्वार बन्नुभएका जगत बा त्यसपछि उहाँले जौबारी स्कुलमा शिक्षकको रूपमा काम गर्नुभयो ।

ताहाचलको पब्लिक कलेजको पहिलो वर्षको परीक्षा दिने बेलामा कलेज नै बन्द गरिदिएपछि उहाँ चितवन जानुभयो । चितवन गएर उहाँले शिक्षक सङ्गठन बनाउनुभयो । उहाँ निरन्तर पार्टी सम्पर्कमा रहनुभयो । उहाँले पार्टी सङ्गठनमा पनि निरन्तरता दिइरहनुभयो । २०२८ सालमा केन्द्रीय न्युक्लियससँग सम्पर्क गर्नुभएका उहाँ मार्क्सवाद-लेनिनवाद-माओवादको वैचारिक आलोकमा महान् जनयुद्धको क्रान्तिकारी धारामा आबद्ध हुनुभयो । त्यसक्रममा उहाँले अनेक यातनाका साथ केही दिनको हिरासत-जीवन पनि गुजार्नुभएको थियो । पार्टीभित्र चलेको र चल्ने दुई लाइन सङ्घर्षमा जगतबहादुर श्रेष्ठ ‘जगत् बा’ क्रान्तिकारी राजनीतिक धारामा सदैव अविचल रहनुभयो । उहाँको क्रान्तिकारी भावधारा उच्च गतिमा प्रवाह भइरह्यो । नेपालको समकालीन विचार, सिद्धान्त, दर्शन, आदर्श, वर्ग पक्षधरतामा भयानक स्खलनको डरलाग्दो पहिरो आइरहेको यतिबेला उहाँ सतिसालको रूपमा खडा हुनुहुन्छ । यो कुरा समकालीन क्रान्तिकारी राजनीतिको लागि अपूर्व उत्प्रेरणा हो । उहाँ विचार र व्यवहारमा समतुल्यता कायम राख्न सफल हामी सबैका प्रेरणा र उत्साहका प्रतीक हुनुहुन्छ ।

जगत् बाको ‘मेरो धर्ती’ कवितासङ्ग्रह र ‘जगत श्रेष्ठका निबन्धहरू’ गरी दुईवटा कृति प्रकाशित छन् भने केही फुटकर लेख-रचना तथा अनगिन्ती अन्तर्वार्ता छन् । उहाँ एक कुशल स्रष्टा त हुनुहुन्छ नै, उहाँ नेपालको कम्युनिस्ट राजनीतिको अनेकन परिस्थितिको दृष्टा पनि हुनुहुन्छ । यी सबैमा उहाँको विचारधारात्मक पक्ष प्रधान भएर आएको छ । नेपालको कम्युनिस्ट आन्दोलन आज विभिन्न चिरा र शिरामा विभक्त छ । कम्युनिस्ट पार्टी र त्यससित सम्बन्धित कम्युनिस्टहरू नेपालमा सबैखाले वर्गसङ्घर्षमा सबैभन्दा बढी दुःख, कष्ट, बलिदान गर्नेमा अग्रपङ्क्तिमा पर्दछ । नेपालमा ठूल-ठूला दुई लाइन सङ्घर्ष हुँदै आएको छ । नेपालको कम्युनिस्ट आन्दोलनमा फुट तथा विभाजन त नकारात्मक बिम्ब नै बनेको छ । धेरैको मुखबाट ‘नेपालका कम्युनिस्टहरू कहिल्यै मिल्न सक्तैनन’ भन्ने आवाज सुनिने विषय हो । यसमा केही दार्शनिक तथा वैचारिक प्रश्न छन् । कम्युनिस्टहरू असल हुन्छन् र असल भइरहनुपर्दछ भन्ने कुरामा जगत बाको स्पष्ट अभिमत पाइन्छ ।

२००६ सालमा स्थापना भएको नेपाल कम्युनिस्ट पार्टीका संस्थापकहरूको एउटा ठूलो सदीक्षा थियो, नेपालमा जनताको सत्ता स्थापना गर्ने । नेपालको कम्युनिस्ट आन्दोलनको यो लामो कालखण्डमा हामीले देख्दै र भोग्दै आएका अनेकौं परिस्थितिले एउटा प्रशन उब्जाइदिएकै छ, के नेपालमा क्रान्ति पूरा हुने कुरा सुदूर भविष्यको विषय हो ? नेपालको कम्युनिस्ट आन्दोलन बाह्य तथा आन्तरिक कारणका कारण अनेकन् अन्तर्विरोधको चक्रब्युहमा फस्न पुगेको विभिन्न सन्दर्भ महत्वपूर्ण छन् । नेपालमा नेपालका कम्युनिस्टहरू क्रान्ति गर्न सक्छन् तर प्रतिक्रान्ति रोक्न सक्तैनन् भन्ने आरोप पनि छ । हुन पनि नेपालमा त्यस्तै देखिँदै आएको छ । नेपालका कम्युनिस्टहरूले ठुल-ठुला आन्दोलनको नेतृत्व गर्दै आएका छन् तर निष्कर्ष दिन सकेनन् । नेपालका कम्युनिस्टहरूमा सांस्कृतिक रूपान्तरणका समस्याहरू पनि अधिक मात्रामा देखिँदै आएका छन् । तिनका सांस्कृतिक विचलनबारे लेख्ने हो भने मात्र पनि ठुला ठुला ठेली बन्छन् । आफू कम्युनिस्ट नै नबनीकन कम्युनिस्ट पार्टीको नेता भएपछि कस्तो हविगत हुन्छ भन्ने कुरा हामीले हाम्रै अन्दोलनमा देख्दै र भोग्दै आएका छौं । यस सन्दर्भमा जगत बाले भन्नुभएको छ, ‘सांस्कृतिक रूपान्तरण पनि सङ्गठनकै अन्तर्गत गर्दै जानुपर्ने विषय बाँकी ३ पेजमा

# नेपालका लेन्डुपेहरुले संघीय सत्ता अमेरिकालाई र स्थानीय सत्ता भारतलाई बुझाउँदै



● हुकुमबहादुर सिंह ●

*वर्तमानमा यो सरकार राष्ट्रियता र जनतन्त्र दुवैको अपहरण गर्न तल्लिन छ / राष्ट्रियता र जनतन्त्रका लागि संघर्षरत कम्युनिस्ट पार्टी तथा अन्य देशभक्तहरूमाथि दमन गरिएको छ, प्रतिवन्ध लगाउने काम गरिएकोछ / अदालत निरिह छ, प्रहरी प्रशासन बलियो छ र अदालत परिषरबाटै अदालतको आदेशमा देशभक्त राजवन्दीहरूलाई अपहरण शैलीमा गिरफ्तार गरिन्छ / आफ्ना विरोधीहरूको हत्या गरिन्छ / सामन्त तथा दलाल नोकरशाहाहरू, बिचौलियाहरू र वैदेशिक शक्ति केन्द्रहरूको आडमा भारतीय विस्तार वाद र अमेरिकी साम्राज्यवादलाई फाइदा पुग्ने काम गरिरहेका छन् / कम्युनिस्ट सरकार भन्नेले शिक्षा र स्वास्थ्यलाई जनताको हीतमा उपयोग गर भन्ने डाक्टरहरूमाथि दमन गर्दछ*

नेपालका लेन्डुपेहरु अहिले ठूलो जनमतसहीत नेपालको सरकामा आसिन भएका छन्, जसरी सिक्किमको प्रधानमन्त्री लेन्डुप दोर्जेले त्यहाँको विधानसभामा ३२ सिटमध्ये ३१सिट जितेको थियो । भारतले त्यसैलाई आधार बनाएर सिकिकमलाई आफ्नो एउटा प्रान्त बनाउन सफल भयो । यो इन्दीरा गान्धीको समयमा थियो । कतै बर्तमानमा नरेन्द्र मोदी-अमित शाहा कम्पनीले त्यही इतिहास दोहोरयाउने प्रयास त गरिरहेको छैन । यद्धपि नेपालमा सिक्किमको जस्तै इतिहाँस दोहोरिने छैन । नेपालका लेन्डुपेहरु सिक्किमको लेन्डुपेभन्दा फरक छन्, मूल कुरा त नेपाली जनता स्वतनत्रता चाहन्छन् । कसैको गुलामीमा बस्न चाहाँदैनन । त्यहाँ एक जना लेन्डुपेबाट यो कामगर्न भारत सफल बनेको थियो । यहाँ लेन्डुपहरुको संख्या तुलनात्मक रुपमा अलि बढी छ ।

यद्धपी नेपालमा अहिले लेन्डुपेहरुको नेतृत्वमा कम्युनिस्ट सरकार छ, जसले करीब तीनवर्ष सरकार चलाइ सकेको छ । तर उनीहरुको आजसम्मको घटनाक्रमलाई हेर्दा, उनीहरुको शासन न राष्ट्रियताको लागि प्रभावकारी रहयो, न जनतन्त्रका लागि । नेपालको राजनीतिक इतिहासमा यसरी राष्ट्रियता र जनतन्त्र, दुवै खोसिएको जटिल अवस्थामा देश पुगेको छ । लेन्डुपेहरुको नेतृत्वमा कम्युनिस्ट सरकार छ, जहाँ राष्ट्रियता र जनतन्त्र दुवै खोसिएकोछ । राष्ट्रियता र जनतन्त्र दुवैको अपहरण गर्ने सरकार लेन्डुपेहरुको सरकार नभएर कसरी कम्युनिस्ट सरकार हुन्छ त ? हुँनै सक्दैन । तर जनतालाई सही कम्युनिस्टहरका विरुद्धमा उकास्न सबै कम्युनिस्ट विरोधीहरु एक जुट भएर अहिले भनिरहेका छन-देख्यो कम्युनिस्ट सरकार कस्तो हुँदो रहेछ । यो कम्युनिस्ट सरकारमा न लोकतन्त्र छ, न राष्ट्रियता ? कम्युनिस्टहरु राष्ट्रवादी हुन्छन भन्ने भ्रम पनि अबदेखि हटने भएको छ । लोकतन्त्र विरोधी हुन्छन भन्ने आरोपत पहिलेदेखि नै लगाइदै आएको हो । यसरी जनताको नजरमा लोकतन्त्र विरोधी र राष्ट्रियता विरोधी देखाएपछि त भारतीय मोदी-शाहा अमेरिकी साम्राज्यवादका लागि कामगर्न सजिलो हुने स्पष्ट छ ।

कम्युनिस्टमाथि लगाइने यी आरोपहरु यद्धपी चीरपरिचीत कम्युनिस्ट विरोधीहरुबाट आएका हुन, तर त्यसको आधार बनाउने काम यीनै नेपाली लेन्डुपेहरुले कम्युनिस्टका नाममा गरिरहेका छन । यो लेन्डुप सरकार नेपाली जनताको नजरमा कम्युनिस्टहरुको हो भन्ने भ्रम छ, तर सारमा उनीहरुबाट जे काम भइरहेको छ, ती सबै न लोकतन्त्रका लागि फाइदाजनक छन, न राष्ट्रियताका लागि नै । नेपालकै राजनीतिक इतिहासमा यो भन्दा खराव अवस्था कहिल्यै आएको थिएन ।

वर्तमानमा यो सरकार राष्ट्रियता र जनतन्त्र दुवैको अपहरण गर्न तल्लिन छ । राष्ट्रियता र जनतन्त्रका लागि संघर्षरत कम्युनिस्ट पार्टी तथा अन्य देशभक्तहरुमाथि दमन गरिएको छ, प्रतिवन्ध लगाउने काम गरिएकोछ । अदालत निरिह छ, प्रहरी प्रशासन बलियो छ र अदालत परिषरबाटै अदालतको आदेशमा देशभक्त राजवन्दीहरुलाई अपहरण शैलीमा गिरफ्तार गरिन्छ । आफ्ना विरोधीहरुको हत्या गरिन्छ । सामन्त तथा दलाल नोकरशाहाहरु, बिचौलियाहरु र वैदेशिक शक्ति केन्द्रहरुको आडमा भारतीय विस्तार वाद र अमेरिकी साम्राज्यवादलाई फाइदा पुग्ने काम गरिरहेका छन् । कम्युनिस्ट सरकार भन्नेले शिक्षा र स्वास्थ्यलाई जनताको हीतमा उपयोग गर भन्ने डाक्टरहरुमाथि दमन गर्दछ ।

राष्ट्रियता र जनतन्त्र नेपालका यी लेन्डुपेहरुको यो वर्तमान सरकारले नेपालको संघीय सत्ता अमेरिकालाई स्थानीय सत्ता भारतलाई बुझाउँने रणनीतिमा काम गरेको आभाष मिल्दै छ । सिक्मिको लेन्डुप दोर्जेको पार्टीले जस्तै नेपालका यी लेन्डुपेहरुको हालै सम्पन्न बैठकले एमसीसी सम्झौता अमेरिकी डिजाइन अनुसार नै संसदबाट पास गर्ने निर्णय गरेको छ ।

त्यसैगरी नेपालमा लामो समयदेखि भारतले आफ्नो दूताबासमार्फत साना विकास परियोजना (एसडिपी)मा लगानी गरेर नेपालमा समानान्तर सरकारकै हैसियतमा अर्बौं रुपैयाँ सिंधै परिचालन गर्दै आएको भारतलाई यो सरकारले परियोजनालाई अर्को ३ वर्ष लम्ब्याउने निर्णय गरेर भारतीय विस्तारवादको तावेदारी गरेको छ ।

एसडिपी कार्यक्रमअनुसार भारतीय दूतावासले नेपालका कुनै पनि स्थानका विद्यालय, स्वास्थ्य चौकी तथा अन्य भौतिक पूर्वाधार निर्माणमा तीन करोड(पछि पाँच करोड) रुपैयाँ सम्म सिधै उपलब्ध गराउन सक्छ । यो अन्तरगत दूताबासले आफूखुशी तथा पहुँचका भरमा कलेज, विद्यालय, पुस्तकालय, अस्पताल भवन, सामुदायिक भवन, सडक र खानेपानी आयोजनाको निर्माण तथा दमकल,एम्बुलेन्स र हेभी इक्विपमेन्ट खरिद गर्न रकम उपयोग गर्दै आएको छ । यस्ता परियोजनामा ३करोड देखि ५ करोडसम्म लगानी आफूखुसी सोझै बाँड्ने गर्दै आएको छ ।

आफ्नो निर्वाचन क्षेत्रमा यस्तो साना परियोजनाहरु लैजान भारतीय दूतावासमा धाउने नेपाली नेता, सांसद र उच्च कर्मचारीको संख्या उल्लेख्य रहने गरेको छ । जसका कारण भारतीय दूतावासको नेपालमा राजनीतिक पहुँच र प्रभाव तल्लो तहसम्म परेको देखिन्छ । भारतले यस्ता कार्यक्रममार्फत नेपालमा आफ्ना दलालहरु तयार पार्दै आएको देखिन्छ ।

'दूतावासले यसरी विभिन्न छात्रवृत्ति, आयोजनाहरु र एम्बुलेन्स बाँड्दा त्यसले नेपालको राजनीतिमा कसलाई जिताउने र कसलाई हराउने भन्ने सम्मको अर्थ राख्दै आएकोछ,' नेपालका राष्ट्रवादी तथा देशभक्तहरु भन्ने गर्दछन । र अहिलेसम्मको इतिहासको समिक्षा गर्दा भारतीय दुतावासले आफ्ना पक्षकाहरुलाई पोस्न मात्रै यस्ता परियोजनाहरुको प्रयोग हुने गरेको पाइन्छ ।

साम्राज्यवादी मुलुक अमेरिकाको नीति, योजना, कार्यक्रम र निर्देशनमा चल्ने वर्तमान सरकार संसदमा प्रतिपक्षमा रहेको नेपाली काँग्रेस पहिल्यैदेखि एमसीसी संसदबाट हुबहु पास गर्नुपर्ने अडानमा रहेको छ र उसले त्यसका निम्ति पार्टीभित्र र बाहिर पनि 'होमवर्क' गरिरहेको छ । त्यही होमवर्कले नै पार्टीभित्र शीर्ष नेताहरुबीचको किचलो, आरोप प्रत्यारोप, गुटबन्दी तथा सत्तास्वार्थ सबैको व्यवस्थापन गरेको छ र पार्टीभित्रको एमसीसी विरोधी आवाजलाई पनि बन्द गरिदिएको छ ।

अमेरिका विश्व साम्राज्यवादको नाइके र भारत उसका छिकेकी देशहरुका लागि विस्तारवादको नमूना तर वर्तमानमा क्षेत्रीय साम्राज्यवादतर्फ उन्मूख देश । वर्तमानको विश्व साम्राज्यवाद अमेरिका र भावी साम्राज्यवादी देश बन्दै गरेको भारत, यी दुवै मिलेर विश्वको दोस्रो ठूलो अर्थतन्त्र भएको र अमेरिकार र भारत दुवैको बलियो प्रतिष्पर्धी चीनका विरुद्ध लागेका शक्तिहरु रणनीतिक रुपले अवस्थित नेपालमार्फत चीनका विरुद्ध चौतर्फी नाकाबन्दीको रणनीतिमा लागेका छन् । र तिब्बत उनीहरुका लागि चीनलाई तहसनहस बनाउने एउटा बलियो ज्वालामूखी हो भन्ने उनीहरुले ठानेका छन । तर यी दुवैलाई थाहा छ नेपाललाई नियन्त्रण नगरी चीन विरुद्धको ज्वालामूखीलाई सक्रिय बनाउन सकिदैन । विगतमा नेपालमाथि नियन्त्रण गर्ने अनेकौ प्रयास नगरिएका होइनन नेपालको उत्तरी सिमा नाकामा भारतीय सैनिक चेकपोष्ट र त्यसको मद्तमा पछि गरिएको खम्पा विद्रोह । उत्तरी सिमा नाकामा रहेका ती भारतीय सैनिक चेकपोष्ट त्यहाँबाट हटाउन र खम्पा विद्रोहलाई दमन गर्न तत्कालिन ततकालिन सरकारको महत्वपूर्ण भूमिका रहेकोछ ।

नेपालजस्ता देशका लागि राष्ट्रियता र जनतन्त्र, यी दुई राष्ट्रिय मुक्ति आन्दोलनका अंग हुन । र विगतमा कहिले राष्ट्रियतालाई हथियार बनाएर जनतन्त्रलाई कमजोर बनाउने काम गरियो त कहिले जनतन्त्रमाथि टेकेर नेपालको भू-भाग, जलस्रोत भारतलाई सुम्पेर नेपाल राष्ट्रियतालाई भारतसँग सौदावाजी गरिएको विगत र वर्तमानको इतिहास छ ।

तर पनि राष्ट्रियता र जनतन्त्र, दुवैलाई तहसनहस पार्ने काम नेपालका लेन्डुपेहरु सरकारमा आएपछि बढेको छ । र उनीहरु गम्भिर राष्ट्रघातको तयारीमा लागेका छन् । अमेरिकी परियोजना मिलेनियम च्यालेन्ज कर्पोरेशन (एमसीसी) सम्झौता राष्ट्रघाती रहेको भन्दै त्यसको खारेजीका लागि चौतर्फी रुपमा आवाज उठिरहेको र दबाब आन्दोलनहरु सञ्चालन भइरहेको पृष्ठभूमिलाई बेवास्ता गर्दै सत्तारुढ दलको हालै सम्पन्न स्थायी समितिको बैठकले एमसीसी सम्झौता अमेरिकी डिजाइन अनुसार नै संसदबाट पास गर्ने निर्णय गरेर गम्भिर राष्ट्रघात गर्न लागेको विश्लेषण हुन थालेको छ । उक्त बैठकले एमसीसी सम्झौता संशोधन तथा परिमार्जनसहित संसदबाट पास गर्ने भनेको छ । विकास र सहयोगको आवरणमा नेपालको असल छिमेकीको रुपमा रहेको चीनलाई घेरा हाल्ने र त्यसका लागि नेपालको भूमि, प्राकृतिक तथा मानवीय स्रोत साधनको प्रयोगमा एकाधिकार स्थापित हुने गरी अमेरिकाको हिन्द प्रशान्त सैन्य रणनीति अनुसार मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) सम्झौता नेपालको संसदबाट सके सर्वसम्मत, नभए दुईतिहाइ बहुमत, त्यो पनि नभए सामान्य बहुमतबाट पास गराउन चाहन्छ अमेरिका ।

नेपाल सरकार र एमसीसीबीच सन २०१७ सेप्टेम्बर १४ मा सम्झौता भएको थियो । एमसीसीको ५० करोड अमेरिकी डलर र नेपाल सरकारको १३ करोड अमेरिकी डलरमा अन्तरदेशीय विद्युत प्रसारण लाइन र सडक मर्मत परियोजना संचालन गर्नका लागि एमसीसी सम्झौता भएको भनिए पनि यससँगै अमेरिकाको साम्राज्यवादी स्वार्थ यसमा अन्तर्निहित भएर आएको यसको अद्येता, विश्लेषक तथा देशभक्त एवम क्रान्तिकारी नेताहरुले बताइरहेका छन र उनीहरुले जुन कुनै हालतमा यो सम्झौता खारेज गरिनुपर्ने, अन्यथा नेपाल अमेरिकाको उपनिवेश (गुलाम, कठ्पुतली देश)मा परिणत हुने चेतावानी दिँदै आएका छन । नेकपा (क्रान्तिकारी माओवादी), देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल लगायत ११ वटा राजनीतिक दलले संयुक्त रुपमा एमसीसीको खारेजीको लागि आन्दोलनमार्फत दबाब दिँदै आएका छन भने एमसीसी खारेज अभियान नै बनाएर विभिन्न क्षेत्रका विज्ञहरुले समेत खारेजीको लागि दबाब दिँदै आएका छन ।

एमसीसी सम्झौता २०७६ असार ३० गते प्रतिनिधिसभामा दर्ता भएको थियो । सम्झौतालाई प्रतिनिधिसभाबाट अनुमोदन गर्न नेपाल सरकार र एमसीसीबीच भएको सहमति अनुसार नै संसदमा दर्ता गरिएको छ । यसरी नेपालका लेन्डुपेहरुले एमसीसीमार्फत नेपालको संघीय सत्ता अमेरिकालाई र साना विकास परियोजना (एसडिपी)मार्फत स्थानीय सत्ता भारतलाई बुझाउँदै छन् ।

## जगत बा....

हो । पर्न आउँदा एकैचोटि कुद्ने कुरा गर्न सकिन्न र यो दिगो पनि हुँदैन । एकपटक हुलमुलमा कम्युनिस्ट बनिहाल्छन् । तुरुन्तै छोडेर अन्तै पुग्छन् । प्रायःजसो मान्छे चखुवा हुन्छन् (जलजला मासिक) ।'

राजनीतिक आन्दोलनमा नीति र नेतृत्वको सवाल निकै महत्वपूर्ण कुरा रहेछ । नेपालका कम्युनिस्ट पार्टीमा निकै लामो समयदेखि नीति र नेतृत्व नमिल्दा फुट-विभाजन हुँदै आएको देखिन्छ भने नीति र नेतृत्व मिल्दा क्रान्तिकारी ध्रुबीकरण हुँदै क्रान्तिकारी उभार सिर्जना भएको पनि देखिन्छ । नेपालका बहुसङ्ख्यक जनता कम्युनिस्ट विचारधारामा विश्वास गर्छन् तर पनि नेपालमा किन क्रान्ति पूरा हुन सकिरहेको छैन । नेपालमा क्रान्ति सम्पन्न गर्नुको कुनै विकल्प पनि छैन । क्रान्तिकारी आधार यति धेरै हुँदा हुँदै पनि, आत्मगत र वस्तुगत परिस्थति यति सवल हुँदा हुँदै पनि नेपालमा जनताको राज्यसत्ता स्थापना हुना हुन नसक्नु साँच्चिकै चिन्ताको विषय बनेको छ । अवश्य पनि क्रान्ति सजिलो कुरा होइन, यो काम सबैले गर्न पनि सक्तैनन् । के नेपालमा सर्वहारा वर्गको नेतृत्व गर्ने नेता नभएकै हो त ? प्रचण्ड किन एकाएक मर्न डराए ? के कहिलेकाहीँ आवश्यक परे नेतृत्वले बलिदान गर्नुपर्दैन ? १० वर्षमा पृथ्वी नै हल्लाउन सफल नेपाली जनयुद्धलाई प्रचण्डले भन्न थाले- हामीले शान्ति प्रक्रिया नअपनाएको भए सिद्धिन्थ्यौँ । यसबाट के कुरा थाहा हुन्छ भने नेपालमा सर्वहाराको नेतृत्व गर्ने व्यक्तित्वको अभाव छ । कम्युनिस्ट मर्न डराउने जात होइन ।

सर्वहारा वर्गको राज्यसत्ता ल्याउने सपना बोकेका कम्युनिस्टहरू र तिनीहरू आबद्ध रहेको कम्युनिस्ट पार्टीमा नीति र नेतृत्वको द्वन्द्वात्मक सम्बन्धलाई बुझ्ने सवालमा नेपालमा धेरै समस्या रहेका छन् । यसलाई विस्तारपूर्वक विश्लेषण गर्ने काम पनि कमै भएको छ । नीति के हो ? नेतृत्व के हो ? भन्नेबारे स्पष्ट व्याख्या, तिनका बिचको सम्बन्ध र परिपूरकतालाई भौतिकीमा रूपान्तरण गर्ने कुरा अहम् महत्वको विषय हो । कम्युनिस्ट पार्टीहरू यस मामिलामा असफल हुँदै आएका छन् । यसले नेपालको क्रान्तिकारी आन्दोलनमा पनि गम्भीर असर पुऱ्याएको छ । नेपालका धेरैजसो कम्युनिस्ट पार्टीहरू समन्वयवादी नै छन् । नाम कम्युनिस्ट, काम-व्यवहार काङ्ग्रेसभन्दा पनि तल, सबै यस्तै छन् । नेतृत्वको भोकले मात्र अलग-अलग भएका हुन्, नीति र सिद्धान्तमा कुनै फरक देखिन्न भन्ने विचारको जगत बाको थियो ।

नेपालमा कम्युनिस्ट नेतृत्व तहबाटै पटक-पटक धोका, छलछाम र षड्यन्त्र हुँदै आएको देखिन्छ । उनीहरू क्रान्तिको सफलताको सन्निकटमा सम्झौतापरस्त चरित्र हावी भएको देखिन्छ । किन यस्तो हुन्छ ? नेपालमा क्रान्तिकारी विचारको आलोकमा विश्वासको पिरामीड बन्न किन सकिरहेको छैन ? नेपालको समकालीन राजनीतिमा नेता, कार्यकर्ता र जनताबिच अविश्वासको ठूलो खाडल रहँदै आएको छ । अवश्य पनि यो सवाल सामान्य छैन । आज सबैले यो प्रश्नको उत्तर खोजिरहेका छन् । हामीलाई आज सबैखाले अविश्वासलाई विश्वासमा बदलिएको परिस्थिति चाहिएको छ । अग्रगमनको पक्षमा जनतालाई स्पष्ट दिशानिर्देश चाहिएको छ । माओवादी धारामा आएको विभाजनलाई चिन्ताका साथ जगत बाले नजिकबाट हेरिरहनुभएको छ ।

नेपालमा भारतीय हस्तक्षेपका विविध आयाम रहेका छन् । नेपालमा जनराज्यको स्थापना हुन नदिने तथा नेपाली समाजको विविध पक्षको प्रगतिको मुख्य बाधक भारतीय साम्राज्यवाद नै हो । समकालीन जटिल राजनीतिक परिस्थितिका साथ गुज्रिरहेको छ । देश र जनतालाई गणतन्त्रात्मक परिवर्तनको भाव पैदा गर्न सकेन । डबल नेकपाजस्ता संसद्वादीहरूबाट क्रान्तिकारी परिवर्तनको आशा नै गर्नुहुँदैन । डबल नेकपाको मोहरीमा भारत नेपालमा उसको राजनीतिका आधारमा राजनीतिक डिक्टेट गराउन चाहन्छ तर नेपाली जनताका सम्पूर्ण रूपमा यसको खिलाफमा छन् । नेपालको राष्ट्रियता, राष्ट्रिय अखण्डता र जनतन्त्रको रक्षाको प्रश्न गम्भीर बन्दै गएको बेला राष्ट्रियता, जनतन्त्र र जनजीविकाबारे जगत बाको धारणा छ, 'भारतले नेपाललाई आफ्नै पकेट ठान्दछ । दश वर्षको जनयुद्धले आखिर भारतमा नै विसर्जनको भारी बिसाए बाबुराम-प्रचण्डले । उनीहरूले हामी कहिल्यै तिम्रो देशको विरुद्ध जानेछैनौँ' भनेर लिखत नै गरेका छन् भन्ने कुरा उदाङ्गै भएकै हो (उही) ।'

विश्व कम्युनिस्ट आन्दोलन र त्यसक्रममा प्रस्तुत भएका क्रान्तिविरोधी गतिविधिका कारण विसर्जनवादी प्रवृत्ति देखा पर्दै आएका छन् । विश्व कम्युनिस्ट आन्दोलनमा मात्रै नभएर नेपालका सच्चा कम्युनिस्टहरूले यस प्रवृत्तिका विरुद्ध कठोर सङ्घर्ष गर्दै आइरहेका छन् । नेपालको कम्युनिस्ट आन्दोलनमा विसर्जनवादका विरुद्धको सङ्घर्ष तीव्र बन्दै गइरहेको छ । प्रचण्डहरू पनि नराम्ररी विसर्जनवादी भासमा डुबेका छन् । मार्क्सवादको प्रमुख सवाल नै वैज्ञानिक समाजवाद हो । त्यसलाई नकार्नु भनेको कम्युनिस्टबाट विचलनमा जानु हो । साम्यवादी सपनाका साथ सशस्त्र सङ्घर्ष गरेर दश वर्ष लड्यो माओवादीले तर त्यसको परिणाम शून्यजस्तै भयो । क्रान्तिको कठीन कार्य पूरा गर्न रहरले मात्र हुँदैन ।

हरेक हिसाबबाट चितवन जिल्लालाई महत्वपूर्ण मानिन्छ । यो जिल्लालाई क्रान्ति र प्रतिक्रान्तिको केन्द्र पनि भनिन्छ । नेपालको पूर्व र पश्चिम तथा काठमाडौं उपत्यकालाई जोड्ने जिल्ला चितवन हो । सबै जिल्लाका मानिसहरू पाइने हुनाले पहिला-पहिला यो जिल्लालाई ७६ औँ जिल्ला भनिन्थ्योस सायद आज-भोलि ७८ औँ जिल्ला भन्नुपर्ने होला । जानकारहरू भन्छन्, अन्य जिल्लामा जस्तै यो जिल्लामा कम्युनिस्ट पार्टीको जग नै बलियो बनिसकेको छैन । चितवन जिल्ला जग बलियो हुने शैली टुटेको जिल्ला हो । यो जिल्लामा प्रतिक्रान्तिकारीहरूलाई परास्त गर्दै क्रान्तिकारी ऊर्जा भर्न जगत बाको सुझाव छ, 'चितवनमा खास त्यस्तो क्रान्ति भएको छैन । यहाँ सुधारवादी ढङ्गको आन्दोलनहरू भए । यस्ता आन्दोलनहरू पनि विशुद्ध कम्युनिस्टहरूको मात्र नभएर बुर्जुवाहरूसमेत मिलेर भएका छन् । यस्ता सङ्घर्षहरू अस्थायी हुन्छन् । प्रतिक्रान्तिको विरुद्ध लड्नु मुख्यतः पार्टी कम्युनिस्ट सङ्गठनमै मजबुद हुनुपर्छ । यसका लागि सशक्त पार्टी-सङ्गठन हुनुपर्छ । दश बर्से जनयुद्धले पार्टी-सङ्गठन तल्लोस्तर खाली पारिदियो । चाहे पार्टी सङ्गठन, चाहे सांस्कृतिक सङ्गठन, चाहे प्रतिक्रान्ति रोक्न नै किन नहोस्, कम्युनिस्ट पार्टीको जग नै बलियो चाहिन्छ । चितवनमा यो शैली यतिखेर टुटेको छ । चितवन मात्र होइन, देशैभरि यही लहर हावी भएको छ यतिबेला (उही) ।'

जीवनको एउटा क्षणमा कम्युनिस्ट पार्टीको सदस्यता लिइसकेपछि त्यसको मूल्यलाई आत्मसात् गरेर जीवनभर त्यसको वैचारिकीअनुरूप जीवन-व्यवहारमा ढाल्न सक्नु जगत बाको सर्वाधिक महत्वपूर्ण पक्ष हो । ठोस परिस्थितिको ठोस विश्लेषण भनेजस्तै परिवर्तित परिस्थितिमा नयाँ नीति र नयाँ विचार र नयाँ तरिकाद्वारा मात्र अघि बढ्न सकिन्छ भन्ने कुरामा विश्वस्त जगत बा समयसापेक्ष परिवर्तनको सूक्ष्म अध्ययन र त्यसले खोल्दै गरेको नयाँ क्षितिज देख्न सक्ने दूरदर्शी विचारक, चिन्तक र राजनीतिज्ञ हुनुहुन्छ । क्रान्तिकारी आशावादद्वारा ओतप्रोत, स्वप्नदृष्टा जगत बा दर्शनमा भौतिकवादी, सिद्धान्तमा मार्क्सवादी र राजनीतिमा वैज्ञानिक समाजवादी हुनुहुन्छ । दर्शन-सिद्धान्त, जीवन-व्यहार, आदर्श- सपना र सिर्जनाको केन्द्रीकृत अभिव्यञ्जनाका आधार उहाँमा सघन मार्क्सवादी सौन्दर्यात्मक घनत्व रहेको छ ।

# किन स्वीकार...

हुन । साझा भाषा, साझा इतिहास, साझा धर्म संस्कृति, साझा भूगोल र साझा मनोविज्ञान भएका समुदायलाई जाति वा राष्ट्र भनिन्छ । नेपालमा त्यस्तै साझा भाषा, साझा इतिहास, साझा धर्म संस्कृति, साझा भूगोल र साझा मनोविज्ञान भएका समुदायलाई आदिवासी जनजाति भनिन्छ ।

नेपालका आदिवासी जनजातिहरु देशको भौगोलिक अखण्डता कायम राखेर आफ्नो पुर्खौली क्षेत्रमा स्वायत्त शासनको अधिकार अभ्यास गर्न चाहन्छन । जाति र राष्ट्रका आधारमा राज्य वा प्रदेशको निर्माण अन्तर्राष्ट्रिय राजनीतिक र कानुनी मान्यताप्राप्त प्रचलन पनि हो । तर यो नयाँ संविधानले स्वशासन र स्वायत्तताको अधिकारबाट उत्पीडित जातिरसमुदायलाई वञ्चित गराई बहुराष्ट्रिय नेपाललाई एकल राष्ट्र-राज्यको रुपमा परिभाषा गर्न खोजेको छ । बहुराष्ट्रिय देशमा एकल जाति, भाषा, धर्म तथा संस्कृतिको संरक्षण गर्नु नै नेपाली राष्ट्रवादको विकास गर्नु हो भन्ने एकल राष्ट्रवादी चिन्तन नेपालका शासकहरुले बोकेका छन । त्यस्तो चिन्तनलाई नेपालको नयाँ संविधानले वैधानिकता प्रदान गरेको छ । त्यसैकारण संविधानमा बहुराष्ट्रिय□जातीय राज्य भन्ने शब्द पाइदैन ।

राज्यको स्वरुपबाट 'बहुराष्ट्रिय□जातीय राज्य' हटाउनु भनेको केन्द्रीकृत एकात्मक पितृसत्तात्मक सामन्ती राज्यलाई पुनर्संरचना गर्ने नेपाली जनताको चाहनालाई इन्कार गर्नु हो । अढाइ सय वर्षदेखि चलिआएको एकल जातीय राज्यद्वारा बहिस्करणमा परेका आदिवासी जनजाति, मधेसी तथा मुस्लिम समुदायले बहुजातीय राज्यको चाहना पोख्दै आएका छन ।

त्यसैगरी संविधानमा नेपाललाई धर्मनिरपेक्ष राज्य घोषणा गरिएको छ । तर 'सनातनदेखि चलिआएको धर्म संस्कृतिको संरक्षण गर्नुलाई धर्मनिरपेक्षताको सार मानिएको छ । त्यसो गर्नु भनेको हिन्दु धर्मलाई नै निरन्तरता दिनु हो । हिन्दु धर्मलाई निरन्तरता दिनकै लागि संविधानले आदिवासी जनजातिहरुले अस्वीकार गर्दै आएका प्रतीकलाई, विशेषतः गाईलाई नै राष्ट्रिय जनावर र सिम्रिकलाई पुनः राष्ट्रिय रंगको मान्यता दिइएको छ ।

यसका अतिरिक्त धार्मिक स्वतन्त्रताको नाममा व्यक्तिले स्वःइच्छानुसार कुनै पनि धर्म मान्न पाउने र नपाउने वा धर्म परिवर्तन गर्न पाउने र नपाउने अधिकारमाथि पनि बन्देज लगाइएको छ । यस्तो बन्देज लगाउनु भनेको मानवअधिकारको पनि उलंघन गर्नु हो । सारमा नेपालका नयाँ संविधानले धर्म निरपेक्ष राज्यको आवरणमा नेपाललाई हिन्दू राज्यकै व्यावहारिक रुपलाई पुनः निरन्तरता दिएको छ । साथै, यो संविधानमा देवनागरी लिपिमा नेपाली भाषालाई सरकारी कामकाजको भाषा बनाएर भाषाको क्षेत्रमा नेपाली भाषाको एकाधिकारवादलाई पुनःस्थापित गरिएको छ । त्यसैले जाति, भाषा, धर्म संस्कृतिको क्षेत्रमा नयाँ संविधानले गणतान्त्रिक-लोकतान्त्रिक मूल्य र मान्यतालाई नै तिलाञ्जली दिएकाले यो संविधानमा आदिवासी जनजातिले 'अपनत्व' अनुभूत गर्न र स्वीकार गर्न सक्ने ठाउँ छैन ।

*२. जनआन्दोलनको भावना विपरीत*

यो संविधानको मूल उद्देश्य आजसम्म नेपालमा विद्यमान एकात्मक र केन्द्रीकृत पितृसत्तात्मक सामन्ती हिन्दु राज्यसत्तालाई अन्त्य गरी धर्मनिरपेक्ष, गणतन्त्र, समानुपातिक समावेशी प्रतिनिधित्व, समावेशी लोकतन्त्र र संघीयतासहितको बहुराष्ट्रिय राज्यको पुनर्संरचनालाई संस्थागत गर्नु थियो । यसका लागि आदिवासी जनजाति अन्दोलन, माओवादी जनयुद्ध, ०६२/६३ सालको जनआन्दोलन, मधेस विद्रोहको भावनाअनुसार संविधानसभालाई निर्देश गर्न तत्कालिन नेकपा (माओवादी) र सात दलबीच बाह्रबुँदे समझदारी, पुनर्स्थापित संसदको घोषणा, माओवादी र सरकारबीच बृहत शान्ति सम्झौता र अन्तरिम संविधान २०६३, नेपाल सरकार र आदिवासी जनजातिहरु तथा मधेसी समुदायसँग विभिन्न समयमा सहमति रसम्झौता भएका थिए ।

राज्य पुनर्संरचनाका सन्दर्भमा पहिलो संविधानसभाको राज्यको पुनर्संरचना तथा राज्यशक्तिको बाँडफाँड समितिले पहिचान का पाँच र सामर्थ्यका चार आधारमा १४ प्रदेश र २३ स्वायत्त क्षेत्र तथा सोही आधारमा राज्य पुनर्संरचना उच्चस्तरीय सुझाव आयोगले १० भौगोलिक र १ गैर भौगोलिक प्रदेश तथा २३ स्वायत्त क्षेत्र सिफारिस गरेका थिए । त्यसैगरी आदिवासी जातिको अधिकारसम्बन्धी राष्ट्रसंघीय घोषणापत्र, श्रमसंगठन महासन्धि–१६९ अल्पसंख्यकहरुको अधिकार सम्बन्धी घोषणापत्र, सबै प्रकारका नस्लीय भेदभाव उन्मूलनसम्बन्धी महासन्धिलगायतका मानवअधिकारका अनुबन्धहरुले आदिवासी जनजातिहरुको अधिकार सुनिश्चित गरेका छन छन । तर संविधानमा धर्मनिरपेक्षता, गणतन्त्र, समावेशिता, संघीयता उल्लेख हुनु रुपमा सकारात्मक जस्तो देखिएता पनि संविधानले सारमा न नेपाली जनताको संघर्ष र क्रान्तिका उपलब्धिलाई संस्थागत गर्न सकेको छ न त अन्तर्राष्ट्रिय अनुबन्धहरुको पालनानै गर्न सकेको छ ।

संविधान निर्माणको क्रममा जुन प्रक्रिया र विधि अपनाइयो, जसरी पूर्वनिर्धारित संविधान निर्माणका आधार, सिद्धान्त र सम्झौतालाई रद्दीको टोकरीमा फालेर केही नेताको निर्देशनमा मुट्ठिभर एकल जातीय सामन्त र दलाल नोकरशाही पुजिपतिको स्वार्थरक्षाका लागि यथास्थितिवादी र पश्चगामी संविधान बनाइयो, त्यसप्रति नेपालका आदिवासी जनजातिहको गम्भीर आपत्ति र असहमति रहेको छ ।

*३. संवैधानिक विधि र लोकतान्त्रिक प्रक्रिया विपरीत*

यो संविधान प्रमुख चार दलको सोह्रबुँदे सहमतिमा टेकेर बनेको छ । संविधान जारी गर्ने अन्तिम समयमा चार दलमध्येका एक दल (तत्कालिन मधेसी जनाधिकार फोरम लोकतान्त्रिक)लाई पनि संविधानसभाबाट बाहिरिन बाध्य पारियो । चार राजनीतिक दलबीच भएको यस्तो सहमति आदिवासी जनजातिहरुको भावना र चाहनाको विपरीत मात्र नभएर उक्त सहमति नेपालको अन्तरिम संविधानको धारा-१३८ (१) र धारा-१३८ (२) को पनि विपरीत छ । उक्त धारामा संघीय प्रदेशहरुको नामांकन, सीमांकनलगायत राज्य पुनर्संरचनाका सबै मुद्दा संविधानसभामा टुङ्गो लगाएपछि मात्रै संविधान जारी गर्ने भन्ने प्रावधान उल्लेख छ ।

तर, चार राजनीतिक दलले यी कुनै पनि कुरा टुङ्गो नलगाएर बिनाआधार नामांकन र सीमांकनबिनाको सात प्रदेशसहितको संविधान आफूखुसी जारी गरेका हुन । संविधान जारी गर्ने बेलामा संविधानसभाभित्र संविधानको अन्तर्वस्तुबारे निर्वाचित जनप्रतिनिधिहरुबीच कुनै छलफल भएन । बरु नेपालमा २०७२ बैशाख १२ र २९ गते गएको विनाशकारी महाभूकम्पका कारण नेपाली जनाताको ध्यान भूकम्पतिर मोडिएको अवसर पारेर संविधान जारी गर्ने अन्तिम प्रक्रियामा संविधानसभामा प्रतिनिधित्व गर्ने तराई–मधेसवादी दलहरुलाई समेत समाहित नगरी हतारमा संविधान घोषणा गरियो । संविधान घोषणा गर्नुअघि मस्यौदा संविधानउपर जनमत संकलन गर्ने बहाना गरी प्रमुख रानीतिक दलका नेता कार्यकर्तालाई आ-आफ्नो निर्वाचन क्षेत्रमा पठाइयो । तर नाटकीय ढंगमा गरिएको मस्यौदा संविधान सुझाव संकलन कार्यलाई आदिवासी जनजाति र मधेसकेन्द्रित दलहरुले बहिस्कार गरे भने भूकम्पको पीडा र महाभूकम्पको सन्त्रासमा बाँचिरहेका नेपाली जनताले मस्यौदा संविभान सुझाव संकलन कार्यमा उल्लेखनीय सहभागिता देखाएनन । अतः सुझाव संकलन कार्य एउटा नाटक मञ्चन मात्र सावित भयो ।

त्यसैगरी दोस्रो पटकको संविधानसभाको चुनाव बहिस्कार गर्ने कुनै पनि दललाई संविधान निर्माणमा सामेल गरिएन । संविधानसभामा सभासदको स्वविवेकको प्रयोग गर्ने अधिकारमाथि बन्देज लगाइयो । नेपाली कांग्रेस, तत्कालिन एमाले र तत्कालिन एमाओवादीले आफ्ना सभासदलाई मस्यौदा विधेयकमाथि संशोधन प्रस्ताव दर्ता गर्न दिएनन र गर्नेको प्रस्ताव पनि जबर्जस्ती फिर्ता लिन लगाए ।

अन्तमा सरोकारवाला दल र समुदायको पूर्व सुसूचित सहमति र सहभागिताबिना संविधान जारी गरियो । जनताले मस्यौदामाथि छलफल गर्न नपाउनु, एउटै जातका ९ र १० जना नेताले मनखुसी लेख्नु र प्रक्रियामा निषेध गरेर परिणाममा नियन्त्रण गर्नु आफैमा संविधानसभाको मर्म र मान्यताविपरीत थियो । संविधान निर्माण प्रक्रियाका बेला तीन राजनीतिक दलले सर्वोच्च अदालतको आदेश, राष्ट्रपति, उप-राष्ट्रपतिको निर्देशन, अन्तराष्ट्रिय समुदायको सुझाव सल्लाह र आन्दोलनरत सबै पक्षको सरोकारलाई बेवास्ता गरी संविधान जारी गरेकाले यो संविधानप्रति सबै सरोकोरवालाको असहमति रहेको छ ।

*४.आदिवासी जनजातिका हक अधिकार विपरीत*

यो संविधान आदिवासी जनजातिहरुका हक र अधिकार विपरीत छ । यसले नेपालको अन्तरिम संविधानले प्रदान गरेका नागरिक हकअधिकार समेत कटौती गरेको छ । त्यसैले नेपालको अन्तरिम संविधानको तुलनामा यो संविधान अत्यन्त पश्चगामी छ र यसले देशलाई पुनः प्रतिगमनतिर धकेलेको छ । अन्तरिम संविधानमा सुनिश्चित भइसकेका स्वशासित तथा स्वायत्त क्षेत्र पनि संविधानबाट हटाइएको छ । यो संविधानमा अन्तर्राष्ट्रिय समुदायद्वारा स्वीकृत र नेपालराज्यपक्ष बनेको अन्तर्राष्ट्रिय कानुनबमोजिमको आदिवासी जनजातिको आत्मनिर्णय, स्वशासन र स्वायत्तताको अधिकारस समानुपातिक प्रतिनिधित्व र अग्राधिकार, मातृभाषामा सूचनाको हक, मातृभाषामा संचारसंस्था खोल्ने र राज्यको स्रोत प्राप्त गर्ने तथा सरकारी संचार माध्यममा पहुँचको हक, मातृभाषामा उच्चशिक्षाको हक, प्राकृतिक स्रोतमाथिको अग्राधिकारस पहिचानसहितको विकासको अधिकार, कुनै हकको ग्यारेन्टी गरिएका छैनन । यसमा मातृभाषी बालबालिकालाई आफ्नो मातृभाषामा आफ्नो इतिहास, संस्कृति, परम्परागत शिक्षा पाउने हकको व्यवस्था छैन । आदिवासी जनजातिहरुको प्रथाजन्य कानुन, स्वतन्त्र तथा पूर्व सुसुचित मञ्जुरीको अधिकार पनि परेका छैनन । आर्थिक, सामाजिक तथा सांस्कृतिक मानव अधिकारसम्बन्धी हक कानुन बनाई लागू गरिनेछ भनिएको छ । यी हक अमूर्त छन र यसबाट आदिवासी जनजातिहरुले कुनै फाइदा लिनसक्ने अवस्था छैन ।

संविधानमा व्यवस्था भएका स्वतन्त्रता र समानता जस्ता मौलिक हक अधिकार पनि राष्ट्रियता, सार्वभौमिकता, भौगोलिक अखण्डता तथा साम्प्रदायिक सदभाव आदिका नाममा प्रतिबन्धित हुन सक्ने वा खारेज गर्नसक्ने व्यवस्था गरिएको छ । बरु संविधानमा सामाजिक न्यायअन्तर्गत आदिवासी जनजाति, अल्पसंख्यक समुदाय तथा उत्पीडित र उपेक्षित जाति समुदायलाई राज्यले प्रदान गर्ने समावेशी समानुपातिक प्रतिनिधित्व तथा आरक्षणजस्ता विशेष सेवा सुविधा खस आर्य (बाहुन, क्षेत्री, ठकुरी, सन्यासी, दशनामी) भनिने शासक समुदायहरुलाई पनि प्रदान गर्ने व्यवस्था गरिएको छ । यो संविधान खसआर्यलाई आरक्षण दिने र उत्पीडित जात, जाति र श्रमजीवीको अधिकार र सामाजिक न्यायको हकलाई समाप्त पार्ने पार्ने दिशातिर उन्मुख हुँदै गएको देखिन्छ ।

*५.जातीय पहिचान विपरीत*

यो संविधानले आदिवासी जनजातिहरुले मागेको जातीय पहिचानलाई नकारेको छ । यो संविधानमा व्यवस्था गरिएको ७ प्रदेशको संघीय व्यवस्थाको कुनै सैद्धान्तिक आधार छैन । ७ प्रदेशको संघीय व्यवस्था पहिलो संविधानसभा, राज्य पुर्संरचना समिति र उच्चस्तरीय सुझाव आयोगद्वारा स्थापित संघीय एकाइ निर्धारणका पहिचान र सामर्थ्यका सिद्धान्त र मापदण्ड विपरीत छ ।

पहिलो संविधानको राज्यपुनःसंरचना समिति र सुझाव आयोगले पहिचानलाई प्राथमिक आधार मान्दै एक प्रतिशतभन्दा बढी जनसंख्या भएका समुदायको भूगोललाई आधार बनाएर संघीय एकाइ (प्रदेश) र सोभन्दा थोरै जनसंख्या भएका समुदायको भूगोललाई स्वायत्त क्षेत्र (विशेष संरचना) को सिमाङ्कनको विधि सुझाएको थियो । त्यसो हुँदा पहिचान र स्वायत्त प्रदेशरक्षेत्र सँगसँगै बन्थ्यो । तर यो संविधानले आदिवासी जनजातिहरुको पहिचानलाई अस्वीकार गरेर उनीहरुको भूगोल, भूमि, भाषा, मनोभावना, संस्कृति, जनसंख्यालाई खण्डित गरेको छ ।

संविधानले व्यवस्था गरेको ७ प्रदेशले पहिचान दिँदैन । लिम्बुवान र खम्बुवान १ नं. प्रदेशमा, नेवाः र तामसालीङ २ नं प्रदेशमा, तमुवान र आधा मगरात ४ नं. प्रदेशमा, आधा थरुहट र आधी मगरात ५ नं. प्रदेशमा, खसआर्य ६ नं. र ७ नं. प्रदेशमा राखिएको छ । मगर समुदायलाई ४ नं. र ५ नं. प्रदेशमा र थारु समुदायलाई ५ नं., ६ नं. र ७ नं. प्रदेशमा विभाजित गरिएको छ । यस किसिमको विभाजनले प्रदेशको नामका लागि लिम्बु र राईबीच, तामाङ र नेवारबीच, मगर र गुरुङबीच, थारु र मगरबीच झगडा गराउने छ । र, यस्तो प्रदेशमा कुनै पनि प्रदेशको सत्तामाथि जनजातिको अग्रराजनीति हुने स्थिति देखिँदैन ।

यो संविधानको व्यवस्थाअनुसार भविष्यमा पनि पहिचान स्थापित हुन सक्दैन । किनभने प्रदेशको सीमांकन यसरी गरिएको छ कि जसले गर्दा दुई नम्बर प्रदेशबाहेक अरु कुनै पनि प्रदेशसभामा खसआर्य समुदायबाहेक अरु कुनै जाति र समुदायको बाहुल्यता हुने स्थिति रहँदैन । यो संविधानको व्यवस्थाबमोजिम दुई तिहाइ बहुमतद्वारा प्रदेशको नाम पारीत गर्नुपर्दछ र त्यसो हुँदा ऐतिहासिक थातथलोको आधारमा प्रदेशको पहिचान राख्नु तत्काललाई सम्भव छैन । त्यसको लागि अर्ऽको जन आन्दोलनको आवश्यकता पर्दछ ।

*६.जातीय स्वशासन र स्वायत्तता विपरीत*

आदिवासी जनजाति आन्दोलन, २०६२/६३ सालको जनआन्दोलन, माओवादी सशस्त्र संघर्ष र मधेस विद्रोहले नेपालको शक्ति संरचनामा आधारभूत परिवर्तनको आकांक्षा राखेका थिए । गणतन्त्र त्यसको आवरण थियो । सार कुरा- विद्यमान वर्ऽगीय, जातीय तथा क्षेत्रीय उत्पीडनको अन्त्य गर्न पहिचान र संघीयतासहितको राज्यको पुनर्संरचना तथा राज्यसत्तामा सबै नेपालीको समान र न्यायपूर्ण सहभागिता हो । संघीयता त्यसका लागि माध्यम थियो ।

संघीयताको आदर्श भनेको स्थानीयरक्षेत्रीय तहमा स्वशासनरस्वायत्तता र केन्द्रमा साझा शासन हो । यस्तो बहुजातीय देशमा अन्तर्राष्ट्रिय कानुनी मान्यताअनुसार उत्पीडित जाति र समुदायको पहिचानसँगै त्यो समुदायको स्वशासन र स्वायत्तता सामूहिक अधिकार जोडिएको हुन्छ । आदिवासी जनजातिको अधिकारसम्बन्धी राष्ट्रसंघीय घोषणापत्रअनुसार आदिवासीजातिलाई आत्मनिर्णयको अधिकार हुन्छ, जसको अभ्यास आदिवासी जनजातिले स्वशासन र स्वायत्ततामार्फत गर्न सक्दछन । त्यस्तो स्वशासन स्वायत्त प्रदेश क्षेत्रको राजनीतिक आर्थिक सांस्कृतिक क्षेत्रमा आदिवासी जनजातिहरुको अग्राधिकार हुन्छ । राज्य पुनर्संरचना समिति र सुझाव आयोगले स्वायत्त प्रदेश र क्षेत्रमा सम्बन्धित बाहुल्य जातिलाई दुई अवधिका लागि प्रमुख पदमा अग्राधिकार हुने प्रस्ताव पनि गरेका थिए । पहिलो सविधानसभा, प्राकृतिक स्रोत र आर्थिक अधिकार समितिले आदिवासी जनजातिलाई प्राकृतिक स्रोतसाधनमाथि प्राथमिक अधिकार हुने सिफारिस पनि गरेको थियो । भारत र चीनमा समेत अल्पसंख्यकलाई यस्तो व्यवस्था गरिएको छ । तर यो संविधानले पहिलो संविधानसभाको समिति र आयोगको उक्त सिफारिसलाई लत्याएको छ । उत्पीडित आदिवासी जनजाति र मधेसीसमुदायलाई आत्मनिर्णय, अग्राधिकार, स्वशासन र स्वायत्तताको अधिकार दिएको छैन । यसले उत्पीडित जाति र समुदायलाई सत्ताको मालिक र सत्ता साझेदार बनाउँदैन । संविधानले आदिवासी जनजाति आयोगको व्यवस्था गरेको छ । तर संविधानमा उक्त आयोगको काम, कर्तव्य र क्षेत्राधिकारका विषयमा केही पनि बोलिएको छैन । यो सत्ताधारी दलले आफ्ना पार्ऽटी कार्यकर्तालाई जागीर ख्वाउन प्रयोग गर्ने थलोजस्तो बनेको छ ।

*७. संघीयताको सिद्धान्त र भावना विपरीत*

यो संविधानमा व्यवस्था भएको संघीयतालाई भौगोलिक प्रशासनिक संघीयता भनिन्छ । यसको शक्ति संरचना अत्यन्तै केन्द्रीकृत ढाँचाको छ । संघ र प्रदेशबीचको साझा सूची तथा प्रदेश र स्थानीय निकायबीचको साझा सूचीका विषयमा पनि केन्द्रलाई कानुन बनाउने अधिकार दिइएको छ । जबकि भारतका कतिपय ट्राइबल राज्य र स्वायत्त क्षेत्रमा केन्द्रले बनाएको कानुन राज्य र स्वायत्त क्षेत्रसभाले अनुमोदन नगरी लागू हुँदैन ।

यो संविधानमा अवशिष्ट अधिकार पनि केन्द्रमा राखिएको छ । प्रदेश सरकारलाई निलम्बन, भंग, विघटन गर्ने अधिकार पनि केन्द्रसँगै राखिएको छ । यसले गर्दा प्रदेशको सरकार स्थिर नहुने निश्चित छ । वैदेशिक ऋण लिने अधिकार केन्द्रलाई मात्र दिइएको छ । प्रदेशको कर राजस्व अधिकारको क्षेत्र एवम् दायरा अत्यन्तै साँघुरो गरिएको छ । पहिलो संविधानसभा, राज्यपुर्संरचना समिति र उच्चस्तरीय आयोगले प्रदेश सूचीमा सिफारिस गरेका कर राजस्व, प्राकतिक स्रोत र आर्थिक अधिकार कटौती गरिएका छन् । यो संविधानमा राजस्व र आर्थिक अधिकारका दृष्टिले पनि केन्द्र अति शक्तिशाली र प्रदेश अत्यन्तै कमजोर छ । प्रदेशलाई स्थानीय स्वायत्त शासन ऐनले दिएको अधिकार पनि दिएको छैन । यो पञ्चायतकालीन १४ अञ्चलको नमुना हो । त्यसैले यो संविधानमा बनाइएको संघीयता असफल भएमा कुनै अचम्म मान्नुपर्ने छैन । किनकि यो संविधान पहिले प्रदेशलाई असफल बनाउने र त्यसपछि संघीयतालाई नै असफल बनाउने ढाँचामा ल्याइएको छ ।

*८. समानुपातिक समावेशी सिद्धान्तको भावना र मर्म विपरीत*

राज्य पुनर्संरचनाका एउटा प्रमुख हतियार भनेको समानुपातिक र समावेशिता हो । यो मस्यौदाले दुई पटक संविधानसभाको निर्वाचनमा अभ्यास भइसकेको समानुपातिक निर्वाचन प्रणालीअन्तर्गत सुनिश्चित भएको ५८ प्रतिशत प्रतिनिधित्वलाई घटाएर ४० प्रतिशतमा झारेको छ । यसले गर्दा अब संसदमा महिला, आदिवासी जनजाति, दलित, मधेसी, पिछडावर्ग, मुस्लिम, अल्पसंख्यकको राजनीतिक प्रतिनिधित्व स्वतः घट्दै गएको छ । यसले २०६४ र २०७० को संविधानसभाको समावेशी लोकतन्त्रलाई २०४७ तिरको असमावेशी राज्यव्यवस्थातिर फर्काउँदै छ । यो राज्यको सबै तह, अंग जातीय जनसंख्याको अनुपातअनुसार समानुपातिक समावेशी हुनुपर्छ भन्ने समावेशी लोकतन्त्रको मान्यताबाट पछि हटेको छ ।

यसमा महिलाको हकमा केन्द्रदेखि स्थानीय तहसम्म ३३ प्रतिशतको मूर्त व्यवस्था छ। दलितलाई समानुपातिक प्रतिनिधित्वको व्यवस्था गरिएको छ। तर समानुपातिक प्रतिनिधित्व कानुन बनाई लागू गर्ने भनिएकाले सो व्यवस्था कार्यान्वयन हुनेमा कुनै सुनिश्चितता छैन । आदिवासी जनजाति र मधेसीलाई भने यति सुविधा (हक) पनि उपलब्ध छैन । साथै, संविधानमा न्यायपालिका, मन्त्रिमण्डल, संवैधानिक आयोगहरुको गठनको प्रावधान समानुपातिक प्रतिनिधित्व र समावेशी लोकतन्त्रको सिद्धान्त विपरीत छ ।

यो संविधानले मिश्रित निर्वाचन प्रणाली अपनाएको छ र पहिलो हुने निर्वाचित हुने पद्धतिमा विद्यमान जिल्लामा कम्तिमा एक प्रतिनिधि हुनेगरी बाँकीमा जनसंख्याको अनुपातअनुसार प्रतिनिधि मिलाउने भनिएको छ । यसमा एकातिर पञ्चायतकालीन जिल्लालाई कायम राख्ने मोह देखिन्छ भने अर्ऽकोतिर जनजाति आन्दोलनले भनेझैं जातीय जनसंख्याको आधारमा समानुपातिक प्रतिनिधित्वको मुद्दालाई सम्बोधन गरिएको छैन । ५० प्रतिशत जनसंख्या ओगटेको तराईरमधेसले पनि जनसंख्याका आधारमा प्रतिनिधित्व पाउने सुनिश्चितता छैन । यो समावेशी लोकतन्त्रको सिद्धान्त र मान्यता विपरीत छ ।

*९.संघीय न्यायालयको मान्यता विपरीत*

यो संविधानले राज्यका संघ, प्रदेश र स्थानीय तहको कल्पना गरेको छ । तर न्यायपालिकामा भने सर्वोच्च अदालत, उच्च अदालत र 'जिल्ला' अदालतको व्यवस्था पनि छ । जिल्ला अबको राज्यको कुनै तह होइन । यो एक विसंगति हो । यो तीनै तहको न्यायाधीश एवम् कर्मचारीहरुको व्यवस्था एउटै संघीय संवैधानिक परिषद, न्यायपरिषद र सेवा आयोगबाट नियुक्ति गरिने व्यवस्था छ । साथै, उच्च अदालत र जिल्ला अदालतले सर्वोच्च अदालतले प्रत्यायोजित गर्ने अधिकार प्रयोग गर्नेछन ।

पुजीवदी मुलुक समेत अमेरिकामा समेत कुनै राज्यका न्यायाधीश राज्यबाट निर्वाचित हुन्छन, कुनै न्यायाधीशलाई प्रदेश सरकारले नियुक्त गर्दछ तर नेपालको नयाँ संविधानमा न्यायालय सम्बन्धमा प्रदेशलाई कुनै भूमिका दिइएको छैन । यो एकात्मक चरित्रको न्यायपालिकाको व्यवस्था वास्तवमा संघीयताकै मान्यता विपरीत छ । साथै, संवैधानिक अदालतको भूमिका पनि सर्ऽवोच्च अदालतलाई दिइएको छ, जुन अदालतको भूमिका राजनीतिक विषय हुन सक्छ । यस्तो भूमिकाले सर्ऽवोच्च अदालतलाई स्वेच्छाचारी बनाउन सक्दछ । यसको अनुभव नेपालले विगतमा प्रधान न्यायाधीशलाई कार्यपालिका प्रमुख बनाएर गरिसकेको छ ।

*१० लोकतान्त्रिक शासन पद्धति विपरीत*

यो संविधानले शासकीय व्यवस्थालाई बहुलवादमा आधारित बहुदलीय प्रतिस्पर्धात्मक संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संसदीय शासन प्रणाली भनेको छ । ब्रिटेनलाई संसदीय शासन प्रणालीको जननी मानिन्छ, जहाँ प्रधानमन्त्रीविरुद्ध अविश्वासको प्रस्ताव ल्याउन पाइन्छ र प्रधानमन्त्रीले आफूप्रति विश्वासको मत परिक्षण गराउन संसद भंग गरेर अर्ऽको चुनाव गराउन सक्तछ । तर यो संविधानमा प्रधानमन्त्रीविरुद्ध दुई वर्षसम्म अविश्वासको प्रस्ताव दर्ता गर्न पाइन्न र प्रधानमन्त्रीले पनि संसद भंग गर्न सक्दैन । यो शासकीय स्वरुप, न संसदीय छ न त राष्ट्रपतीय, बरु यो वर्णशंकरीय छ । यसले तानाशाह जन्माउन सक्ने व्यवस्था गरेको छ । हिटलर पनि निर्वाचनबाटै जन्मेका थिए । यो संविधानमा जनताले अत्यधिक मन पराएको राष्ट्रपतीय शासन पद्धतिलाई भने स्थान दिइएन ।

संघीयता सुविधा मात्र होइन, यो शासकीय अधिकार र सत्तामा साझेदारिताको हक पनि हो । तर यो संविधानमा आदिवासी जनजाति, मधेसी तथा अल्पसंख्यक समुदायका लागि प्रदेशरक्षेत्रको शासनमा शासकीय अधिकार र केन्द्रमा साझेदारी हकको ग्यारेन्टी गरिएको छैन । संविधानमा राज्यले नै प्रायोजित रुपमा पछाडि पारेको उत्पीडित समुदायलाई अल्पकालका लागि दिइने अग्राधिकार, विशेषाधिकार, सकारात्मक विभेदको गन्ध समेत छैन ।

*११. अब बहुकेन्द्रित आन्दोलनलाई एकीकृत गर्नु जरुरी*

माथि उल्लेख गरिएका बिबिध करणले गर्दा आदिवासी जनजातिहरुले नेपालको बर्तमान संविधानलाई स्वीकार गर्न सकिरहेका छैनन । उनीहरुले यो संविधानविरुद्ध सुरुदेखिनै गम्भिर असहमती जनाइ रहेका छन र यो संविधान विरुद्ध देशव्यापी आन्दोलन पनि गरिरहेका छन । तर आदिवासी जनजाति आन्दोलनले अपेक्षाकृत रुपमा सफलता प्राप्त गर्न सकेको छैन । यसका धेरै करणहरु छन । संबिधान बिरुद्धको आन्दोलनमा धेरै मधेसी तथा थारु समुदायका जनताले ज्यान गुमाए, कैयन बेपत्ता पारीय र कैयन गिरफ्तार भए । तर राज्य सत्ताले उनिहरुको मागप्रती अलिकती पनि समबेदन्शिलता देखाएन । बरु राज्यसत्ता झनै असहिस्नु, आक्रामक र दमनकारी बन्दै गएको छ । आदिवासी जनजाति आन्दोलन बहुकेन्द्रित आन्दोलन भएकोले पनि त्यसको सशक्त दबाब वर्तमान राज्यसत्तालाई पर्न सकेको छैन । त्यसैले आदिवासी जनजातिहरुको बहुकेन्द्रित आन्दोलनलाई एकीकृत गरी राष्ट्रिय आन्दोलनको रुपमा विकास गर्न आवश्यक छ । त्यसका अतिरिक्त आफ्ना व्यक्तिगत स्वार्थका कारण केही आदिवासी जनजाति नेताहरुले अहिलेको सरकारप्रति सम्झौता परस्त र राजनीतिक दलप्रति दलाली नीति अपनाई रहेका छन । उनिहरुले आदिवासी जनजातिहरुलाई यही राज्यसत्ता र यही सरकारबाट सुधारका आशाहरु देखाएर आदिवासी जनजातिहरुलाई अलमलाई रहेका छन र जनजाति आन्दोलनप्रति गद्दारी गरिरहेका छन । यसले गर्दा अदिवासी जनजाति आन्दोलन कम्जोर बनेको छ । साथै अहिलेका आदिवासी जनजाति नेताहरुले आफुमा पलाएको अनावश्यक व्यक्तिगत महत्वाकांक्षा र बैचारिक अस्पस्ताका कारण आदिवासी जनजाति आन्दोलनलाई आफुहरुजस्तै शोषण र उत्पिडनमा परेका वर्ग समुदायको आन्दोलनसंग एकाकार गर्न चाहन्नन । उनीहरु आदिवासी जनजातिका हक अधिकारमुखी आन्दोलन आदिवासी जनजातिले मात्र गर्नु पर्दछ भन्ने मान्यता राख्छन । तर यस्ता बिचारले अभिप्रेरित आन्दोलनले सफलता प्राप्त गर्न सक्दैन । अतः आदिवासी जनजाति आन्दोलनलाई परिणाममुखी बनाउनका लागि आदिवासी जनजाति आन्दोलनलाई आदिवासी जनजाति जस्तै शोषण र उत्पिडनमा परेका सबै उत्पीडितरउपेक्षित जाति, वर्ग, क्षेत्र र लिङ्गको आन्दोलनसंग एकाकार गर्न आवश्यक छ ।

अहिले व्यक्तिगत स्वार्थका कारणले हो वा दलीय प्रभावका कारणले, बैचारिक अस्पस्ताका कारणले हो वा अन्य कुनै कारणले, आदिवासी जनजाति संघरसंस्थाका केही जिम्मेवार नेतारअगुवाहरुले आदिवासी जनजातिहरुको हक अधिकार अहिलेकै संघीय लोकतान्त्रिक संबिधान संशोधन गरेर सुनिश्चित हुन्छ भन्ने मान्यता राख्छन र यही संबिधान संशोधनको मागलाइ आफ्नो अन्दोलानको मूल मुद्दा बनाएर अगाडी बढ्न चाहन्छन । तर त्यो उनिहरुको भ्रम मात्र हो, किनकि वर्तमान संविधानको संशोधनले उत्पीडित बर्ग समुदायको हक अधिकार सुनिश्चित हुन सक्दैन र त्यतिसम्म गर्न पनि अहिलेको सरकार तयार छैन । अतः देशको समग्र हीत र सबै उत्पीडित वर्ग समुदायको हकरअधिकारको लागि यो प्रतिगामी संविधानलाई पूर्ण रुपमा खारेज गर्नु पर्दछ र यसको ठाउँमा जनताको जनवादी संघीय जनगणतन्त्रात्मक संविधानको निर्माण गर्नु पर्दछ । त्यस्तो संविधानले मात्र देशको हीत र उत्पीडित वर्ग समुदाय लगायत सबै जनताका हक अधिकार सुनिस्चित गर्न सक्दछ । त्यसको लागि सबै उत्पीडित वर्ग समुदायको संयुक्त र एकीकृत आन्दोलनको आवश्यकता छ ।

*(लेखक अखिल नेपाल आदिवासी जनजाति महासंघका अध्यक्ष हुनुहुन्छ ।)*

# देश बेचुवाहरूले आफ्नै सन्ततिका अगाडि मुख देखाउन सक्लान् ?



● बद्री बजगाईं ●

*राजनीतिक कर्म नै परिचय वा नाम सम्बोधनमा आउन थाल्यो । साँच्चिकै हो, धेरै मानिस बसिरहेका ठाउँमा अनायाश वा प्रसंगले पनि कसैले हल्का ढङ्गले कांग्रेसलाई गाली गर्यो वा टिप्पणी गर्यो भने कांग्रेसको कार्यकर्ता जुरूक्क उठेर उफ्रिइहाल्छ । उसले इतिहासको भर्सेलो लगाउँछ– 'कांग्रेसलाई नहेप, हाम्रो इतिहास थाह छ ? राणा शासनविरूद्ध बन्दुक बोकेको हो कांग्रेसले ।' ऊ आफ्नो इतिहासको बल यसरी देखाउँछ कि ऊ नै त्यतिबेलाको मुख्य लडाकु थियो*

परिचय आफैमा पहिचान हो । पहिचान वैयक्तिक, पारिवारिक तथा सामाजिक र राष्ट्रिय सबै हुन सक्छन् । को कुन पहिचानको हैसियतमा हुन्छ, यो देश, काल र परिस्थितिमा भर पर्छ ।

साधारण परिचयमा फलानाको छोरा/छोरी वा फलानाको नाति/नातिनी आदिबाट पनि सुरु हुन्छ । यसो भएमा यो पारिवारिक परिचय हुन्छ । कतिपय अवस्थामा जन्म, स्थान, काम र हैसियतका कुरा आउँछन् । यो वैयक्तिक परिचय हुन जान्छ ।

पहिले सामाजिक परिचय निकै माथि थियो । तपाईको घर कहाँ ? भनी सोध्दा पूर्व वा पश्चिम वा जिल्ला वा ठाउँ भने पुगिहाल्थ्यो । जन्मेको साल वा वर्ष सोधियो भने खडेरी लागेको साल वा बाढीले फलानो डाँडो वा खेत बगाएको साल वा भूइँचालो आएको साल भनी हेक्का राखिन्थ्यो ।

यसले पछिल्लो समयमा आएर ज्येष्ठ नागरिकलाई यसले समस्यामा पारेको छ । नागरिकतामा सही मिति नपर्दा पाउने सेवासुविधाबाट बञ्चित भएका छन् । यी साधरण वा आम परिचयका कुरा भए ।

पछिल्लो चरणमा समाजमा राजनीतिका कुरा र परिचय निकै हाइलाइटमा छन् । हरेकको परिचय कांग्रेस, एमाले, माओवादी, राप्रपा, मधेशवादी आदि रहेका छन् । यो परिचय छरछिमेकमा व्याप्त छ ।

यसो हेरियो भने मानिसको आस्था र कर्मका आधारमा यो परिचय त्यति नराम्रो पनि होइन । शास्त्री र आचार्य तहसम्म पढेकालाई फलाना शास्त्री वा आचार्य भनेर बोलाइन्थ्यो । पछि यो 'थर' मा परिणत भयो । मानौ बाउबाजेले आर्जन गरेको शिक्षाको मापन पारिवारिक सम्पत्तिमा परिणत भयो र छोराछोरीमा भाग लाग्दै गयो ।

यी सबै सामन्तवादी युगका कुरा थिए । सामन्तवादी सोचको विखण्डनमाथि र पुँजीवादी सोचको क्रमशः प्रभाव पर्नथालेपछि नेपालको जातिवादी समाजमा पनि राजनीतिको परिचय अगाडि आउन थाल्यो । कांग्रेस, कम्युनिष्ट, पञ्च आदि परिचय पनि देखिन थाले ।

राजनीतिक कर्म नै परिचय वा नाम सम्बोधनमा आउन थाल्यो । साँच्चिकै हो, धेरै मानिस बसिरहेका ठाउँमा अनायाश वा प्रसंगले पनि कसैले हल्का ढङ्गले कांग्रेसलाई गाली गर्यो वा टिप्पणी गर्यो भने कांग्रेसको कार्यकर्ता जुरुक्क उठेर उफ्रिइहाल्छ ।

उसले इतिहासको भर्सेलो लगाउँछ- 'कांग्रेसलाई नहेप, हाम्रो इतिहास थाह छ ? राणा शासनविरुद्ध बन्दुक बोकेको हो कांग्रेसले ।' ऊ आफ्नो इतिहासको बल यसरी देखाउँछ कि ऊ नै त्यतिबेलाको मुख्य लडाकु थियो ।

यसमा विचार र संघर्षको इतिहासको दम छ । विगतको बलिदानपूर्ण विरासतको दम छ । कुनै टिप्पणीकर्ता मानिस वा विरोधी हच्कन बाध्य हुन्छ किनकि त्यसमा सत्यता छ । कांग्रेसले संवैधानिक राजतन्त्रात्मक संसदीय व्यवस्था ल्याउन राणा शासनविरुद्ध हतियार उठाएकै हो । इतिहास साक्षी छ ।

कांग्रेस हुनुको परिचय यसो भयो । मात्र रुखमा भोट हालेको होस्, कांग्रेसको नीति तथा सिद्धान्त केही थाह नहोस् तथापि ऊ यति कुरा कण्ठ पारिराखेको हुन्छ । यो इतिहास नै उसको परिचय ! कांग्रेस र यसको मूल नेतृत्वले पञ्चायतसामु आत्मसमर्पण गरेन ।

यसै गरी एमालेहरु पनि त्यही कुरा गर्छन् । २०२८ सालको झापा संघर्ष र त्यसैको परिचय । यो इतिहासमा लेखिएको छ । आज एमालेको पंक्ति जहाँ छ, त्यो कुरा चिन्दै हो । तर यसले झापा संघर्षको ब्याज खाइरहेको छ ।

पछिल्लो चरण उठेको जनयुद्ध र देशलाई गणतन्त्र नेपाल बनाउन सफल यो संघर्षमा सहभागी हामीहरु जीउँदै छौं । हाम्रो परिचय माओवादी ! आजसम्मका नेपालीमध्ये सबैभन्दा भाग्यमानी !

तर इतिहास र ऐतिहासिक विरासतविहीन झैं बनाइएका छौं । जीउँदो इतिहास बोकेका टुलुटुलु हेरिरहेका छन्, म्याद सकिएकाको चुरीफुरी र हालीमुहाली छ । 'अगुवा नै बाटामा '' बनेर आफ्नो इतिहास राताराात रछ्यानमा मिल्काएपछि अरुको घरनजिकको पिसाबको न्यानो कति बेर रहला ?

उपाय नास्ती भएपछि साम्राज्यवादको खेलौना बनेको एमालेले भात खानकै लागि देश नै साम्राज्यवादको हातमा सुम्पन लाग्दा साक्षी बस्न पुगेका लाछीहरु के आफूलाई पूर्वमाओवादी भनेर कहिल्यै सोच्छन् होला ? हुन त त्यो अधिकारबाट उनीहरु बञ्चित भैसकेका छन् । आफ्नै भागमा बिस्ट्याइसकेका छन् ।

अन्यथा भात खानकै लागि त देश बेच्नु पर्दैन । यसका बारेमा भावी सन्ततीले सोध्ने छन्, यसो किन भयो ? देश बेचुवाहरु त रहलान् नरहलान् तर तिनका सन्ततीलाई मुख देखाउन धौधौ पर्ने छ । उनैका सन्ततीले उनीहरुलाई गद्दार र देशद्रोही घोषणा गर्ने छन् । उनीहरु जनताको अनि इतिहासको कठघरामा उभिनै पर्छ । देश र जनतामाथि धोका र गद्दारी गर्नेलाई जनता र इतिहासले माफी दिएको इतिहास छैन ।

# इब्रु र हेलिन हत्याको जिम्मेवार टर्किस सरकार



● शान्ता ढकाल●

टर्किस सरकारले सेप्टेम्बर २०१७ मा प्रोग्रेसिभ लयर एसोसिएसनका १८ जना सदस्यलाई सरकार विरोधी मानिसहरूको पक्षमा वकालत गरेको भन्ने आरोपमा गिरफ्तार गरेको थियो । यो त केवल वहानामात्रै थियो । राष्ट्रपति रिसेप तेइप एर्दोगान लगातार केही समयदेखि आफ्नो शासन पद्धतिलाई तानाशाहीकरण गर्न अभ्यस्त थिए जसको परिणाम टर्किस जनताको न्याय र समानताको मुक्तिका लागि संघर्षरत व्यक्तिहरूलाई आतंककारीको संज्ञा दिँदै मर्न वाध्य पार्दै आएको देखिन्छ ।

इब्रु तिम्तिक गिरफ्तार भएका १८ जना वकिलहरूमध्येकी एक सकृय सदस्य थिइन । उनको जन्म १९७८ मा कुर्दिस परिवारमा भएको थियो । टर्किस उत्पीडित श्रमजीवी जनताको मुक्तिको निम्ति संघर्षरत महिला इब्रु तिम्तिक कानुन व्यवसायी तथा मानवअधिकारकर्मी थिइन । उनले फासीवादी र अन्यायपूर्ण कुर्दिस सरकारको अगाडि आत्मसमर्पण नगरी निष्पक्ष अदालतको माग गर्दै २३८ दिनको भोकहडताल गर्दैगर्दा अगस्त २७, २०२० मा अस्पतालमा उनले मृत्युवरण गरिन । उनको उमेर जम्मा ४२ वर्षको थियो । तिम्तिकको मृत्यु पछि टर्किस सरकारको सर्वत्र विरोध र निन्दा हुन थालेको छ । सेप्टेम्बर २०१८ मा तल्लो अदालतले तिम्तिक र उनका साथीहरूलाई १३ वर्ष ६ महिनाको जेल सजाय सुनाएको थियो । यसको विरोधमा तिम्तिकले प्रादेशिक अदालतमा अपिल गरेकी थिइन, जसलाई अस्वीकार गरियो ।

पुनः मार्च २०१९ मा टर्किस सरकारले प्रतिवन्धित पार्टी क्रान्तिकारी पिपुल्स लिबरेसन फ्रन्टको सदस्य भएको आरोपमा यसअघि तल्लो अदालतले सुनाएको लामो जेल सजायलाई नै पुनरावेदन अदालतले सदर गर्दै इब्रु तिम्तिक सहित १८ जना वकिलहरूलाई सबैभन्दा बढी १८ वर्ष ९ महिना वकिल बारकिन तिम्तिक र सबैभन्दा कम ३ वर्ष १ महिना वकिल अहमद मन्दिकलाई सहित.गरी जेल सजाय तोकेको थियो जसमध्ये ८ वर्ष जेल सजाय पाएकी वकिल एजी ककिरलाई भने उनको ६ वर्षकी सानी छोरी भएकाले जेल नभइ छोरीको रेखदेखका लागि घरमा नै नजरवन्दको आदेश दिइयो । उक्त सजाय सुनाउँदा इब्रु तिम्तिक लगायत अरु १७ जना वकिल र उनीहरूको पक्षमा वकालत गर्नेहरूको अनुपस्थितिमै यस्तो निर्णय सुनाइयो । यो निर्णय कसुरदारहरूले गलत र अमानवीय माने । जुरीको अध्यक्षता गरिरहेका न्यायाधीश अकिन गरलेकको नेतृत्वले गरेको अन्यायपूर्ण र मानवता विरोधी निर्णयको विरोधमा निष्पक्ष अदालतको माग राखेर भोकहडताल सुरु गरे । फरवरी २, २०२० मा एटिक अन्सलले पनि भोकहडतालमा साथ दिए । त्यसपछि अप्रिल ५, २०२० मा टर्किस एटर्नीडेमा तिम्तिक र अन्सल दुबैजनाले अदालती प्रक्रिया निष्पक्ष नभएसम्म भोकहडताल कायम राख्ने घोषणा गरे । स्वास्थ्य अवस्था बिग्रदै गएपछि दुबैजनालाई जुलाई ३०, २०२० मा सुरक्षाघेराभित्रै सिल्बिरी जेलबाट इस्तानबुल अस्पताल सारिएको थियो ।




तिम्तिकहरूको संघर्षमय कार्यक्रमलाई सहयोग र समर्थन गर्दै अन्तर्राष्ट्रिय लयर एशोसिएसनले वन्दी वकिलहरूको रिहाइका लागि ३६५ विदेशी र ४०० टर्किस लयरहरूको हस्ताक्षर संकलन गरी उच्च न्यालयमा बुझाएका थिए । केही संघसंस्थाहरूले संयुक्त राष्ट्रसंघले टर्किस सरकारको व्यक्तिगत र पेशागत सुरक्षा प्रतिको फासीवादी व्यहवार विरुद्ध हस्तक्षेप गरोस भन्ने आव्हान गरेका थिए । यी सबै राष्ट्रिय-अन्तर्राष्ट्रिय दबाब र प्रयास गर्दागर्दै पनि टर्किस सरकारले बन्दी बनाइएका वकिलहरूको निष्पक्ष अदालतको माग पूरागर्ने प्रयास गर्नुभन्दा अझ दमनको स्थितिमा अगाडि बढ्यो ।

इब्रु तिम्तिक लामो समयको भोकहडतालका कारण अस्वस्थ भएपछि इस्तानबुलको अस्पतालमा सारिएको उनकी बहिनीले बताएकी थिइन । उनले दिदीका लागि जेलभन्दा अस्पताल कष्टकर रहेको भनेकी थिइन किनकी त्यहाँ बत्ती थिएन, अँध्यारो कोठामा राखिएको थियो जुन चिसो थियो अनि तिम्तिकको भोकहडताल तोडाउन केही खुवाउन दबाब दिइन्थ्यो । भोकहडतालका कारणले इब्रु तिम्तिकको तौल घटेर ३० किलोग्राम भएको थियो तर पनि उनी एर्दोगान सरकारको विनाकारण आतंककारीको संज्ञा दिदैँ एक पक्षीय जेल सजायको तानाशाही निर्णयको विरोधमा टर्किस जनताको मानवीयता र स्वतन्त्रताका लागि जेल जीवन विताइरहेका आफ्ना १७ जना साथीहरूको रिहाइको लागि भोकहडतालमा निरन्तरता दिदैँ, अस्पतालमा नै अगस्त २७, २०२० मा सहादत प्राप्त गरिन । तिम्तिकको अकल्पनीय मृत्युलाई लिएर टर्कीको सरकार र न्याय व्यवस्थाको चौतर्फी विरोध गुञ्जिरहेको छ । तीता टिप्पणीहरूले समाचार भरिएका छन् । त्यहाँका राजनीतिज्ञहरू, मानवअधिकारकर्मीहरू, संगीतकार, कलाकर्मीहरूले सामाजिक सञ्जालमा बहिरो सरकार, टर्कीमा मानवीयता, न्याय र समानताको मृत्यु भएको जस्ता भावनाहरू व्यक्त गरिरहेका छन् ।

हामीले तिम्तिकको भोकहडताल पछिको सहादतको कुरा गर्दैगर्दा केही अगाडिमात्र पनि टर्किस सरकारको फासीवादी चरित्रको शिकार बनेका प्रतिबन्धित सांस्कृतिक समूह योरुम ब्यान्डका कलाकारहरू हेलिन बोलेक, इब्राहिम गोकेक, मुस्तफा कोकेकहरूको पनि भोकहडतालका कारण मृत्यु भएको थियो । लेफ्टिस्ट टर्किस फोक म्युजिक ब्यान्ड माथिको प्रतिबन्ध फुकुवाको माग, उक्त समुहका व्यक्तिहरूको धरपकडको विरोध, उनीहरूको कार्यालय तोडफोडको विरोधमा सरकारसँग स्वतन्त्रताको माग राख्दै हेलिन बोलेक लगायत अरु सांस्कृतिककर्मीहरू अनसन बसेका थिए । टर्किस सरकारको चौतर्फी विरोधको वावजूद योरुम ब्यान्डकी गायिका बोलेनले २८८ दिनको लामो भोकहडतालको क्रममा अप्रिल ३, २०२० मा २८ वर्षको उमेरमा सहादत प्राप्त गरिन साथै उक्त ब्यान्डका सदस्य इब्राहिम गोकेकको भोकहडतालको क्रममा ३२३ दिनमा सहादत भयो, अर्कासाथी मुस्तफा कोकेकको पनि भोकहडताडको २९७ दिनमा मृत्यु भयो । अरु सांस्कृतिककर्मीहरू पनि अनसनमा छन् तर टर्किस फासीवादी सरकारबाट सुरक्षाको कुनै आशा देखिदैन । पछिल्लो केही समयदेखि टर्कीमा मानवअधिकार हननका घटनाहरू बढ्दै गएको ह्युमन राइट्स वाचले उल्लेख गरेको छ । न्यायपालिका जस्तो अंगमा राजनीतिक प्रभावका कारणले नै सरकारको आलोचना गर्ने मानवअधिकारकर्मी, विपक्षीदलका कार्यकर्ता, वकिल, पत्रकार, सांस्कृतिककर्मीहरूलाई आतंककारीको विल्ला लगाउँदै मर्न वाध्य तुल्याएको छ । यसलाई हत्या नभने के भन्न सकिन्छ त ?

तिम्तिकको मृत्युपछि टर्कीका सहरहरूमा इब्रु तिम्तिक अमर छिन् भन्दै प्रदर्शन भइरहेका छन् । अन्तर्राष्ट्रिय रूपमा पनि टर्की सरकारको निन्दनीय कार्यको विरोध र तिम्तिकको समर्थनमा आवाज उठेका छन् । तिम्तिकको शवयात्राका प्रकाशित तस्बिरहरूमा उनको शवलाई धेरै महिलाहरूले काँध दिएको देखिन्छ । उनको शवयात्रामा समर्थकहरूको जनलहर एर्दोगान सरकारले आफ्नो सत्ता प्रतिको नकारात्मक भिड संझिएर त्यहाँ पनि हेलिकोप्टरबाट सैनिकद्वारा अश्रुग्यास प्रहार गरी शवयात्रामा सरिक जनसमूहलाई तितरवितर पार्ने षडयन्त्र गरिएको थियो । विचारधाराकै आधारमा कुनै व्यक्तिविशेष वा पार्टी संगठन, अधिकारकर्मीहरूको माग र आवाजलाई संबोधन र समर्थन गर्न नसक्ने, नागरिक जीवनको रक्षागर्न नसक्ने सरकारलाई सत्तामा बसिरहने अधिकार हुँदैन । हामीसँग यस्ता सत्ताभोगीहरूलाई जनताले सत्ताच्युत गर्दै आएको इतिहास साक्षी छ । मानवअधिकारकर्मी तथा वकिल इब्रु तिम्तिक, सांस्कृतिककर्मी हेलिन बोलेक लगायत भोकहडतालको क्रममा टर्किस सरकारको फासीवादी, तानाशाही कदमका कारण सहादत प्राप्त गरेका प्रति हार्दिक नमन ।

# जातको उत्पत्ति र दमन



● क.भक्तबहादुर श्रेष्ठ ●

*प्रिय रूकू,*

आज म तिमीलाई जातपातको कसरी उत्पत्ति भयो भन्ने बारेमा लेख्दैछु । पहिले त कुनै जातभात थिएन । त्यस बेला कसैलाई युद्धको सञ्चालन र सुरक्षाको काममा चुनेर अधिकार सुम्पिइन्थ्यो । कसैलाई ऋतुहरूको बारेमा विचार गर्ने, बाढी र नदीको गति जान्ने- जसले सामाजिक, आर्थिक प्रगतिलाई गति दिन सकोस् । जिम्मा दिएपछि तिनीहरू नै क्रमशः क्षेत्री, ब्राह्मण हुनगए । पहिलेका पत्रमा पनि यसबारे केही लेखिसकेको छु । बाँकी सबै वैश्यहरू थिए । जनसङ्ख्या बढ्नुको साथसाथै उत्पादन र उत्पादनको साधनहरूको वृद्धि र विनिमय-व्यापारले मानिसलाई विभिन्न पेसामा विभाजित गरेपछि वर्णव्यवस्थाको उत्पत्ति भई जातको उदय भयो । त्यस बेला जातहरू छुट्टिनुको मतलब आफ्नो पेशालाई बुझाउनु थियो र जसले जे काम गर्दथे त्यो त्यही वर्ण वा जातको हुन्थ्यो । एउटै बाबुका दुई छोराहरू पनि विभिन्न जातभात, वर्णका हुन्थे । तर त्यस बेला वर्ण र जात बेग्लाबेग्लै भए पनि भातपानी नचल्ने भन्ने कुरै थिएन–जस्तो सम्झ अहिले हाम्रो समाजमा कुनै बाबुका चार दाजुभाइमा कुनै खेती गर्छन्, कुनै जागिर खान्छन् र कुनै दोकान थाप्दछन् । त्यस्तै खेती गर्नेलाई किसान, जागिर खानेलाई कर्मचारी, दोकान थाप्नेलाई पसले भन्दछन् । त्यसबेलामा आफ्नो योग्यता अनुसार जुनसुकै पेसा लिए पनि पाइन्थ्यो र पेसाअनुसार वर्ण र जात गनिन्थ्यो । यस कुराको प्रमाण धर्मशास्त्रमा पनि पाइन्छ । महाभारत शान्ति पर्वको अध्याय १८६ को श्लोक ६,७ र ८ मा भारद्वाजले भनेका छन् :

*चातुर्वणस्य वर्णेन यदि वर्णो विभज्यते*
*सर्वेषां खलु वर्णानां दृश्यते वर्णशंकर ।*
*काम क्रोध भयं लोभ शोकश्चिन्ता क्षुधाश्रम*
*सर्वेषां न पुत्रवति कस्मादवर्णे विभज्यते ।*
*तनु रक्षति सर्वेषां कस्माद्वर्णे विभज्यते*

अर्थात् : एक वर्ण र अर्को वर्णमा के फरक छ ? किनभने रङमा त तिनीहरू फरक देखिँदैनन् । यदि रङ्लाई नै 'वर्णहरू' छुट्याएको भनौं भने वर्ण मिलीजुली जाने देखिन्छन् । काम, क्रोध, भय, लोभ, शोक, चिन्ता, सुख, परिश्रम इत्यादि कुरामा एक वर्णदेखि अर्को वर्णमा फरक छैन, तैपनि फेरि वर्णभेद किन भयो ? भृगु जबाफ दिन्छन् :

*न विशेषोस्ति वर्णानां सर्वे ब्राह्मं इमे जगत् ।*
*ब्राह्मण पूर्व सृष्टा हि कर्म त्रिर्वणतोगतम ॥*

अर्थात् : सबै पहिले ब्राह्मण थिए, भनाइको मतलब सबै एउटै सङ्गठन भित्रका थिए र ब्राह्मण थिए । पछि ब्राह्मण कर्म र अधिकारका कारण त्यसदेखि बाहिर निस्केर एउटा 'वर्ण' भयो ।

ब्राह्मण, क्षत्री र वैश्य यी तीन वर्णमा अर्को वर्ण शुद्र पनि थियो, जो हारेका गणहरूबाट पक्रेका र आत्मसमर्पण गरेका व्यक्तिहरू थिए । ब्राह्मणका छोरा क्षत्री र वैश्य पनि हुन्थे र त्यस्तै शुद्र क्षेत्री र वैश्यहरू आफ्नो कर्मअनुसार ब्राह्मण पनि हुनसक्थे । आफ्नो कर्मअनुसार संस्कृति ब्राह्मणका छोरा दुई जनामध्ये गौरिविति ब्राह्मण र अर्को रन्तिदेव क्षेत्री भएको उदाहरण पाइएको छ ।

*तिमीलाई अझ अरू केही उदाहरण दिऊँ,*
*जुन बार्हस्पत्युपनिषद् बज्रच्युपनिषद् मा लेखिएको छ :*

जाविर्ब्राह्मण इति चेत तर्हि अन्य जातौं समुद्भवा वहवो मर्हषयः सत्ति । ऋष्यश्रृङ्गो मृग्यां जातः कौशिकः कुशस्तंवान गौतमः शशपृष्ठे वाल्मिकीः वल्मिक्यां व्यासः कैवर्त कन्यायां पराशरश्चाण्डालीगर्भातपन्नः बशिष्ठो बेश्यामः विश्वामित्र क्षत्रियायां अगस्त्य कलशस्जातः मांडव्यो मान्डुकी गर्भोत्पन्नः मातंगो मातंगी पुत्र अनुचरो हस्तिनो गर्भोत्पनः भारद्वाज शुद्री गर्भोत्पन्नः नारदो दाशी पुत्रः इति श्रुयं मे पुराणे । तेषां जातिं विनापि सम्यग ज्ञान विशेषाद ब्राह्मं सत्यं स्वीक्रियते, तस्माज्जात्या ब्राह्मणेन भवत्येव ।

अर्थात् : यदि जातिबाट ब्राह्मण हुने हो भने धेरै जसो महर्षिहरू तल्ला र निच जातिबाट उत्पन्न भएका छन् । ऋष्यश्रृङ्ग जसले राजा दशरथको पुत्रेष्टि यज्ञ गरेका थिए । हरिणबाट, कौशिक कुशबाट र गौतम खरायोको पिठबाट, बाल्मिकी धमिराको गोलाबाट, व्यास माझीकी छोरीबाट, पराशर चण्डाल्नीबाट, वषिष्ठ बेश्याबाट, विश्वामित्र क्षत्रीबाट, अगस्त्य घडाबाट, माण्डव्य माण्डुकी (भ्यागुती)बाट मातंग मतंगी (हात्तिनी) बाट, भारद्वाज शुद्रीबाट तथा नारद दासीबाट जन्मिएका हुन् । यस्तो पुराणमा पनि सुनिन्छ । यी महर्षिहरूलाई ब्राह्मण भनी स्वीकार गरिएको छ । त्यसैले जातबाट मात्र ब्राह्मण हुँदैन ।

यिनीहरूजस्तै अरूहरू पनि जुन पहिले अब्राह्मण थिए आफ्नो सुकर्मबाट ब्राह्मण भए र ब्राह्मणका छोराहरू पनि नीच कर्मबाट शुद्र भएका उदाहरणहरू पुराणमा पाइएको छ ।

अब के हामीहरू यस कुरालाई झुटो मान्ने ? झुटो हो भने त्यस कुरालाई मात्र किन मान्ने ?

फेरि तिमीले हरिणबाट, कुशबाट, खरायोबाट, धमिराको गोलाबाट, घडाबाट, हात्तिनीबाट, भ्यागुतीबाट जन्मेको भनी आश्चर्यमा पर्लेउ, हुन पनि यस्तो घाँस माटाका ढिस्काबाट, पशु र हाँडाभाँडाबाट मानिस जन्मियो भन्ने कुरा आश्चर्य मान्ने कुरा नै छ । तर, त्यसलाई त्यसरी हेर्ने होइन, जस्तो अहिले हामीहरूकै गाउँघरमा पनि सुन्तलीको छोरो, मेवाकी छोरी, हिमालको छोरा भन्दैमा सुन्तला, मेवा, हिमालको छोराछोरी सम्झिन्छन् र ? मानिसका नै सम्झन्छन् नि । त्यस्तो त त्यसबेलामा पनि हात्तिनी, खरायो, हिरिणी भन्ने पनि मानिस नै हुन् । तर, नीच जातिबाट जन्मिएकाले लेख्नेले साँच्चिकै आश्चर्यका कुरा बनाइदिए र हुनै नसक्ने दैवी शक्तिबाट उत्पन्न भएका हुन्, सराप परेर अथवा बरदान पाएर भन्ने कुराको भ्रमले छोपिदिए । फेरि अर्को कुरा, ती महर्षिहरूको कुरा लुकाउन यसमा लेखकहरूले अनौठो भ्रम पारिदिए । अनैतिक व्यवहारहरू गरेर बच्चा जन्माएको कुकर्म लुकाउन कसैले धमिराको गोलामा लगी, कसैले घडामा राखी, कसैले कुशको झाँङमा लगी फालिदिए । अनि कोही अर्कोले त्यसलाई भेट्टाए र त्यसलाई पाल्न थाले, अनि त्यही बच्चा आफ्नो गुण र कर्मले ब्राह्मण हुनगयो । अहिले हाम्रो समाजमा पनि व्यभिचारीहरूको व्यभिचारमा परेर कर्यौले गल्ली र झाडीमा सालनाल सहितको बच्चा फयाँकिएको तिमीले सुनेको हुनुपर्छ ।

यस्ता त्रिकालदर्शी सच्चरित्र ब्रह्मचारीहरूबाट पनि यस्तो हुनसक्छ र ? यो त मलाई भ्रम दिएको हो भनी तिम्रो मनमा पर्नजाला । मैले तिमीलाई भ्रम दिएर के फाइदा ? तर तिमीले चार महिनासम्म चतुर्मास सुनेको पुराणहरूमा पनि सुन्नुपर्ने हो, तर तिम्रा पण्डित बाजेले यी कुराहरू बङ्ग्याएर भनेको पनि हुनसक्छ । त्यही हामीलाई स्वर्गीतर दौडाउने पुराणहरूबाट नै मैले तिमीलाई लेखेको हुँ । तिम्रा पण्डित बाजेले उफ्रीउफ्री गुनगान गाएको, महान् ब्रह्म ज्ञान प्राप्त गरेको र स्वर्गलाई आफ्नो पानीपँधेरो बनाउन सक्ने वृहस्पति, चन्द्र, पराशर, विश्वामित्र, भारद्वाज, सरद्वाज, विभाण्डग, मित्रावरुण जस्ता ऋषि मुनिहरूको केही कथा सुनाउँछु, जुन कथा सुन्दा हाम्रा बुढापाकाहरू स्वर्गीतिर जान पाउने इच्छा राख्दछन् । देवताहरूका गुरु वृहस्पतिको बारेमा श्रीमद्भागवत अध्याय २० मा यस्तो लेखिएको छ :

*तस्यैव बितथे वंशे तदर्थं यजन सुतम् ।*
*मरुतसोमेन मरुतो भरद्वाज मुपावधु ॥*
*अन्तर्पत्न्यां भ्रातृपत्न्यां मैथुनाय बृहस्पति ।*
*प्रवृत्तो वारित्तो गर्भे शज्जा वीर्यमवासृजत ॥*
*तं प्रयुक्त कामां ममतां भर्तृत्यारा विशंकिताम् ।*
*नाम निर्वचनंतस्य श्लोक मने सुराजगुः ॥*
*मुढे भरद्वाज निर्म भरद्वाजं बृहस्पते ।*
*यातौ यदुक्ता पितरौ भरद्वाजस्ततस्त्वयम् ॥*
*चोयोमाना सुरेरैव मत्वावितथमात्मजम् ।*
*व्यासृजन्मरुतो विभ्रन्दन्तोयं वितथेन्यये ॥*

अर्थात् : आफ्नो वंशको नाश भएपछि राजा भरतले मरुत, सोम नाम गरेको यज्ञको अनुष्ठान गरे । यस यज्ञमा मरुत देवताहरूले राजालाई भरद्वाज नाम गरेको छोरो दिए । एक समय बृहस्पतिलाई कामदेवले अति पारेर आफ्नो भाइकी गर्भवती स्त्रीलाई हुन्न भन्दाभन्दै पनि सम्भोग गर्न तम्सिएर गर्भलाई श्राप दिएर आफ्नो विर्य छोडिदिए ।आफ्नो लाग्नेले छोड्ला भन्ने डरले बृहस्पतिको विर्यबाट जन्मेको बालकलाई छोडिदिन खोजिन् । त्यस बालकको नामकरण गर्दै देवताहरूले यो श्लोक भने : वृहस्पतिले ममतालाई भने "हे मुढे ! एक क्षेत्रमा दुई जनाको विर्यबाट जन्मेको छोरालाई पालेर राख" र ममताले पनि वृहस्पतिलाई भनिन् कि "हे वृहस्पति ! तिमी यो द्वाज (दुई जनाको विर्यबाट जन्मेको) पुत्रलाई पालन गर" । यसो भनेर माता (ममता, पिता, वृहस्पति) दुवे जना हिँडे । त्यसैकारण त्यो बालकको नाम 'भारद्वाज' भयो । देवताहरूले यस्तो भनेर पनि उतथ्यले अर्थात् व्यर्थ (किन भने व्यभिचारबाट जन्मेको छोराले दिएको पिण्ड दान क्षेत्री बाबुले पाउँदैन) जानेर त्यहीँ छोडिदिए । अनि मरुत देवताहरूले त्यसलाई पाले र जुन बेला राजा भरतको वंश विनष्ट भइरहेको थियो, उसलाई उनैलाई दिए ।

एकातिर बृहस्पतिले आफ्नी भाइबुहारीमाथि व्यभिचार गरे भने अर्कोतिर उही वृहस्पतिकी स्वास्नी जसलाई गुरुआमा भन्नु पर्दथ्यो, महर्षि अत्रिका छोरा चन्द्रले बलजफ्ती हरण गरी व्यभिचार गरे । यो कुरा *श्रीमद्भागवतको अध्याय १४ उल्लेख छ :*

*सोयद्राज सुयेन विजित्य भुवनत्रयम् ।*
*पत्नी बृहस्पदेपात् तारां नामाहरदबलाद् ॥*
*यदा सदेवगुरुणां याचितोभिक्षणाशो मदात् ।*
*नात्यजत तत्कृते जज्ञं सुरदान वविग्रह ॥*

अर्थात् : चन्द्रले त्रिभुवन जितेर राजसुय यज्ञ गरे । त्यसैको घमण्डले आफ्ना गुरु वृहस्पतिकी श्रीमती तारालाई बलपूर्वक हरण गरेर लगे । देव गुरुले बारम्बार माग्दा पनि चन्द्रमाले घमण्डी भएर दिएनन् । त्यसको लागि देवता र दानवबीच लडाइँ भयो ।

वृहस्पति र शुक्रबीच रिसइवी भएको हुनाले शुक्राचार्यले असुर पठाएर चन्द्रमाको सहायता गरेका थिए । पछि ब्रह्माले हप्काएर फिर्ता दिलाइदिए । चन्द्रमा पट्टिबाट ताराले बुध जन्माए भन्ने छ ।

जसलाई हामी काम, क्रोध, लोभ, मोह छोडेका त्रिकालदर्शी भनेर बयान गर्दछौँ, तिनले कामक्रोधलाई जितेका थिए त ? महर्षि पराशरले पनि कुमारी सत्यवतीलाई ललाइफकाई उनको विरोधमा पनि आफ्नो कामवासना मेटे । यो कुरा महाभारत 'आदि पर्व' अध्याय ६३ मा वर्णन गरिएको छ । त्यसको २ श्लोकबाट नै थाहा पाइन्छ । उनी काम वासनाले अन्धो भएर कुमारी सत्यवतीलाई एकान्त पारेर सम्भोग गर्ने इच्छा प्रकट गर्दछन् र डराईडराई सत्यवती भन्छिन् :

*विध्दिमां भगवत ! कन्या सदापित्रुवशानुगाम् ।*
*त्वत्संयोगाच्च दुष्येन कन्याभावो ममानध ॥*
*कन्यात्वे दुषिते वापि कथंशक्षो द्विजोत्तमः ।*
*गृहे गन्तुमृषे चाहं धीमन ! नस्थातु मुत्सरे ॥*
*एतत संचिन्त्य भगवन् ! विधत्स्व यदनन्तरम् ।*

अर्थात् : हे भगवन् ! मलाई एउटा पिताको वंशमा भएको कन्या जान्नुहोस् ! हे पापरहित महर्षे ! तपाइँसँगको समागमबाट मेरो कन्याभाव नाश भएर जान्छ । कन्याभाव नाश भएर गएपछि हे द्विज श्रेष्ठ ! म आफ्नो घर कसरी जान सकुँला । हे बुद्धिसम्पन्न ! यो सबै कुरालाई विचार गरेर जे गर्नुपर्छ त्यसै गर्नुहोस् ।

उनले आडम्बरी पराशरदेखि डराईडराई दयाको भिक्षा मागिन् । तैपनि कामले मदमत्त भएका धर्मात्मा गनिएका ऋषिले आफ्नो इच्छा पूरा गरिछोडे । त्यस्तै काम वासनामा लिप्त हुनु हुँदैन, परस्त्रीलाई आमा बराबर सम्झनुपर्छ भन्ने ब्रह्मर्षि पद प्राप्त गरेका विश्वमित्रले पनि आफूलाई वासनाको दास बनाए । महाभारतको 'आदि पर्व' अध्याय ७२ मा लेखिएको ३ श्लोक मात्र बताउँछु ।

*तस्या रूपगुणां दृष्ट्वा स तु विप्रर्षयस्तदा ।*
*चकार भाव संसर्गात् तया कामवशं गत ॥*
*न्यमंवयत चाप्येनां सा चाप्यैच्छद निन्दिता ।*
*तौ तन्त्र सुचिरं कालमुभौव्याहरतां तदा ॥*
*रममाणौ यथाकामं यथकै दिवसं स तथा ।*
*जनयामास स मुनिर्मेनकायां शकुन्तलाम् ॥*

अर्थात् : ब्रह्मर्षीहरूमा श्रेष्ठ विश्वमित्रले उसको रूप र गुण देखेर कामको बसमा परेर उनको साथमा सम्भोग गर्ने इच्छा गरे । उनले आफू भएको ठाउँमा बोलाएर खोट लगाउन नसकिने सुन्दरी उनले पनि सम्भोग गराउन राजी भइन् । ती दुवैले त्यहाँ धेरै दिनसम्म इच्छा नमेटुन्जेल विहार गरे । मनमानीसँग निर्धक्क भएर विहार गरेको हुनाले धेरै दिनसम्म पनि उनीहरूलाई एक दिन जस्तो लाग्यो । मुनिले मेनकाबाट शकुन्तलालाई पैदा गरे ।

यसरी जन्मेकी शकुन्तलालाई न विश्वमित्रले नै पाले न मेनकाले । ऋषिआश्रममा छोडी तिनीहरू आआफ्नो ठाउँमा गए । तिनीहरूलाई कामवासना मेटाउनु मात्र थियो ।

यस्ता महर्षि, देवर्षि, बह्मर्षी, त्रिकालदर्शी भनिएका महात्मा बनिएकाहरूको चरित्रबारे धेरै उदाहरणहरू छन् । ऋषि भनौँदाहरू आफ्नो कामवासनालाई एक छिनसम्म रोक्न सक्दैनथे । यिनीहरू यति चाँडै कामदेवको बसमा पर्थे, बयान गरी साध्यै छैन । महाभारत 'आदि पर्व' को अध्याय १३१ मा भरद्वाजको बारेको एउटा कथा फेरि सुनाउँछु ।

*सोभिषेक्तुं ततो गंगा पूर्वमेवागगन्नदीम् ।*
*महर्षिभिर्भरद्वाजो हविकदनि चरन पुरा ॥*
*ददर्शाप्सरसे साक्षाद् घृताची माप्लुतामृषि ।*
*रूपयौवन संम्पना मदहप्तां महालमान ॥*
*तस्याः पुनर्नदीतिरे बसर्न पर्ध्यवर्तन ।*
*व्यपकृष्टांवरा दृष्ट्वा तामृषिश्चकमेततः ॥*
*तत्र सशक्त मनशो भरद्वाजस्यधीमतः ।*
*ततोस्य रेतश्चस्कन्द तद्दृषिद्रोण आदये ॥*
*ततः समभवद् द्रोणाः कलसो तस्य धीमतः ।*
*तध्यगीष्ट स वेदांश्च वेदंकाङ्गनी च सर्वशः ॥*

अर्थात् पूर्वकालमा महर्षि भरद्वाज अग्नि होत्र गर्ने ध्येयले अरू महर्षिहरूसँग गङ्गामा नुहाउन गए । त्यहाँ उनले, रूप र यौवनले सम्पन्न भएकी साक्षात् घृताची अप्सरा यौवनले मदमत्त भएर बसिरहेकी थिइन, नुहाएर उठ्दाखेरि देखे । फेरि नदीको तिरमा घृताचीको बस्त्र कम्मरबाट खस्यो । उनलाई नाङ्गो अवस्थामा देखेर महर्षि एकदम कामको वसमा परे । भारद्वाजको मन त्यो सुन्दरीमाथि आसक्त हुनगयो र उनको वीर्य स्खलन भयो । त्यस वीर्यलाई उनले द्रोण (कलश) मा राखिदिए । महर्षिबाट द्रोणको जन्म भयो, जसले सबै वेदवेदाङ्गको अध्ययन गरे ।

यसमा विचार गर त । सुन्दरीको सौन्दर्य देख्दैमा कामले पीडित भई वीर्य गिराउने महर्षिहरू के इन्द्रिय रोक्न सक्ने ठहरिए त ? कस्तो आश्चर्यको कुरा ! वीर्य कलशमा राख्नासाथ कलशलाई नै गर्भ रहन गयो । के यो पत्याउने कुरा हो त । यो त ढाकछोप गर्ने कुरा मात्र हो । यसमा लेख्ने ब्राह्मणहरूले पक्ष लिएका छन् । यस्ता व्यभिचारीताको पक्ष लिएर मानिसलाई भ्रम दिन खोजेको उदाहरण हामी पुराणहरूमा प्रशस्त पाउँछौं ।

अर्को कथा पनि सुन, महाभारत 'आदि पर्व' को अध्याय १३० मा गौतम बुद्ध सरद्वाजको कथा । गौतम पुत्र सरद्वाजको जानपदी अप्सराको रूप सौन्दर्य देखी मोहित भएर कामदेवलाई बसमा राख्न नसकी उन्मत्त भएर विह्वल भई शुद्धिबुद्धि हरायो र सरद्वाजलाई आफ्नो वीर्य खसेको थाहै भएन । त्यो वीर्य सर्कन्डको जरामा खस्यो । त्यसमा एक छोरा र एक छोरीको उत्पन्न भयो । त्यसलाई सन्तनुले पालेर क्रिप र क्रिपी भन्ने नाम राखे ।

लेखकलाई धन्यवाद ! उनको चातुर्यलाई । के सरद्वाजमुनि निर्वाङ्ग/नाङ्गै हिँड्थे त ? के उनी बहुलाहा थिए त ? फेरि नाङ्गै हिँड्दैनथे भने कसरी वीर्य बाहिर खस्यो ? अर्को कुरा सर्कन्ड झारले पनि मानिसको गर्भ लिन सक्छ ? आश्चर्य छ । स्पष्ट छ उनीले जानपदीसँग यौन सम्बन्ध राखे र उनी गर्भवती भएपछि जुम्ल्याहा सन्तान भए । त्यो गुप्त सम्बन्धबाट जन्मेको छोराछोरी फ्याँकिदिए र सन्तनुले पाले । यस्ता कुराहरूको विश्वास मान्ने हाम्रो समाज अन्धो होइन त ? यस्ता कुरा अनगिन्ती छन् ।

अध्यात्म रामायणमा 'बालकाण्ड' सर्ग ३ मा वर्णन गरिएको अर्को कथा पनि सुन :

एकचोटि महर्षि विभाण्डक कुनै ठूलो तलाउमा स्नान गरिरहेका थिए । त्यसै बेला उर्वशी उनको अगाडिबाटै गयी । उर्वशीलाई देखेर मुनिको वीर्य स्खलित भयो । त्यो वीर्य पानी खान आएको मृगले पिएपछि गर्भिणी भयी । त्यसैबाट ऋष्यश्रृङ्गको जन्म भयो ।

श्रीमद्भागवत स्कन्ध ९ अध्याय १ अथवा वाल्मिकी रामायण उत्तरकाण्ड सर्ग ५५ अध्याय ५७ मा लेखिएको पनि सुनाइ हालौँ :

उर्वशी अप्सरा जलासयमा खेलिरहेको देखेर त्यहाँ आएका मित्र र बरुण दुवै देवता यतिसारो कामपीडित भए कि दुवैले एउटा घडालाई उर्वशीको योनी कल्पना गरी त्यसमा वीर्य गिराइदिए । त्यसैबाट पहिले अगस्त्य र पछि वशिष्ठको जन्म भयो । हाम्रा हिन्दू धर्मशास्त्रमा यस्ता व्यभिचारी कुराहरू थुप्रै छन् । तर तिनै महर्षिहरूका पुस्तकको पूजा गरेर स्वर्ग जान खोज्ने हाम्रो हिन्दू समाज कम आश्चर्यको छैन ।

यो सुनेर तिमीलाई कस्तो नराम्रो लाग्ला, यो अहिलेको सामाजिक व्यवस्थामा नराम्रै लाग्ने कुरा हो–त्यसबेला यस्ता काम कुराहरू खुलेआम हुन सक्थे । व्यभिचारी भएर पनि प्रतिष्ठित व्यक्ति भएका कारण कसैले केही बोल्न सकेनन् । त्यस बेलाका लेखकले स्पष्टसित लेख्न नसकी भ्रमात्मक कुरा लेखिदिए, सत्यलाई ढाकछोप गरे ।

मैले त तिमीलाई पहिलेको जातपात कस्तो थियो ? जात कुनै ईश्वरले सृष्टि गरेको होइन यो त यही मानिसको समाजबाट नै सिर्जना भएको हो भन्न थालेको र पहिले जाति भए पनि विभिन्नता थिएन भन्नेबारे बुझाउन खोजेको थिएँ । कुरा त अर्कैतिर गएछ । तिमीलाई झिजो पनि लाग्यो होला यसरी एउटै चिठीमा नै तिमीलाई पट्याइलाग्दो पारेँ भनेँ भोलि अर्को चिठी देख्नासाथ तिम्रो टाउको दुख्न पनि सक्छ । त्यसैले पत्र टुङ्ग्याउनुभन्दा पहिले दिक्क नमान्न आग्रह गर्दछु ।

अहिलेको हाम्रो समाजमा यस्ता कामहरू व्यभिचार र अपराधपूर्ण मानिन्छन् । त्यसलाई समाजबाट छिः छिः र दुर दुर गरिन्छ । हुन त सामन्ती पुँजीवादी मनोवृत्ति भएको अहिलेको समाजमा यस्तो व्यभिचार नभएको र नहुने गरेको छैन । अहिले अनुहारमा सभ्यताको मखुण्डो लगाई गोप्य रूपमा गर्छन् । त्यसबेलामा भने यो खुलेआम रूपमा हुँदोरहेछ भन्ने देखाउँछ । यसबारे पहिलेको बिहाबारीको चलन र स्त्री-पुरुषको सम्बन्ध कस्तो थियो भन्ने बारेमा छुट्टै पत्र लेखेर पठाउँला । समाजमा यस्ता अनैतिक काममा त्यसबेला घृणा भइदिएको भए, त्यसबेलाका ऋषिमुनिहरूलाई यसरी त्यसबेलाको समाजले किन मान्यता दिन्थ्यो ? अहिले पनि धनका थुप्राहरूका प्रतिनिधि भएकाहरूमा यो कुरा लागू हुँदैन ।

यसरी जातपात पनि ईश्वरले सृष्टि गरेको होइन रहेछ भन्ने प्रस्ट हुन्छ । यो त कामअनुसार विभाजन भई पछि मात्र जातपातले कट्टरता लिएको हो र तिमीले व्यभिचारबाट जन्मेका सन्तान, नीच जाति मानिएका स्त्री जतिलाई जन्मेको सन्तान पनि कर्मले ब्राह्मण हुन पाउँदा रहेछन् भन्ने बारे बुझ्यौ । अब म तिमीलाई जातभातको कट्टरताको उत्पत्ति गरी वर्ग र वर्णहरूले कसरी अरू जातिलाई थिचोमिचो गर्दै दबाउँदै त्यसका लागि शास्त्र रचना गर्दै आएका छन् भन्ने विषयमा लेख्नेछु ।

*तिम्रो उही*
*जीवन साथी*
*भद्रगोल कारागार,*
*काठमाडौँ, २०२५*

## ❑ कविता

### नेपाली आकासमाथि अमेरिकी बादल



● हस्तबहादुर केसी ●

*नेपाली आकासमाथि*
*मडारी रहेछ*
*अमेरिकी कालो बादल*
*नेपाली धर्तीमा*
*असिना पानी*
*बर्षाउने गरी*
*नेपाली आकाशमाथि*
*मडारी रहे छ*
*अमेरिकी कालो बादल*
*आँधी हुरी*
*असिना पानी बनेर*
*नेपाली धर्ती*
*बगाउने गरी*
*सुनामी बनेर*
*वर्षौ पहिल्यै*
*कालो र अनैतिक*
*सम्झौता गरी*
*सकेको रहे छ*
*मेरो देशको*
*दुष्ट र दलाल मालिकले*
*चार वर्षपहिल्यै*
*कालो कागजमाथि*
*हस्ताक्षर गरी सके छ*
*दुई दुई पटक*
*ह्वाइटहाउसमै पुगेर*
*मेरो देशको दलाल मालिकले*
*यतिबेला हाम्रो देश*
*ढिस्कोमाथिको बस्ती झैं*
*पर्खेर बसेको छ*
*भीषण पहिरो आउने हो*
*भनेर त्रसित मनस्थिति लिएर*
*मेरो देशको दुष्ट मालिक*
*मेरो देशको दलाल मालिक*
*मेरो देशको अराष्ट्रिय मालिक*
*पहिल्यै बिक्री भई सकेछ*
*अरबौ डलरमा*
*मेरो देशको दुष्ट मालिकलाई*
*उहिल्यै खरिद बिक्री*
*गरी सकेछ पराइले*
*मेरो देशको दलाल मालिक*
*उहिल्यै लेन्डुप दोर्जे*
*भइसकेको रहे छ*
*स्वाभिमानी नेपाली*
*जनहरुलाई छलेर*
*मेरो देशको अराष्ट्रिय मालिकले*
*उहिल्यै योजना बनाई सकेछ*
*र, सम्झौता गरी सकेछ*
*नेपाललाई*
*अफगानिस्तान, सिरिया, इराक*
*बनाउने भनेर*
*त्यसैले ,*
*मेरो देशको जीवन र रक्षाको लागि*
*राष्ट्रप्रेमी देशभक्तजनहरु*
*बिहानै मिठो निद्राबाट*
*ब्यूँउते झैं गरी*
*जुरुक्क उठेर*
*देशभक्तिपूर्ण युध्दमा*
*भाला छुरी र बन्दुकै*
*बोक्न परे पनि*
*मेरो प्यारो धर्तीमा*
*रगतको खोलो बगाउनु परे पनि*
*देशभक्तिपूर्ण आन्दोलनमा*
*लामबध्द हुनुको विकल्प छैन*
*निधारमा रातो कफन बाँधेर*
*मर्नै परे पनि मातृभूमिको निम्ति*
*वीर नेपालीको पहिचाहन दि*
*अमर भै मरौंला ।*
*समाप्त ।*

## सांस्कृतिक...

एउटा तान्त्रीक पूजाको आयोजना गरिन्छ। जसमा रथमा बस्ने पाज्जुका पत्नीहरु पनि सहभागी हुन्छन् । भोटो जात्राको दिन साँझ पाज्जुहरुले मच्छिन्द्रनाथको मन्दिरबाट भोटो ल्याई रथबाट चारै दिशामा देखाउने चलन छ। लोककथन अनुसार, दौदहका नागराज कर्कोकले नागिनीको आँखाको रोग निको पार्ने किसान वैद्यलाई उपहार स्वरुप सो रत्न जडित भोटो दिएका थिए। किसान वैद्यले खेतको आलीमा राखी काममा व्यस्त भएको बेला भोटो हराएको र पछि मच्छिन्द्रनाथको जात्रा हेर्न भेला भएको भिडमा भूतले भोटो लगाएर आएको देखेपछि किसानले आफ्नो भोटो चिनेर दावी गरेको किंवदन्ती छ। दुई विच भोटो खोसाखोस र विवाद परेपछि विवाद राजासँग पुऱ्याउँदा लिच्छवि राजा गणकामदेवले पर्याप्त प्रमाणको अभावमा भोटो कसको हो भनेर निर्णय गर्न सकेनन् । उनले प्रमाण लिएर नआउन्जेल सो भोटो मच्छिन्द्रनाथको जिम्मा लगाए र त्यसलाई देखाउने चलन बसाए। सोही परम्परा अनुसार प्रत्येक वर्ष मच्छिन्द्रनाथको रथयात्राको अन्तिम दिन यो भोटो कसको हो ? भनी रथको बुर्जाबाट गुठी संस्थानका अधिकारीले चारैतिर घुमाउँदै तिन पटक सम्म देखाउने चलन रही आएको छ। राष्ट्रप्रमुखहरूले भोटे जात्राको भोटो अवलोकन गर्ने गरेको चलन छ। मच्छिन्द्रनाथको सम्पूर्ण जात्रालाई जिवित देविको रुपमा हेरिने कुमारीले अवलोकन गर्ने प्रचलन छ। प्रत्येक १२ वर्षमा मच्छिन्द्रनाथको रथ लिलितपुरको बङ्गतीमा निर्माण गरि त्यहीँबाट रथ यात्रा गर्दै पाटन परिक्रमा गर्ने चलन पनि छ।

यसरी परम्परागत रुपमा चल्दै आएको यो चलनलाई हेर्दा त्यतिवेलाका मानिसहरुको घटना क्रमलाई संभ्कनाका लागि मानिएको जस्तो देखिन्छ। जेहोस विस्तारै अन्धविश्वासको पहाड बनाउँदै आज सम्म सकि नसकी मानिसहरुले यसलाई मान्दै आएका हुन। उनीहरुले देशमा सकालका देवताको रुपमा मान्ने गरेका मच्छिन्द्रनाथले आज अकाल पैदा गरेको घटनाले यो पंक्तिकारलाई साँस्कृतिक क्रान्तिको - ५ मा लेख्नु पर्ने आवश्यक ठानेको हुँ। आदिम साम्यवाद सम्म कुनै अन्धविश्वास र रुडीवादको विकास नभएको अवस्था देखिन्छ। जब मानिसहरु आदिम साम्यवादबाट बरबरताको युगतिर प्रवेश गरेपछि आफ्ना स्वार्थहरु पुरा गर्नका लागि मासिनहरुले मानिसलाई मार्ने, यातना, दिने, दास बनाउँने, छलकपट गर्नुका साथै अन्धविश्वास फैलाएर प्रयोग गर्ने गरेको कुरा आज पनि हाम्रो समाजमा प्रयाप्त मात्रामा देख्न र भोग्न पाईन्छ। मानिस सिप, कलाले निपुण भएमा उसको हात काटिदिने, मारिदिने आदि पनि गरेको पाईन्छ। जसले बस्ने घर बनाईदिन्छ, जसले लगाउने कपडा बनाईदिन्छ, जसले गरगहना र भाँडाकुडा बनाईदिन्छ तिनीहरुलाई अछुत बनाएर राख्ने जसले रक्षा कवचको रुपमा रातदिन उनको रेखदेख गर्छ त्यसलाई पनि दोश्रो दर्जामा राख्ने समाजको सृजना भयो र त्यो आज पनि जीवीत छ।

हलिया, गोठाला, हरुवा, जरुवा, कमारा, कमारी, कम्लरी, देउकी, पत्नी, रखेल, सुसारे आज आएर मसाजवाला, भान्छावाला, पार्टीवाला, पर्ववाला, नर्तकी, गाईने, दमाई, आदी नामले शोषण गर्ने यो समाज मूलतः पितृसतात्मक समाज नै हो। यसरी सामान्ती प्रथाले मालिक र नोक्करको विचमा हुने व्यवहार एकदमै दर्दनाक र शोषणपूर्ण हुने भएको हुनाले संसारका उत्पीडित वर्गहरु एक भएर यो अन्यायपूर्ण संरचनाको ध्वस्त गर्नका लागि विभिनन किसिमले यसको समूल नष्ट गर्नुपर्छ भन्ने मान्यता राखेर मार्क्सले आफ्नो लेखहरु लेख्नु भयो। कितावहरु प्रकाशित भए जस अनुसार उत्पीडितहरु संसारभरी एक हुने क्रम बढेको देखिन्छ। उता सामान्तहरु भने अझ पनि नयाँ ढंगले अगाडी बढीरहेको देखिन्छ।

यसको समुल नष्ट गर्नको लागि पहिलो कुरा मानिसको अवचेतन मनमा बसेको सँस्कारलाई परिवर्तन गर्दै समाजलाई यथार्थ परक ढंगले विकास गर्न जरुरी रहेको छ। प्रत्येक व्यक्ति व्यक्ति भित्र रहेको अन्धविश्वास र रुडीवादको अन्त गर्ने कुरा सवैतिरबाट पहल भए पनि आज नेपालको राजधानी काठमाडौंमा भने अन्धविश्वासको कारण यस्तो लक डाउनको अवस्थामा संसार कोरोना भाइरसबाट त्राहीत्राही भईरहेको बेला पनि त्यो परम्परा मान्नका लागि निरन्तर प्रयास गरिरहँने कुरालाई अज्ञानताको पराकाष्टा र त्रासको घर भन्दा अरु केही नाम दिन सकिदैन। सरकारले भन्दा भन्दै जवरजस्ती गरि मच्छिन्द्रनाथको रथ ल्याएर तान्न लगाउने समाजका अगुवाहरुबाट यो समाज कसरी खतरा मुक्त र अग्रगामी बन्न सक्छ ? आज सकाल निम्त्याउने नाममा सरकारी पहरेदारमाथि निर्लज्ज नाङ्गो हस्तक्षेप गर्ने अन्धविश्वासीहरु प्रहरीका जवाफि कारवाहीमा मर्नासन्न भएको स्थिति पनि कुरुप देखिन्छ। जो अन्धविश्वासका कारण जात्रामा सहभागी भई प्रहरीमाथि हातापाई गरेका थिए उनलाई प्रहरीले नियन्त्रण गरि चेक जाँच गराउँदा कोरोना पोजेटिभ भएको छ। यसरी अध्धविश्वासको सिकार हाम्रो समाज कहिले सम्म हुने बुद्धिजीवी, पत्रकार, नागरिक समाज र जिम्मेवार निकायले समयमै स्वच्नु पर्ने अवस्था देखा परको छ। काठमाडौं जस्तो विकसित ठाउँमा त यस्तो अन्धविश्वासको पराकाष्टा छ भने नेपालको ८० प्रतिशत भूभागमा अझ झन कस्तो दर्दनाक स्थिति छ बोक्सी, डायन, भूत, प्रेत, देविदेवता आदिको त्रासले ग्रस्त भएको यो समाजमा विकासको शुरुवात गर्नका लागि साँस्कृतिक रुपमान्तर पहिलो आवश्यकता हो। उसरी भनौ भने नेपालको पहिलो कोरोनाको सिकार पनि अन्धविश्वासबाटै भएको कुरा मैले प्रमाण सहित "अन्धविश्वासको पराकाष्टा कोरोनाको पहिलो सिकार" भन्ने आर्टिकलमा उल्लेख गरेको छु। मुलबाटोको पेजमा प्रकाशित उक्त आर्टिकलले पनि यो अधिभुतवादको अत्याचारी उत्पादन संवन्धलाई प्रष्ट पारेको छ। यसैले मानिसको संस्कृतिलाई वैज्ञानिक बनाउनका लागि साँस्कृतिक सुद्धिकरण गर्न अपरिहार्य छ। यसका निम्ति साँस्कृतिक क्रान्तिको मूल महत्व रहेको छ।

## कमरेड...

भदौ १७ गते भर्ना हुनु भएको थियो। उहाँले कम्युनिस्ट क्रान्तिकारी राजनीतिका साथै प्रगतिवादी साहित्यको क्षेत्रमा आफूलाई सक्रियतापूर्वक समर्पित गर्दै आउनु भएको थियो।

२०१७ साल चैत्र १६ गते जन्मनु भएकी कमरेड चन्द्रा थानी भौतिक रुपमा उपस्थित हुन नसकेपनि सामाजिक सञ्जालबाट प्रगतिवादी साहित्यिक वृतका प्रायः लेखक, कवि तथा साहित्यकारहरुले काथानीको असामयिक निधनप्रति दुःख व्यक्त गर्दै भावपूर्ण श्रद्धाञ्जली व्यक्त गरेका छन।

२०३६ सालको वाम विद्यार्थी आन्दोलनबाट राजनीतिमा आवद्ध हुनु भएकी कमरेड थानीले २०३८ सालमा नेकपा (चौम)को पार्टी सदस्यता प्राप्त गर्नुभएको थियो। त्यसबेलादेखि अविचलित रुपमा कम्युनिस्ट क्रान्तिकारी आन्दोलन तथा प्रगतिवादी साहित्यिक तथा साँस्कृतिक आन्दोलनमा सक्रिय रहँदै आउनु भएकी कमरेड चन्द्रा थानी एक अथक जुझारु कम्युनिस्ट योद्धा हुनुहुन्थ्यो।

नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी)की नेतृ कमरेड चन्द्रा थानीको पार्थिव शरीरमा अन्तिम श्रद्धाञ्जलीसहित आइतबार बेलुका पशुपति आर्यघाटमा अन्त्यष्टी गरिएको छ। पार्टीका महासचिव मोहन वैद्य'किरण'ले पार्टीको झण्डा ओढाएर श्रद्धाञ्जली व्यक्त गर्नुभएको थियो। पार्टी सम्बद्ध देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालको केन्द्रीय सदस्य समेत रहनु भएकी कमरेड थानीको पार्थिव शरीरप्रति अन्तिम श्रद्धाञ्जली दिँदै महासचिव किरणले कमरेड थानीको निधनले नेपालको कम्युनिस्ट आन्दोलन, नयाँ जनवादी आन्दोलन तथा साँस्कृतिक एवम साहित्यिक आन्दोलनमा अपुरणीय क्षति पुगेको बताउनु भयो। महासचिव किरणले क्रान्तिको, मुक्तिको तथा कम्युनिज्मप्रतिको सपना, अटुट विश्वास र त्यसलाई सार्थक तल्याउन उहाँले गर्नुभएको संघर्ष र योगदान अनुकरणीय रहेको भन्दै पार्टीले एकजना होनाहार कमरेड गुमाउनु परेको बताउनु भयो।

महासचिव किरणले कमरेड चन्द्रा थानीको निधनबाट शोकले सन्तप्त हुन पुगुभएका उहाँका जीवनसाथी तथा पार्टी पीवीएम चक्रापाणि शर्मा, छोरा र छोरीहरु लगायत सम्पूर्ण परिवारजन र पार्टीपंक्तिप्रति पार्टीको तर्फबाट हार्दिक समवेदना प्रकट गर्नुभयो।

कमरेड थानीको पार्थिव शरीरमा अन्तिम श्रद्धाञ्जली दिन पार्टीका स्थायी समिति सदस्य तथा पश्चिम ब्यूरो इन्चार्ज रामसिंह श्रीस, पार्टी पीवीएमहरु दिनेश शर्मा, पवनमान श्रेष्ठलगायत केन्द्रीय सदस्यहरु, जबस मोर्चाका नेता कार्यकर्ताहरु पशुपति आर्यघाट पुगेका थिए।

उहाँका श्रीमान (चक्रपाणी शर्मा) नेकपा (क्रान्तिकारी माओवादी)का पीवीएम तथा कर्णाली प्रदेशको पार्टी इन्चार्ज हुनुहुन्छ। उहाँका एक छोरा र तीन छोरी हुनुहुन्छ।

नेकपा (क्रान्तिकारी माओवादी) का पार्टी प्रवक्ता प्रतीकले एक वक्तव्य जारी गरी कमरेड चन्द्रा थानीको निधनले पार्टी, महिला मुक्ति आन्दोलन र क्रान्तिकारी साहित्य सिर्जनामा ठुलो क्षति पुगेको जनाएको छ। क. थानीको यही २०७७ भदौ २८ गते मेडिसिटी अस्पतालमा निधन भएको थियो। नेकपा ९क्रान्तिकारी माओवादी०की कर्णाली प्रदेश समिति सदस्य कमरेड थानी कलेजोको रोगले पीडित हुनुहुन्थ्यो। उहाँ एकजना सक्रिय महिला नेतृत्वका साथै क्रान्तिकारी सहित्यसर्जक समेत हुनुहुन्थ्यो।

भदौं २९ गते जारी वक्तव्यमा भनिएको छ, 'उहाँको निधनले पाटी, महिला मुक्ति आन्दोलन र क्रान्तिकारी साहित्य सिर्जनामा ठुलो क्षति पुगेको छ। यस दुःखद घडीमा हाम्रो पाटी कमरेड चन्द्रा थानीप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछ र शोक सन्तप्त परिवारजनमा गहिरो समवेदना व्यक्त गर्दछ।'

देशभक्त जनगणतान्त्रिक मोर्चाका अध्यक्ष सीपी गजुरेलले क. चन्दा थानीको निधनले निधनले देशले एक जना इमानदार वामपन्थी महिला नेता गुमाएको छ भन्दै उहाँप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्नु भएकोछ, जसको पुरा पाठ तल दिइएकोछ :

**हार्दिक श्रद्धाञ्जली**

कर्णाली प्रदेश, सुर्खेत जिल्ला निवासी श्रीमती चन्द्राकुमारी थानीको हिजो २०७७ भदौ २८ गते अपराह्न उपचारकै क्रममा ६० वर्षको उमेरमा काठमाडौंको मेडिसिटी अस्पतालमा निधन भएको घटनाले हामी अत्यन्त मर्माहत भएका छौं। देशभक्त जनगणतान्त्रिक मोर्चाका केन्द्रीय सचिवालय सदस्य र सुपरिचित वामपन्थी नेता का।चक्रपाणि शर्माकी जीवनसंगिनी थानी आफैंले पनि नेपालको वामपन्थी आन्दोलनमा महत्वपूर्ण स्थान बनाउनु भएको छ। २०३५/०३६ सालमा क्रान्तिकारी विद्यार्थी आन्दोलनबाट वामपन्थी राजनीतिमा प्रवेश गर्नुभएकी उहाँ निरन्तर सक्रिय रहनुभएकै कारण हाम्रो संगठनकी केन्द्रीय सदस्य, नेपाल महिला संघ ९क्रान्तिकारी०की केन्द्रीय सहसचिव, इच्छुक साँस्कृतिक प्रतिष्ठानकी कार्यकारी सदस्य बन्नु भयो। उहाँ साहित्यकारका रुपमा पनि परिचित हुनुहुन्छ। यसप्रकार, उहाँको निधनले देशले एक जना इमानदार वामपन्थी महिला नेता गुमाएको छ। उहाँप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं। यो शोकको घडीमा का।चक्रपाणि शर्मा, उहाँका एक छोरा, तीन छोरीलगायतसम्पूर्ण शोक सन्तप्त परिवारजनप्रति गहिरो समवेदना प्रकट गर्दछौं।

त्यसैगरी नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी) पश्चिम ब्यूरो संयोजक क. रामसिंह श्रीषद्वारा जारी गरिएको श्रद्धाञ्जली वक्तव्यमा का। चन्द्राको क्रान्तिप्रतिको प्रतिबद्धता सदैव संगठनको लागि प्रेरणाको श्रोत रहने उल्लेख गरिएको छ र भनिएको छ, 'शोकको यस घडीमा कमरेड चन्द्राप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै शोक सन्तप्त उहाँका जिवनसाथी का। चक्रपाणी शर्मा लगायत परिवारजन एवं पार्टी संगठनका सबै सदस्यहरुमा समवेदना व्यक्त गर्दछौं। क.थानीको निधनले सिङ्गो क्रान्तिकारी आन्दोलनमा अपुरणीय क्षति पुगेको छ।'

अखिल नेपाल जनसाँस्कृतिक महासंघले श्रद्धाञ्जली व्यक्त गर्दै प्रतिष्ठानका अध्यक्ष तथा महासंघका महासचिव हिरामणि दुःखीले जारी गरेको वक्तव्यमा भनिएको छ, 'यही २०७७ भाद्र २८ गते पित्तथैलीको पत्थरीको अप्रेसन पश्चात उपचारकै क्रममा काठमाडौं स्थित मेडिसिटी अस्पतालमा अकल्पनीय रूपमा निधन भएकोले हाम्रो सङ्गठन निकै मर्माहत र स्तब्ध भएको छ। सर्वप्रथम यस दुःखद घडिमा प्रगतिवादी योद्धा चन्द्रा थानीप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दछौं। साथै उहाँको निधनबाट पर्न गएको अपुरणीय क्षतिबाट मर्माहत एवम् शोकसन्तप्त हुनुभएका उहाँका जीवनसाथी नेकपा ९क्रान्तिकारी माओवादी०का पिविएम कमरेड चक्रपाणी शर्मा र छोराछोरीहरूप्रति गहिरो समवेदना प्रकट गर्दछौं।'

दिवंगत थानीले साहित्यिक तथा साँस्कृतिक आन्दोलनमा पुऱ्याएको योगदानको बारेमा वक्तव्यमा भनिएको छ, 'नेपाली जनसांस्कृतिक आन्दोलनमा निरन्तर क्रियाशील लेखिका चन्द्रा थानीको जन्म २०१७ चैत १६ गते बुबा प्रजापति थानी र आमा भूमिदेवी थानीको कोखबाट पहिलो सन्तानका रूपमा बयलकाँडा गढी सुर्खेतमा भएको हो। उहाँ विद्यार्थी जीवनकालदेखि कम्युनिस्ट राजनीतिमा आबद्ध हुँदै साहित्य, कला र संस्कृतिको क्षेत्रमा क्रान्तिकारी धारासँग जोडिँदै आउनु भएको थियो। मूख्यतः काव्यिक सिर्जनामा सक्रिय चन्द्रा थानीका सङ्कलप ९कविता सङ्ग्रह० २०५१, नारी चेतना ९खण्डकाव्य० २०५४ र कत्लेआम ९खण्डकाव्य० कृतिहरू प्रकाशित छन् भने दर्जनौं पत्रपत्रिकामा फुटकर रचनाहरू प्रकाशित रहेका छन। यस अतिरिक्त उहाँका आमा (गीतिनाटक), धर्ती (खण्डकाव्य), पुतली (खण्डकाव्य) कृतिहरू अप्रकाशित रहेका छन।

स्नातक तहसम्मको औपचारिक शिक्षा हासिल गरेकी चन्द्रालाई साहित्य, कला र संस्कृतिको क्षेत्रमा योगदान पुऱ्याए वापत सुर्खेती कल्याण समाज काठमाडौंले पुरस्कृत गरेको छ। त्यसैगरी इच्छुक सांस्कृतिक प्रतिष्ठानद्वारा कृष्णसेन इच्छुक स्मृति पुरस्कार २०७३ बाट पुरस्कृत गरेको छ। विद्यालय तहदेखि नै कविता तथा निबन्ध प्रतियोगितामा भाग लिँदै काव्ययात्रामा सङ्गठित भएकी चन्द्रा थानीले प्रगतिवादी साहित्य कलामा कलम चलाइरहनु भएको थियो।'

## कालापानी...

रहेको छ। त्यस क्षेत्रमा भारतीय सैनिक र अर्धसैनिक बलका गरी ५ हजार जवान तैनाथ रहेको नेपाली सुरक्षा निकायको अनुमान छ।

इन्डियन एक्सप्रेसकाअनुसार उत्तरखण्ड राज्य सरकारले वायु प्रतिरक्षा राडार मात्रै नभएर एन्डभान्स्ड ल्यान्डिङ ग्राउन्डका लागि भारतीय वायु सेनालाई जमिन उपलब्ध गराउने भएको छ।

भारतीय वायु सेनाका एयर मार्सल राजेन्द्र कुमार र उत्तराखण्डका मुख्यमन्त्री त्रिभेन्द्रसिंह रावतबीच गत शुक्रबार बैठक भएको थियो। सो बैठकमा भारतीय वायु सेनाको प्रस्ताव र त्यसका लागि आवश्यक पर्ने जमिनबारे विस्तृत रुपमा छलफल भएको बताइएको छ।

सरकारी अधिकारीहरुले उत्तराखण्डमा निर्माण गरिने एड्भान्स्ड ल्यान्डिङ ग्राउन्ड युद्ध विमानलाई इन्धन भर्न र गोलीगठ्ठा लोड र अनलोड गर्न आवश्यक पर्ने अधिकारीहरुले जनाएका छन्। भारतीय सञ्चार माध्यमहरुका अनुसार एयर मार्सल कुमारले पछिल्ला घट्नाक्रमहरुका कारण उत्तराखण्डमा राडार र एयरस्ट्रिप आवश्यक रहेको बताए थिए।

यसअघि नै भारतको केन्द्र सरकारले केदारनाथ रहेको रुद्रप्रयागमा वायु सेनाका चिनुक हेलिकप्टर सञ्चालन गर्न सहज हुने गरी हेलिप्याड विस्तार गर्ने निर्णय गरेको थियो। ती हेलिकप्टरलाई सुरक्षित रुपमा उडान र अवतरणका लागि ५ हजार बर्ग मिटरमा फैलिएको हेलिप्याड चाहिन्छ।

यसैबीच, उत्तराखण्ड राज्य सरकारले नेपाल र चीनसँग सीमा जोडिएको गाउँमा दूरसञ्चार टावर निर्माण गर्ने कम्पनीहरुलाई ४० लाख भारतीय रुपैया अनुदान दिने जनाएको विभिन्न सञ्चार माध्यममा समाचार छ।

राज्य सरकारले मोवाइल र इन्टरनेटको सुविधा नपुगेका सीमा क्षेत्रस्थित ४ सय ३८ वटा गाउँमा यस्तो अनुदान दिन लागेको हो। त्यसका लागि राज्य सरकारले दूरसञ्चार कानुन समेत संशोधन गरेको छ।

भारतले नेपालको उत्तर पश्चिमको बिन्दुमा रहेको कालापानी, लिपुलेक र लिम्पीयाधुरासहितको क्षेत्रमा लामो समयदेखि अतिक्रमण गर्दै आएको छ।

गत बैशाखको अन्तिम साता भारतले अतिक्रमित भूभाग हुँदै सडक निर्माण गरेपछि नेपालले कुटनीतिक नोट पठाएर सो कदमको विरोध गरेको थियो।

त्यसको केही समयपछि नेपाल सरकारले नेपाली भूभाग लिम्पियाधुरा, लिपुलेक र कालापानी समेटेर नेपाली नक्सालाई अद्यावधिक गरेको थियो। सो क्षेत्रको सीमा विवाद चर्किँदै गएपछि नेपालले परराष्ट्र सचिवस्तरको विद्यमान द्विपक्षीय संयन्त्रमार्फत् सो विवाद समाधान गरौं भनी निरन्तररुपमा प्रस्ताव गरेको भने पनि भारतले त्यसको लागि कुनै तत्परता देखाएको छैन। बरु अतिक्रमित भूमि आफ्नो भएको नाजायज दावी गर्दै आएको छ।

यस पृष्ठभूमिमा नेपाल सरकारले आफ्नो सम्पूर्ण तयारीका साथ भारतसँग उच्च स्तरमा कुटनीतिक तथा राजनीतिक वार्ता गर्नुपर्ने र त्यसका लागि भारत तयार नभए यो मुद्दालाई अन्तर्राष्ट्रियकरण गर्नुपर्ने जोडदार आवाज उठिरहेको बेला नेपालका प्रधानमन्त्री ओलीले भने अन्य विषयमा प्रायः मोदीसँग टेलिफोन संवाद हुने गरेको भए पनि यस विषयमा ओलीले मोदीसँग कुनै कुरा गरेका छैनन् र कुनै पनि स्तरमा वार्ता प्रक्रिया अगाडि बढेको छैन। यहाँसम्म कि दुवै देशको सहमतिमा बनेको इपिजीको प्रतिवेदन समेत मोदीले अहिलेसम्म बुझेका छैनन्। बरु अतिक्रमित क्षेत्रमा नेपालले गरेको विरोधको बेवास्ता गर्दै मोदीले सैन्य उपस्थिति र पूर्वाधार विकासका कामलाई घनिभूत बनाइरहेका छन्। प्रम ओलीले यस विषयमा मोदीसँग कुनै करै गरेका छैनन्। यस पृष्ठभूमिमा ओलीले स्वतन्त्रता संग्राम दिवसको बेला र मोदीको जन्मदिनको अवसरमा मोदीलाई शुभकामना दिएका छन्। मोदीलाई जन्मदिनको शुभकामना दिँदै आलीले दुई देशबीचको सम्बन्ध मजबुत बनाउन मिलेर काम गर्ने बताएका छन्।

मोदीको ७० औं जन्मदिनको अवसरमा प्रधानमन्त्री ओलीले ट्वीटरमार्फत् शुभकामना दिएका हुन्। समकक्षी मोदीलाई मेन्सन गर्दै ओलीले लेखेका छन्, 'तपाईंको जन्मदिनको शुभअवसरमा हार्दिक बधाई। म तपाईंको सुख र सुस्वास्थ्यको कामना गर्दछु। हामी हाम्रा दुई देशबीचको सम्बन्ध थप मजबुत बनाउनका लागि मिलेर काम जारी राख्नेछौं।'

## बर्दिया...

प्रशिक्षण तथा भेला खैरेनीमा भएको छ। भेलामा क्रान्तिकारी माओवादीका पोलिटब्युरो सदस्य संकुलको प्रमुख आतिथ्यता रहेको थियो। कार्यक्रममा प्रमुख अतिथि संकुलले संगठन विना संर्घष गर्न नसकिने पार्टीको मुल्याँकन रहेकोले त्यो जिम्मेवारी पूरा गर्न गाउ गाउमा क्रान्तिकारी माओवादी आएको बताउनुभयो। उहाँले बामपन्थी भनिएको नेकपा नामक नक्कली कम्युनिष्टहरुको मुखुण्डो च्यातिएकोले जनतामा क्रान्तिकारीहरु जानुपर्ने बताउनुभयो।

कार्यक्रममा पार्टीका केन्द्रीय सदस्य अर्जुन, बर्दिया जिल्ला सेक्रेटरी बिपिनलगायतको आतिथ्यता रहेको थियो। भेलाले टोपबहादुर श्रीसको नेतृत्वमा ९ सदस्यीय वडा कमिटी चयन गरेको छ। श्रीसलाई कमिटीको सेक्रेटरी बनाइएको छ भने ८ जना सदस्य रहेका छन्। त्यस्तै भेलाले भिकु चौधरीको अध्यक्षतामा १३ सदस्सीय देशभक्त जनगणतान्त्रिक मोर्चा गठन गरेको क्रान्तिकारी माओवादी जिल्ला सेक्रेटरी विपिनले जानकारी दिनुभयो।

त्यस्तै भेलाबाटै क्रान्तिकारी युवा लीग वडा कमिटी गठन भएको छ। ७ सदस्सीय लीगको अध्यक्षमा राजेन्द्र थापा रहेको बताइएको छ।

*सहिद तथा बेपता परिवार एंव योद्धाहरु भेटघाटलाई तीव्र*

क्रान्तिकारी माओवादी बर्दियाले जनयुद्धका शहिद तथा बेपता परिवार एंव योद्धाहरु भेटघाटलाई तीव्र बनाएको छ।

कार्यक्रमअन्तर्गत गेरुवा गाउपालिकामा शहिद तथा बेपता परिवार एंव घाइते योद्धाहरुसंग समेत छलफल गरिएको थियो।

जनताको मुद्धा समेत मिलाउदै छौ : क. विपिन

क्रान्तिकारी माओवादीले जनताको मुद्धामामिलामा समेत चाँसो राख्दै आएको जनाएको छ। समाजमा रहेका अन्तरबिरोधको पहिचान गर्दै जनताको समस्यालाई समाधान गर्ने क्रममा १४ कट्ठा दृष्टिबन्धक भनेर बेचेको अभियोगमा स्थानीय दिर्घनारायण भुसाललाई जनताको अदालतमा उभ्याएको छ।

भुसालले स्थानीय कृषकको जग्गा दृष्टिबन्धक भनेर बेचेकोमा अदालतले समेत पिडकको पक्षमा फैसला गरेकोमा उक्त फैसलालाई उल्टाएर पिडितपक्षलाई न्याय दिएको क्रान्तिकारी माओवादीले जनाएको छ।यो मुद्धामा जग्गा धनी लाल बिहारी थारूको जग्गा लिने भुसालले २०७३ मंसिर १३ मा लाल बिहारी थारूलाई तेरो जग्गा दुई कित्ता भएको छ सच्याई दिन्छौ भनी आफनो १४ कट्ठा जमिन लिएको र बिचौलिया दलाल तिसराम थारूले एक लाख खाएकोको पाइएको थियो। उक्त मुद्धामा क्रान्तिकारी माओवादीको पहलमा पिडितलाई न्याय दिएपछि स्थानीय खुसी भएका छन्।

## नेकपा...

अवस्था र उमेरका कारण पनि शल्यक्रिया सम्भव नरहेको चिकित्सकले जानकारी दिएका छन्। उहाँ बुधबार विहान चितवनको नारायणगढस्थित आफ्नै निवासमा लड्नु भएको थियो।

क्रान्तिकारी विचार र वर्गप्रति सँधै निष्ठावान र इमान्दार रहँदै आउनु भएका कमरेड जगतबहादुर श्रेष्ठ पछिल्लो समय पनि सामाजिक सञ्जालमा समेत सक्रिय रहँदै आफ्नो विचार प्रवाह गर्दै आउनु भएको थियो। राष्ट्रियता, जनतन्त्र र जनजीविकाका सवाहरुमा आफूलाई क्रान्तिकारी कम्युनिस्ट आन्दोलनको कित्तामा उभ्याउँदै आउनु भएका नेता श्रेष्ठले प्रगतिवादी साहित्यको क्षेत्रमा समेत कलम चलाउँदै आउनु भएको थियो।

उहाँ घाइते भएर अस्पताल भर्ना भएको जानकारी सामाजिक सञ्जालमा आएपछि अहिले नेपाली कम्युनिस्ट आन्दोलनका विभिन्न धाराका नेता कार्यकर्ताहरुले उहाँको शिघ्र स्वास्थ्य लाभको कामना गरिरहेका छन। उहाँको स्वास्थ्य स्थिति बुझ्न क्रान्तिकारी माओवादीका स्थानीय नेताहरु अस्पताल पुगेका छन। अस्पताललले थप उपचार सम्भव नरहेको भन्दै डिस्चार्ज गर्ने तयारी गरेको क्रान्तिकारी माओवादीकी नेतृ अम्बिका मुड्भरीले जानकारी दिनुभयो।

यसैबीच नेकपा (क्रान्तिकारी माओवादी) केन्द्रीय सल्लाहकार समितिका अध्यक्ष प्रा. डा. ओम गुरुङले उहाँको शिघ्र स्वास्थ्य लाभको कामना गर्दै एक बक्तब्य प्रकाशित गर्नु भएको छ। बक्तब्यमा उहाँले "नेपाली कम्युनिस्ट आन्दोलनका अग्रज, नेकपा (क्रान्तिकारी माओवादी)का केन्द्रीय सल्लाहकार तथा चितवन कम्युनिस्ट पार्टीका संस्थापक नेता जगतबहादुर श्रेष्ठे आफ्नै निवासमा लडेर गम्भिर घाइते हुनु भएको खबरले दुखित तुल्याएको छ। ९२ बर्षीय नेता श्रेष्ठको टाउकोमा गम्भीर चोट लागेकोले उपचारार्थ वहाँ हिजै विहान चितवनको नारायणगढस्थित अस्पातलमा भर्ना हुनु भएको छ। हामी वहाँको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछौ। स्मरण रहोस उहाँलाई अहिले अस्पत्तालबाट डिष्चार्ज गरी घरमै बेहोसको अवस्थामा हुनुहुन्छ।

## एमसीसी...

अधिवेशनबाट अनुमोदन गराउन गंभीर षडयन्त्र गरिरहेका छन्। आउने अधिवेशनमा पनि गत अधिवेशनमा जस्तै देशभक्त सांसदहरुले संझौताको विरोध गर्ने हुन् कि परिमार्जन गरिएको भन्ने नाममा त्यसको अनुमोदन गर्ने हुन् त्यसका लागि भने केही दिन पर्खनु पर्ने छ। देशभक्त नेपाली जनताले सरकारी पार्टीका सांसदहरुको भुमिका विगतमा जस्तै सकारात्मक हुनेछ भन्ने अपेक्षा गरेका छन्।"

एमसीसी संसदबाट अनुमोदन होइन खारेज गर्नुपर्नेमा जोड दिँदै वक्तव्यमा भनिएको छ, "ओली सरकारको यस प्रकारको षडयन्त्रकारी रवैयाको हाम्रो पार्टीले घोर विरोध तथा तीव्र भर्त्सना गर्दछ र उक्त राष्ट्रघाती सम्झौतालाई संसदबाट अनुमोदन होइन खारेज गराउन जोडदार माग गर्दछ। देशको राष्ट्रिय स्वाधीनतामाथि गंभीर आँच पुऱ्याउने र नेपाललाई शक्ति राष्ट्रहरुको युद्धभूमि बनाउने यस संझौताको खारेजीका लागि चारैतिरबाट फेरि पनि आवाज बुलन्द गर्न हाम्रो पार्टी सम्पूर्ण देशभक्त नेपाली जनतालाई हार्दिक आह्वान गर्दछ।"

*'अति भयो, अब जनआन्दोलनको तयारी गरौं'*

क्रान्तिकारी माओवादी सम्बद्ध देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालले राष्ट्रिय स्वाधीनता, जनतन्त्र र जनजीविकाको पछिल्लो अवस्थाको चर्चा गर्दै वर्तमान सत्ता, व्यवस्था र संविधान राष्ट्र र जनताका हितविरुद्ध प्रयोग भइरहेको र एकपछि अति बढ्दै गएको स्थितिमा जनआन्दोलनको अपरिहार्यतामा जोड दिएको छ। मोर्चाका केन्द्रीय अध्यक्ष सीपी गजुरेलले एक वक्तव्य जारी गर्दै 'यस्तो अवस्थामा अब अर्को जनआन्दोलनमा उत्रनु सिवाय अन्य कुनै विकल्प छैन' भन्नु भएको छ। र, जनआन्दोलनका निम्ति तयार रहन जनसमुदायलाई सार्वजनिक आव्हान समेत गर्नुभएको छ।

देशको पछिल्लो कारुणिक स्थिति उल्लेख गर्दै वक्तव्यमा भनिएको छ, "देश यतिखेर विकराल संकटको अवस्थाबाट गुज्रिरहेको छ। विदेशी शक्ति केन्द्रहरु, दलाल पुँजीपति र विचौलियाको निर्देशनमा संचालित यो सरकारको पालामा 'मर्न आँटें उपचार पाउँ !' भन्दा भन्दै सुत्केरी र कोभिड-१९ का विमारीहरुको ज्यान गएका, 'सास जान आँट्यो केही त खान पाउँ !' भन्दै विपन्न वर्गका मानिसहरुले प्राण त्याग्नु परेका घटनाले सञ्चार माध्यमह? रँगिएका छन्। भोको पेट लिएर स्वयम्सेवी संस्थाहरुद्वारा वितरण गरिएको खाना खान खुला मञ्चमा आएका भोका जनतालाई नजिकै धुमधाम साथ मनाइएको संविधान दिवसमा डिस्टर्ब हुन्छ भनेर प्रहरीले लखेटेको दृश्य देख्दा कसको मन नरोला ? सामान्य मागहरुलाई लिएर सडकमा उभिएका जनतामाथि प्रहरीले बजारेको लाठीको घटनाले यो संविधान जनताको होइन रहेछ भन्ने कुराको सर्वत्र चर्चा चलेको छ। विश्वका झण्डै २०० भन्दा बढी देशमा महामारीका रुपमा फैलिएको महाव्याधी कोरोनाको उपचार अब आइन्दा सरकारले नगर्ने, विरामी आफैंले गर्नु पर्ने भन्ने निर्लज्ज र चरम गैर जिम्मेवार फरमान् जारी गर्दैछ, यो सरकार। संसदमा पारित हुनबाट जोगिएको एमसीसी. सम्झौतामा अमेरिकी सरकार थोरै पछि हटेको देखाएर संसदको आगामी अधिवेशनबाट पारित गराउने खतरा देखिँदैछ। जनसंघर्षको दवाबबाट नेपालको नक्शा सार्वजनिक गरिएको भए पनि लिम्पियाधुरा, कालापानी र लिपुलेक माथि भारत सरकारले सिकन्जा झन् कस्दै लगेको छ , तर सरकार तमासे बनेर हेरिरहेको छ। कालापानीमा भारतीय सेना परेड खेलिनैरहेका छन्। साठी लाखभन्दा बढी युवाहरु बेरोजगार हुने अनुमान गरिँदै छ। तर रोजगारीको कुनै ठोस योजना छैन। राज्यको ढुकुटी भ्रष्टाचार र कमिशनबाट रित्तिने अवस्थातिर गैरहेको छ।"

आइतबार (२०७७/०६/०४ मा) जारी वक्तव्यको अन्तमा भनिएको छ, "समग्रमा, यो सरकारले गरेको अति अब खपिनसक्नु हुँदैछ। हामीले सरकारलाई जानकारी गराउने, सचेत गराउने, दवाब दिने सबै काम गरिसकेका छौं। संसदमा भएको कथित दुई तिहाईको दम्भ प्रदर्शन गर्नु बाहेक जनताको आवाज सुन्ने पक्षमा यो सरकार देखिँदैन। यस्तो अवस्थामा अब अर्को जनआन्दोलनमा उत्रनु सिवाय अन्य कुनै विकल्प छैन। त्यसैले, इतिहासका निर्माता नेपाली जनता सँग अर्को ऐतिहासिक जनआन्दोलनका निमित्त हर तरहले तयार रहन हामी विनम्रतापूर्वक अनुरोध गर्दछौं। अहिले जे भैरहेको भए पनि, अन्त्यमा जित नेपाली जनताको नै हुनेछ।"

***एमसीसी खारेजीको पक्षमा चार किसान संगठनको वक्तव्य***

नेपालका चार किसान संगठनहरुले एमसीसी सम्झौता खारेजीको माग गर्दै वक्तव्य जारी गरेका छन्। नेकपा (क्रान्तिकारी माओवादी) निकट अखिल नेपाल किसान महासंघ (क्रान्तिकारी)का अध्यक्ष सीताराम तामाङ लगायत अखिल नेपाल किसान महासंघ अफ्काका अध्यक्ष भैरवराज रेग्मी, अखिल नेपाल किसान यूनियनका इन्चार्ज लोकनारायण सुबेदी र अखिल नेपाल प्रगतिशील किसान संघका अध्यक्ष कृष्ण रानाले संयुक्त रुपमा जारी गरेको वक्तव्यमा नेपालको संसदमा विचाराधीन अवस्थामा रहेको अमेरिकी कम्पनीसँग गरिएको एमसीसी सम्झौता नेपालको हितमा छैन भन्ने कुरा यस सम्झौताको रणनीतिक उदेश्य र यस सम्झौतामा राखिएका अपमानजनक प्राबधान दुबै कारणले प्रमाणित हुन्छ र यसमा कुनै परिमार्जन गर्ने गुञ्जायश नभएको हामी चार किसान संगठनसँग संबिधान, कानुन तथा सम्झौताबिद्हरुले गरेको अन्तर-सम्बाद र दिएका सुझावरुले थप प्रष्ट पारेको भन्दै खारेजीको माग गरिएको छ।

वक्तव्यमा भनिएको छ, "अतः यो सम्झौताले नेपालको सार्बभौमिकता, संबिधान, सर्बोच्च अदालत र कानुनलाई मात्र लत्याउँदैन, संयुक्त राष्ट्र संघको घोषणापत्र, असंलग्न आन्दोलनको मर्म, भावना तथा अन्तर्राष्ट्रिय सन्धि र सम्झौताका मूल्य मान्यतालाई पनि लत्याउँने र नेपालको अस्तित्वलाई यूस-इण्डो धूरीको मातहतमा राख्ने, नेपाललाई शक्ति राष्ट्रहरुको अखडा बनाउने तथा नेपालको कुनै किसिमले पनि हित नहुने भएकोले हामी चार किसान संगठन यसको परिमार्जन या संसोधन जस्ता भ्रमपूर्ण कुरामा जनता र राष्ट्र अल्मल्याउने र यसलाई पारित गरेर नेपालमाथि अपूर्ब खतरा निम्त्याउने कुराको जोडदार बिरोध गर्दछौ, यसका बिरुद्ध संघर्ष गरिरहेका सबै साम्राज्यबाद बिरोधी शक्ति, समूह र संगठनहरुप्रति ऐक्यबद्धता दोहोर्याउँदछौ। यस्तो राष्ट्रघाती र खतरनाक सम्झौताको परिमाजर्न र संशोधनतिर नलागि यो सम्झौतालाई अस्वीकार र खारेजी गर्न पुनः जोडदार माग गर्दछौ।"

***एमसीसी खारेजीको माग गर्दै माइतीघर मण्डलामा विरोध प्रदर्शन***

नेकपा (क्रान्तिकारी माओवादी) निकट जनगणतान्त्रिक जिल्ला सम्पर्क समन्वय समितिको आयोजनामा आइतबार (असोज ४ गते) माइतीघर मण्डलामा विरोध प्रदर्शन गरिएको छ। विरोध प्रदर्शनलाई क्रान्तिकारी माओवादीका स्थायी समिति सदस्य तथा देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका महासचिव परि थापा, पार्टी केन्द्रीय सदस्य तथा अनेमसंघ (क्रान्तिकारी)की महासचिव शारदा महत, पार्टी केन्द्रीय सदस्य तथा अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासंघका महासचिव बसन्त बोगटी र जनगणतान्त्रिक जिल्ला सम्पर्क समन्वय समितिका संयोजक विष्णु खड्का लगायतका नेताहरुले सम्बोधन गरेका थिए। कार्यक्रममा नेताहरुले एमसीसी पास भए नेपालको राष्ट्रिय स्वाधीनता गुम्ने भन्दै कुनै पनि हातलमा यो सम्झौता खारेज गरिनुपर्नेमा जोड दिएका थिए।

## आलोपालो

# साँस्कृतिक क्रान्ति – ५

**नेपालको पहिलो कोरोनाको सिकार पनि अन्धविश्वासबाटै भएको कुरा मैले प्रमाण सहित "अन्धविश्वासको पराकाष्टा कोरोनाको पहिलो सिकार" भन्ने आर्टिकलमा उल्लेख गरेको छु**



**●रामबहादुर बुढा 'राजन' ●**

किबदन्ती अनुसार मानव इतिहासका विभिन्न कालखण्ड अन्तर्गत लिच्छवी कालिन राजा नरेन्द्रदेवको पालामा पानीका देवता नवनागलाई गुरु गोरखनाथले आफ्नो आशन बनाएर बसेपछि १२ वर्ष सम्म पानी नपरेर अनिकाल र भोकमरीले मानिसहरू हैरान भएको अवस्था थियो। हरेक व्यक्ति, समाज वा राष्ट्रलाई समस्या आउँछ त्यो समस्याको समाधानका उपाएहरूको खोजी गरिन्छ। त्यसै क्रम त्यस अवस्थामा त्यो समस्याको समाधान गर्ने कुरा त्यति सजिलो थिएन। गुरु गोरखनाथलाई कसैले हटाउन सक्ने हिम्मत पनि थिएन र आदेश पनि दिन कोही सक्दैनथ्ये तर गुरुले पनि १२ वर्ष सम्म पनि मानिसहरूको भोक र शोकका बारेमा चासो नदिएपछि उहाँलाई त्यी पानीका देवतालाई गोरख नाथको आसनबाट मुक्त गराई पानी वर्षा गराएर सकाल फर्काउन के गर्ने भन्ने कुरा खोज्दै जाँदा उनका गुरु 'वुंगध'वा रातो मच्छिन्द्रनाथ भारतको प्रसिद्ध मन्दिर काम रुप कामख्या गई उनलाई ल्याएर आई उनकालाई काठमाण्डौं भ्याली परित्रक्रमा गराएपछि गुरु गोरखनाथका गुरु रातो मछिन्द्रनाथलाई देख्ने छन् र ध्यानबाट उठेर आई गुरुचरण स्पर्श गर्नका लागि आउने छन् त्यसपछि पानीका देवता नवनाग मुक्त हुने छन् र वर्षा भई सकाल फर्कने छ भन्ने ध्ययका साथ महा तान्त्रीक कम्धुदत्त आचाजु ललित ज्यापु तथा कार्कोटन नागराजा समेत भारतको कामरुप कामाख्या गई रातो मछिन्द्रनाथलाई नेपाल भित्र्याएका थिए। राते मछिन्द्रनाथलाई देखेपछि गोरखना आफ्ना गुरुलाई देखि चरण स्पर्शको लागि ध्यानबाट उठेपछि नवनाग मुक्त भई वर्षा भएको थियो र सकाला फर्किएको थियो, भन्ने मान्यता रहि आएको छ।

यही आधारमा रातो मछिन्द्रनाथको रथयात्रा गर्ने परम्मरा अनुसार प्रत्येक वर्ष आमाको मुख हेर्ने दिनको दोश्रो दिन वा बैशाख महिनाको शुक्ल प्रतिपदा देखि शुरु भई असार शुक्ल चौथि सम्म करिब २ महिना सम्म ललितपुरको पुलचोकबाट शुरु भई काठ्माडौं उपत्यकाका विभिन्न स्थानहरुमा परिक्रमा गराईन्छ। पुलचोकबाट शुरु हुने रथ यात्राको पहिलो दिन रथलाई गाःबहाल पुऱ्याइन्छ। त्यहाँ एक दिन राखेर रथलाई सुनधारातर्फ लगिन्छ। सुनधारमा रथ लगेपछि त्यहाँ देगु जात्र मनाउने गरिएको छ। सुनधारबाट फेरी रथ महाबौद्ध र चागुवहाल हुँदै लगनखेल पुऱ्याइन्छ। लगनखेल पुऱ्याएपछि त्यहाँको दुलामाजु अर्थात मछिन्द्रनाथकी आमा रहेको विश्वास गरिने स्थानमा एकपटक परिक्रमा गराएर रथलाई लगनखेलमा २ दिन राख्ने गरिन्छ। लगनखेलबाट रथलाई तानीने दिनमा बली पुँजा गरिन्छ तर मछिन्द्रनाथले बलिपुजा स्वीकार नगर्ने भएकाले रथमा रहेका भैरवको नाममा यो बली दिईएको भन्ने मान्यता छ। लगनखेलबाट रथ लैजाने क्रममा दुलामाजुको दुईपटक परिक्रमा गराईन्छ।

लगनखेलबाट रथलाई पोडेटोलमा पुऱ्याईन्छ। रथ पोडेटोल पुऱ्याइएको भोली पल्ट साँझ रथको टुप्पोबाट नरिवल गुडाउने चलन छ। रथबाट खसालीएको नरीवल समाउने व्यक्तिलाई पुत्र लाभ हुने जनविश्वास रहि आएको छा नरिवल गुडाउने दिनलाई जात्राको सफलताका लागि कृतज्ञता व्यक्त गर्ने दिनका रुपमा पनि लिईन्छ। नरिवल गुडाईएको भोलिपल्ट बिहान एकल महिलाहरुले रथ तान्दछन र पोडेटोलकै चौबाटो सम्म पुऱ्याउँछन्। त्यहाँबाट रथलाई जाउलाखेल लैजना ज्योतिषबाट साईत हेरेर पलाघडी अनुसार साईत जुराई लैजाने चलन छ। जावला खेल रथ पुऱ्याउनु एक दिन अघिको रात रथबाट फेरी एक पटक नरिवल खसाल्ने चलन छ। जावलाखेलमा रथ पुऱ्याएको ३ दिन पछि भोटो देखाएर जात्राको समापन गनिछ। त्यसको एक दिन अघि सातवटा गाउँका बासिन्दाले पूजा गर्ने चलन छ। अन्तिम दिनको विहान अजिमाको पुजा गर्ने चलन छ। त्यस्तै सोही राति *बाँकी ७ पेजमा*

## जगतबहादुर...

पर्यन्त नेकपा क्रान्तिकारी माओवादीमा केन्द्रीय सल्लाहकार समिति सदस्यको रुपमा खडा हुनु हुन्छ। कमरेड जगत बहादुर श्रेष्ठ विभेद अन्याय र अत्याचार विरुद्धको संघर्षमा हमेशा खडाहुनुभयो। २००८ सालतिर काठमाडौंमा चलेको जयतु संस्कृत आन्दोलन र २००९ मा पश्चिममा भीमदत्त पन्तको नेतृत्वमा चलेको किसान संघर्ष र त्यसको देशव्यापी प्रभावले उहाँलाई थप आन्दोलित बनाइदियो। यसै संदर्भमा गोर्खामा विद्यार्थी आन्दोलनको नेतृत्व गर्ने क्रममा २०१० सालमा पक्राउ र जेलसमेत परेपछि उहाँ कम्युनिस्ट आन्दोलनमा सकृय हुनु भएको पाइन्छ। २०११ सालमा कम्युनिस्ट पार्टीको सदस्य भएपछि आज पर्यन्त उहाँ क्रान्तिकारी विचारवाट कहिल्यै विचलित हुनु भएन। २०१२ सालमा मनामोहन अधिकारीले सम्वैधानिक राजतन्त्र मान्ने आत्मसमर्पणको वाटो लिदा होस वा दोस्रो महाधिवेशन पछि रायमाझीको राजावादी लाइनको विरुद्धमा मात्र होइन तेस्रो महाधिवेशनपछि महासचिव तुलसिलालको दक्षिणपन्थी र पुस्पलालको काङ्ग्रेसपरस्त राजनीतिको विपक्षमा सदैव जगत वा खडा भैरहनु भयो। चौथो महाधिवेशन पछि लामाको शुधारवादी चिन्तन र दक्षिणपन्थी झुकाव तथा मोहन विक्रमको छद्म अवसरवादको विरुद्धमा समेत उहाँ खडा हुनु भयो। यसरी माओवादी आन्दोलन भित्र प्रचण्ड बाबुरामको दक्षिणपन्थी आत्मसमर्णवाद र वामपन्थी विसर्जनवादको विपक्षमा खडा हुँदै यहाँसम्म आइपुग्दा कमरेड जगत बहादुर श्रेष्ठले बैचारिक रुपमा मार्क्सवाद-लेनिनवाद-माओवाद, दर्शनमा द्वन्द्वात्मक ऐतिहासिक भौतिकवाद तथा सर्वहारावर्र्गीय दृष्टिकोण, त्यसका समग्र रणनीति र कार्यनीति सहित चल्ने वर्गसंघर्षका वर्र्गीय विचारधारात्मक पक्षधरताको पक्षमा जिवनपर्यन्त लाग्नु भयो। यस अर्थमा मालेमावादी दृष्टिकोणको हिसावले उहाँको जीवन पूर्ण र सार्थक रहन पुग्यो। आफ्नो राजनीतिक जीवनकाल भरि नै कमरेड जगत बहादुर श्रेष्ठ व्यवहारमा पार्र्टी जीवनको अत्यन्तै महत्त्वपूर्ण अंग बनिरहनु भयो। भुमिगत कालभरी नै उहाँको घर पार्र्टीको सम्पर्क स्रोत र मिनिहेडक्वाटर जस्तै रहयो। एकीकृत चौम कालमा पुर्र्वी क्षेत्रका सामग्रीहरु कमरेड जयगोविन्द शाहहरुले जगत वा मार्फत पार्र्टी हेडक्वाटर पुर्याउने गर्नुहुन्थ्यो। महामन्त्री कमरेड मोहनविक्रम सिंहले गोरखपुर हेडक्वाटरवाट पार्र्टीका डकुमेन्टहरु नेपालका विभिन्न जिल्लामा पठाउनु पर्र्यो भने जगत वा मार्फत नै पठाउने गर्नु हुन्थयो। नारायणगढमा रहेको उहाको मो मो पसलको ठेगाना र संपर्कको वारेमा पुराना चौम कालिन सम्पुर्ण नेताकार्यकर्ताको मानसपटलवाट अझै ताजै रहेको पाइन्छ। माओवादी जनयुद्धकालमा पनि उहाको घर माओवादी सुचनाकेन्द्र र अघोषित कार्यालय जस्तै रहयो। त्यतिमात्र होइन उहाँको घर पार्र्टीको महत्त्वपूर्ण कोषकेन्द्र समेत रहिरहयो। भुमिगत कालमा पार्र्टीका कार्यकर्ता पाल्ने कतै जानुपर्दा बाटाखर्चको व्यवस्था गरिदिने घरको रुपमा उहाँको मम पसललाई लिइने गरिन्छ। नारायणगढ बजारमा मम पसल खोलेर परिवारको पालनपोषण गर्ने पार्र्टी कार्यकर्तालाई सेल्टरको व्यवस्था मिलाउने र खर्चको व्यवस्था गर्ने काम सामान्य दृष्टिकोण भएको मान्छे वाट संभव हुने कुरा पनि थिएन। तर यो असामान्य कामको आजिवन जिम्मेवारी बहन गर्ने कमरेड जगत बा सफल हुनुभयो।

माओवादी जनयुद्धमा सहभागी भएको कारण उहाँलाई जनयुद्धकालभरी राज्यसत्ताले सताईरहयो। कहिले छोरालाई पक्राउ गरेर दुस्ख दिने, कहिले घर खनतलासी गर्ने, कहिले परिवारका सदस्यलाई मानसिक तनाव दिने जस्ता कामले जनयुद्धकालभरि उहाँको परिवार र उहाँलाई सताइरहयो। पटक पटक गिरफ्तार गर्ने र चरम यातना दिने कार्यले उहाँलाई युद्धकालभरी पछ्याइरहयो। पल पलको मृत्युलाई जित्दै सदैव क्रान्ति र क्रान्तिकारी विचारको रक्षामा उहाँ सतिसाल जस्तै गरि खडा भैइरहनु भयो। यी र यसप्रकारका उहाँका जीवनका सिकाइ र भोगाइका बहुआयमिक पक्ष आजका नयाँ पुस्ताका युवाहरुको लागि असाध्यै ठुलो शिक्षा र मार्गदर्शन बन्न सक्छन। नेपाली कम्युनिस्ट आन्दोलनमा कमरेड जगत बहादुर श्रेष्ठको बहुआयमिक भुमिका रहेको छ। राजनीतिक आन्दोलमा सहभागिता, सांगठनिक सक्रियता र व्यवस्थापकिय भुमिकाका अलावा शिक्षा संस्कृति, साहित्य र कलाको क्षेत्रवाट पनि उहाँले धेरै महत्त्वपूर्ण भुमिका खेल्नु भएको पाइन्छ। गोर्खामा रहदा देखिनै शिक्षण पेशामा आवद्ध जगत बा चितवन जिल्ला झरेपछि पनि उक्त क्षेत्रमा सक्रिय रहनु भएको पाइन्छ। शिक्षकको रुपमा चितवन माविको स्थापना, विरेन्द्र क्याम्पसको स्थापना, सप्तगण्डकी कलेजको स्थापनामा उहाँको महत्त्वपूर्ण र अग्रणी भुमिका रहेको पाइन्छ। त्यस्का अलावा चितवनको प्रगतिवादी साहित्यमा पनि उहाँको अभिभावकीय भुमिका रहदै आइरहेको छ। कथा, कविता र निबन्ध लगायतका लेख र रचनाहरुको माध्यमवाट समाजमा रहेका तमाम विकृति विसंगतिको विरोध गर्नु, कान्ति र क्रान्तिकारी विचारको पक्षपोषण गर्दै शाषक जाति वर्ग र उस्को सत्ताको विरुद्ध विद्रोहको रक्तसञ्चार प्रवाह गर्नु तथा जनताको जनजिविका र देशभक्तिपूर्ण भावनाको विकास र संदेश प्रभाह गर्नुमा उहाँका साहित्यका कृतिहरुको मुख्य भुमिका रहेको पाइन्छ। निबन्धसंग्रह, कवितासंग्रह लगायत थुप्रै उहाँका प्रकाशित कृतिहरुले अग्रगमन न्याय र समानताको पक्षपोषण गरिरहन्छन। साथसाथै उहाँले पत्रकारिता र प्रेश स्वतन्त्रताको आन्दोलनमा पनि भुमिका खेल्दै अइरहनु भएको पाईन्छ। पारिवारिक रुपमा अहिले जगत बा तीन छोरा वुहारी र सात नाती नातिना सहित संगोलमा वस्दै आउनु भएको छ। उहाँको जेठो छोरो सागर र माइलो छोरो समिर बुहारी लक्ष्मी अमेरिका हुनुहुन्छ। जेठी बुहारी यमुना, कान्छो छोरो सुधिर र बुहारी सीता साथमै हुनुहुन्छ भने जीवनसाथी नरदेवी श्रेष्ठको २०७२ सालमा निधन भयो। कमरेड जगत बहादुर श्रेष्ठ ९२ वर्षको हुनुहुन्छ। अब आउदो कार्तिक २२ गते उहाँ ९३ वर्षमा लाग्नुहुन्छ। यो उमेर प्राप्त गर्ने अवसर निकै थोरै मानिसलाई मात्रै मिल्छ। मार्क्सवादी दृष्टिकोणमा को मान्छे कति उमेर बाच्छ वा बाच्दैन ? त्यो त्यति महत्वपूर्ण प्रश्न होइन महत्त्वपूर्ण प्रश्न त ऊ जीवनपर्यन्त क्रान्तिकारी भइरहन सफल भयो कि भएन ? भन्ने हुन्छ। जगत बा को घरमा म आफु केहिदिन अगाडि पुग्दा समेत उहाँ मार्क्सवादी साहित्यका पुस्तकहरु कापि र कलमहरुको विचमा हुनुहुन्थ्यो। उहाँ राष्ट्रियता जनतन्त्र र जनजिविकाको पक्षमा निरन्तर कलम चलाइरहनु हुन्थ्यो। क्रान्ति र संघर्षको अविचलित यात्रामा नथाकिकन लागिरहन हामी सबैलाई हौषला प्रेरणा र उर्जा थपिदिइरहनु हुन्थ्यो। युवाहरुलाई क्रान्तिको भोक जगाउने र उनीहरुको दृष्टिकोणमा क्रान्तिकारी आशावाद जगाउन उहाँ असाध्यै निपुण हुनुहुन्थो। ९२ वर्षको बृद्धअबस्थामा पनि आधुनिक सामाजिक संजालको माध्यमवाट राष्ट्रियता जनतन्त्र र जनजिविकाको पक्षमा निरन्तर लेख्दै र अविव्यक्ति दिदै आइरहनु भएको थियो। अन्तमा समग्र हिसावले हेर्दा जीवन र जगतको प्रक्रियागत परिक्षामा कमरेड जगत बहादुर श्रेष्ठ उतीर्ण हुनु भएको छ। अहिलेको क्रान्तिकारी आन्दोलनको खडेरीको वेला आजको युवापुस्ता र समग्र क्रान्तिकारीहरुको लागि कमरेड जगत बहादुर श्रेष्ठ एउटा विशाल विश्वविद्यालय हो। यो पुस्ताले उहाँवाट क्रान्तिकारी निष्ठा आदर्ष, राजनीतिक प्रतिवद्वता , त्याग, धैर्यता, आशावाद तथा वलिदानी भवना लगायत थुप्रै थुप्रै क्रान्तिका आचरण व्यवहार र कार्यशैली सिक्न जरुरी हुन्छ। एउटा असल अविचलित र निष्ठवान तथा आदर्शशील क्रान्तिकारी योद्वा भएकै कारणले मालेमावादको विरुद्धमा खडा भएका तमाम अवसरवादी सोच विचार चिन्तन र दृष्टिकोणलाई उहाँले जित्नुभयो। क्रान्तिकारी विचारको पक्षमा उभिदा जीवनको गोरेटोमा आउने सबै विघ्न वाधा र कठिनाइहरु झल्दै अगाडि वड्नुभयो र जीवन देखि जगतसम्मको लडाई जित्नु भयो। अब उहाँले हार्न बाँकि केही पनि छैन तर अफसोच !! यतिवेला उहाँ मृत्युसंग निरन्तर हार्दै गइरहनु भएको छ। तर फेरि पनि जीवनका सबै घटनाक्रमलाई हेर्दा मृत्युसंग उहाँ लडिरहनु भएको छ, हार्न मानिरहनु भएको छैन, मृत्युका अगाडि कारयरतापुर्वक हात उठाएर घुडा टेक्दै आत्मसमर्ण नगर्ने प्रतिवद्वताका साथ उहाँ लडिरहनु भएको छ। अन्तिम लडाईमा जिते जीवन हुन्छ हारे वलिदान। तपाईं लड्नुस जगत बा !! हार्दै नहार्नुस !!! यो लडाईमा जिते त जित भैहाल्यो, हारे तापनि तपाईंकै यो जित हुदैछ। यो अन्तिम जितको लागि तपाईंलाई लाख लाख शुभकामना छ कमरेड जगत बा। हार्दिक शुभकामना !!

*२०७७ असोज ३ भरतपुर*
*चितवन*

# देशभक्त जनगणतान्त्रिक मोर्चा नेपालका अध्यक्ष सी.पी. गजुरेलद्वारा पशुपति आचार्यको निधनमा श्रद्धाञ्जली व्यक्त



काठमाडौं। देशभक्त जनगणतान्त्रिक मोर्चा नेपालका पूर्व केन्द्रीय सदस्य सुनसरी जिल्ला निवासी पशुपति आचार्यको निधनमा देशभक्त जनगणतान्त्रिक मोर्चा नेपालका अध्यक्ष सी.पी. गजुरेलद्धारा श्रद्धाञ्जली व्यक्त गरिएको छ, जसको पूर्ण पाठ तल दिइएकोछ :

हार्दिक श्रद्धाञ्जली

१ नम्बर प्रदेश सुनसरी जिल्ला निवासी पशुपति आचार्यको यहि २०७७ साल असोज १ गते ५३ वर्षको उमेरमा निधन भएको खवरले हामीलाई अत्यन्त दःुखित तुल्याएको छ। वहाँ एकजना सकृय वामपन्थीका साथै हाम्रो संगठनका पूर्व केन्द्रीय सदस्य हुनुहुन्थ्यो। उहाँको असामयिक निधन प्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै शोकाकुल परिवार जनप्रति गहिरो समवेदना व्यक्त गर्दछौं।

*सी.पी. गजुरेल*
*अध्यक्ष*
*मिति २०७७/०५/०२*








**नोवेल कोरोना भाइरस (COVID-19) सामान्य रुघाखोकीभन्दा जटिल संक्रमण हो, हालसम्म यसको उपचारको लागि औषधी पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो।**

**यसबाट बच्ने उत्तम उपायहरू :**

- कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले र पछि साबुन पानीले राम्रोसँग हात धुने,
- अनावश्यक रूपमा घर बाहिर भिडभाडमा नजाने,
- खोक्दा र हाछ्युँ गर्दा नाक र मुख कुहिनोले छोप्ने,
- कुनै पनि व्यक्तिसँग तीन फिटको दुरी कायम गर्ने,
- जंगल तथा घरपालुवा पशुपन्छीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने,
- सकेसम्म पशुजन्य मासु नखाने,
- ज्वरो, रुघा र खोकी तथा स्वासप्रस्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने
- कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु जम्माखोरी, कालोबजारी तथा लुकाइराखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने ।



**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रसारण विभाग**


**प्रकाशक** : वर्गदृष्टि मिडिया प्रा.लि., **प्रबन्ध निर्देशक** : हुकुमबहादुर सिंह, **सम्पादक** : इन्द्रबहादुर राउत, **फोटोः** जय दाहाल, **कार्यालय** : काठमाडौं-१०, बुद्धनगर **सम्पर्क नं.** : ९८५१०७६८६४, ०१-५२६०११२ **इमेल** : bargadristi073@gmail.com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं।